# सहायक पुरोहित

## छोटो अवधिको

## पाठ्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**पाठ्यक्रम विकास महाशाखा**

सानोठिमी, भक्तपुर

२०७२ आषाढ

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| परिचय | ३ |
| लक्ष्य | ३ |
| उद्देश्यहरू | ३ |
| तालीम अवधि | ३ |
| प्रशिक्षार्थी सङ्ख्या | ४ |
| लक्षित समूह | ४ |
| प्रशिक्षणको माध्यम | ४ |
| हाजिरीको स्वरूप | ४ |
| प्रवेशका आधारहरू | ४ |
| सीप परीक्षणमा व्यवस्था | ४ |
| प्रमाण पत्र | ४ |
| प्रशिक्षकको योग्यता | ४ |
| प्रशिक्षक प्रशिक्षार्थी अनुपात | ४ |
| तालीम संचालन गर्न आवश्यक भौतिक पूर्वाधारहरू | ४ |
| सीप तालीमको लागि सुझाव | ५ |
| अन्य सुझावहरू | ५ |
| पाठ्य संरचना | ६ |
| कर्मकाण्डको परिचय | ७ |
| नित्य कर्म | ८ |
| पूजाको प्रारम्भिक कर्म | १५ |
| पूजाको आधारभूत सामग्रीको तयारी | १२ |
| सामान्य यज्ञमण्डप निर्माण | २३ |
| रङ्गवली (रेखी) को रचना | २७ |
| आधारभूत पूजन कर्म | ३१ |
| सत्यनारायाण पूजा | ३९ |
| अग्निस्थापना कर्म | ४४ |
| उतराङ्ग कर्म | ५५ |
| एकोद्दिष्ट श्राद्ध | ६२ |
| सञ्चार तथा व्यवसायिकता विकास | ६९ |
| सञ्चार | ७० |
| ब्यावसायिकता विकास | ७३ |
| उद्यमशिलता विकास | ७५ |
| व्यवसायमा आवश्यक तालीम गुणस्तर सूचक | ७६ |
| सामान्य गुणस्तर सूचक | ७७ |
| प्रकृयागत तह | ७८ |
| परीणाम/उपलब्धी तह | ८० |
| आवश्यक सामग्रीहरु | ८१ |
| आवश्यक स्टेशनरी/विविध सामग्रीहरु | ८२ |
| पाठ्यक्रम निर्माणमा सहभागी विज्ञहरु | ८३ |

## परिचय

संस्कार, संस्कृति, चाडपर्व, मेला र जात्रा राष्ट्रिय पहिचानका द्योतक हुन् । यिनीहरूले राष्ट्रलाई समृद्ध बनाउने मात्र नभएर एकताबद्ध पनि बनाइराख्छन् । नेपालमा हिन्दु धर्मका साथै अन्य धर्मसम्प्रदायहरू पनि परस्पर मिलेर रहेका छन् । यहाँ धार्मिक सहिष्णुता छ । यहाँ हिन्दु, बौद्ध, जैन, शिख, शैव, वैष्णव, शाक्त किरात आदि सबैले जन्मदेखि मृत्युसम्मका संस्कारकर्म गर्दछन् । अतः नेपाली समाजले संस्कार, संस्कृति, चाडपर्व, मेला र जात्रासँग सम्बद्ध कर्मकाण्डलाई विशेष महत्व दिइआएको पाइन्छ । कर्मकाण्डसम्बद्ध उल्लिखित पक्षका मूल ग्रन्थ संस्कृत भाषामा लिपिबद्ध छन् तर संस्कृत व्याकरणअनुसार विभक्ति मिलाई शुद्धसँग कर्मकाण्ड गर्ने गराउने मानिस दुर्लभ नै भइसकेका छन् । यसले गर्दा आफ्नो संस्कृति, धर्म, रहनसहनमा समेत नकारात्मक असर परी हाम्रो अस्मिता नै हराउँदै जाने स्थिति देखा पर्न लागेको छ ।

नेपालमा प्रचलित नामकरणादि संस्कार, चाडपर्व र जात्राहरू हाम्रा पहिचान हुन् । तिनीहरूलाई जोगाउनु भनेको आत्मा, संस्कृति र आफ्नो अस्तित्वलाई जोगाउनु हो । हाम्रो देशको यो अस्तित्व र पहिचान हाम्रा संस्कार एवम् संस्कृतिका आधारमा मात्रै बाँच्न सक्छन् । कर्मकाण्डलाई जोगाउन र हाम्रो समाजमा सम्मानित राख्न त्यसको पठनपाठन, प्रशिक्षण र प्रोत्साहन समेत हुनु अत्यन्त आवश्यक छ । हरेक राष्ट्रले आफ्नो अस्तित्व र अस्मिता जोगाउन त्यसलाई यथोचित संरक्षण दिनु राष्ट्रिय हितका दृष्टिले अनिवार्य कर्तव्य हो । यसै सत्य र तथ्यका आधारमा कर्मकाण्ड विषयलाई महत्त्व दिई व्यावसायिक सिप हासिल र तालीम सञ्चालनको आधारभूमिका रूपमा यो पाठ्यक्रम विकास गरिएको हो ।

कर्मकाण्ड विषयको पाठ्यक्रम निर्माण गर्दा नित्य, नैमित्तिक तथा काम्य कर्मका आधारभूत पक्षलाई विशेष जोड दिइएको छ । शौच, स्नान, सन्ध्या, जप, होम, स्वाध्याय, देवतार्चन र वलिवैश्वदेव जस्ता कर्महरू नित्य कर्मअन्तर्गत रहेका छन् भने दुर्गापूजा, लक्ष्मीपूजा जस्ता तोकिएको दिन र तोकिएकै समयमा (निमित्तवश) गरिनुपर्ने कर्म नैमित्तिक कर्मअन्तर्गत रहेका छन् । गृहप्रवेश, अग्निस्थापना जस्ता फलको इच्छा राखेर गरिने कर्म काम्य कर्मअन्तर्गत रहेका छन् भने पञ्चाङ्ग तथा सङ्कल्प ज्ञान, पूर्वाङ्ग कर्म तथा उत्तराङ्ग कर्म जस्ता सबै कर्मलाई अत्यावश्यक पर्ने विषयक्षेत्र विशेष कर्मअन्तर्गत रहेका छन् । उल्लिखित सबै क्षेत्रको सन्तुलित प्रयोग गरी सहायक पुरोहितका लागि यो पाठ्यक्रम निर्माण गरिएको हो ।

## लक्ष्यः

स्थानीय तथा राष्ट्रिय आवश्यकता अनुसार कर्मकाण्ड गर्ने सहायक पुरोहित उत्पादन गर्ने ।

## उद्देश्यहरूः

यो तालीम प्राप्त गरिसकेपछि प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न समर्थ हुनेछन्-

- कर्मकाण्डमा प्रयोग हुने मन्त्रहरु शुद्ध रूपमा उच्चारण गरी विभिन्न कर्महरु विधिपूर्वक सम्पन्न गर्न
- नित्यकर्म गर्न/गराउन
- पूजाको आधारभूत सामाग्री तयार गर्न/गराउन
- सामान्य यज्ञ मण्डप निर्माण गर्न/गराउन
- रङ्गवली (रेखी) रचना गर्न
- आधारभूत पूजन कर्म गराउन
- सत्यनारायण पूजा गराउन
- अग्नि स्थापनकर्म गराउन
- उत्तराङ्ग कर्म गराउन
- एकोद्दिष्ट श्राद्ध गराउन
- आवश्यक संचार गर्न
- व्यवसायिकता विकास गर्न
- उद्यमशीलता विकास गर्न ।

## तालीम अवधिः

- ६७० घण्टा ।

**प्रशिक्षार्थी सङ्ख्याः**

- अधिकतम २० जना ।

**प्रशिक्षणको माध्यमः**

- नेपाली ⁄ संस्कृत ।

**हाजिरीको स्वरूपः**

- सैद्धान्तिकः ८० प्रतिशत ।
- व्यावहारिकः ९० प्रतिशत ।

**प्रवेशका आधारहरूः**

- उपनयन संस्कार भई नेपाली तथा संस्कृत लेखपढ गर्न सक्ने व्यक्तिहरू ।
- शारिरिक तथा मानसिक स्वस्थता भएका व्यक्तिहरू ।
- न्यूनतम उमेर : १६ वर्ष पुगेका व्यक्तिहरू ।

**सीप परीक्षणमा व्यवस्थाः**

यो तालीमको प्रमाणपत्र प्राप्त गरेका प्रशिक्षार्थीहरूले राष्ट्रिय सीप परीक्षण समितिद्वारा निर्धारण गरिएको मापदण्ड पूरा गरेमा **सहायक पुरोहित** पेशाको तह १ को सीप परीक्षण परीक्षामा सहभागि हुन सक्नेछन् ।

**प्रमाण-पत्रः**

यो तालीम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीहरूलाई सम्बन्धित तालीम दिने संस्थाले **"सहायक पुरोहित"** को प्रमाण–पत्र प्रदान गर्नेछ ।

**प्रशिक्षकको योग्यताः**

- वैदिक मन्त्रोच्चारणसहित कर्मकाण्ड सम्बन्धी व्यवसायमा कम्तिमा ५ वर्षको अनुभव भएको ।
- संस्कृत व्याकरण अनुसार विभक्ति मिलाएर कर्मकाण्ड सम्बद्ध वाक्य, अनुच्छेद रचना र प्रयोग गर्न सक्ने ।
- राम्रो सञ्चार तथा प्रशिक्षण सीप भएको ।

**प्रशिक्षक-प्रशिक्षार्थी अनुपातः**

- प्रयोगात्मक कक्षा : - १ प्रशिक्षक : १० प्रशिक्षार्थी
- सैद्धान्तिक कक्षा : कक्षा कोठाको अवस्थानुसार ।

**तालीम संचालन गर्न आवश्यक भौतिक पूर्वाधार (भवन तथा कोठाहरू):**

| | | |
|---|---|---|
| क. कार्यालय कोठा | – | १ वटा |
| ख. कक्षा कोठा २० जना अट्ने<br>(कम्तीमा प्रति प्रशिक्षार्थी १ वर्गफिट स्थानको हिसाबले २० वर्ग फिटको कक्षा कोठा हुनुपर्नेछ । कक्षा कोठामा पर्याप्त प्रकाश तथा हावाको व्यवस्था हुनुपर्नेछ ।) | – | १ वटा |
| ग. आगन्तुक कक्ष | - | १ वटा |
| घ. प्रशिक्षक तयारी कक्षा | - | १ वटा |
| ङ. कर्मकाण्ड गर्ने निर्धारित स्थान<br>(कम्तीमा प्रति प्रशिक्षार्थी १० वर्गफिट स्थानको हिसाबले २० वर्ग फिटको कार्यशाला हुनुपर्नेछ) | - | १ वटा |
| च. आवश्यक सामग्री एवं सर सामान राख्ने तथा दिने ⁄ लिने कोठा | - | १ वटा |

**सीप तालीमको लागि सुझावः**

१. कार्य सम्पादन प्रदर्शन गर्ने

- कार्य सम्पादन स्वाभाविक गतिमा प्रदर्शन गर्ने ।
- क्रमानुसार कार्यसम्पादन कदमक्रमहरू मन्द गतिमा मौखिक वर्णन गर्दै प्रश्नोत्तर विधि अपनाएर प्रत्येक कार्य सम्पादन कदमक्रमहरूलाई प्रशिक्षार्थी समक्ष प्रदर्शन गर्ने ।
- आवश्यकतानुसार दोहोर्‍याउने वा तेहेर्‍याउने ।
- अन्तिम पटक कार्यसम्पादन प्रदर्शन गर्ने ।

२. प्रदर्शित कार्य सम्पादन अभ्यास गर्न प्रशिक्षार्थीहरूलाई यथेष्ट मौका दिने

- प्रशिक्षार्थीहरूलाई पथ प्रदर्शीत अभ्यास (गाईडेड प्राक्टिस) गराउने ।
- कार्य अभ्यासको क्रममा प्रशिक्षार्थीहरूलाई कदम कदममा सहयोग वा पथ प्रदर्शन (गाईड) गर्ने ।
- कार्य सम्पादन गर्न निपूर्ण हुनका लागि प्रशिक्षार्थीहरूलाई दोहोर्‍याउने वा पुनः दोहोर्‍याउने मौका प्रदान गर्ने
- दिईएको कार्य सम्पादन गर्न प्रशिक्षार्थीहरू निपूर्ण भएपछि मात्र प्रशिक्षकले अर्को कार्य सम्पादन प्रदर्शन गर्ने

(**घ) अन्य सुझावहरूः**

१. सीप तालीमका सिद्धान्तहरू प्रयोग गर्ने ।
२. प्रशिक्षण गर्दा २० प्रतिशत समय सैद्धान्तिक र ८० प्रतिशत समय प्रयोगात्मक कक्षामा प्रयोग गर्ने ।
३. वयश्क सिकाईका सिद्धान्तहरू प्रयोग गर्ने ।
४. आन्तरिक अभिप्रेरणाका सिद्धान्तहरू प्रयोग गर्ने ।

# पाठ्य संरचना
## सहायक पुरोहित

| क.सं | मोड्यूल/सब-मोड्यूल | स्वभाव | समय (घण्टा) | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | व्यावहारिक | जम्मा |
| **मोड्यूल:१** | **परिचय** | सै | ६० | | ६० |
| **मोड्यूल: २** | **नित्यकर्म** | सै+व्या | १५ | २५ | ४० |
| **मोड्यूल: ३** | **पूजाको प्रारम्भिक कर्म** | | | | |
| | सब मोड्यूल ३.१: पूजाको आधारभूत सामाग्री | सै+व्या | १० | ३५ | ४५ |
| | सब मोड्यूल ३.२: सामान्य यज्ञ मण्डप निर्माण | सै+व्या | ५ | ३० | ३५ |
| | सब मोड्यूल ३.३: रङ्गवली (रेखी) को रचना | सै+व्या | ५ | ४० | ४५ |
| **मोड्यूल: ४** | **आधारभूत पूजन कर्म** | सै+व्या | १५ | ६५ | ८० |
| **मोड्यूल: ५** | **सत्यनारायण पूजा** | सै+व्या | १० | ३५ | ४५ |
| **मोड्यूल: ६** | **अग्नि स्थापनकर्म** | सै+व्या | २० | १३५ | १५५ |
| **मोड्यूल: ७** | **उत्तराङ्ग कर्म** | सै+व्या | ७ | २३ | ३० |
| **मोड्यूल: ८** | **एकोद्दिष्ट श्राद्ध** | सै+व्या | १३ | ६२ | ७५ |
| **मोड्यूल: ९** | **अन्य व्यवस्थापन** | | | | |
| | सब मोड्यूल : ९.१ संचार | सै+व्या | ३ | ७ | १० |
| | सब मोड्यूल : ९.२ व्यवसायिकता विकास | सै+व्या | ४ | ६ | १० |
| **मोड्यूल:१०** | **उद्यमशीलता विकास** | सै+व्या | १८ | २२ | ४० |
| | **जम्मा** | | **१९०** | **४८०** | **६७०** |

सै= सैद्धान्तिक
व्या= व्यावहारिक

# मोड्यूल : १ कर्मकाण्डको परिचय

| समय :  ६० घण्टा (सै) |
|---|
| **वर्णन:**<br><br>यसमा कर्मकाण्डको परिचयसँग सम्बन्धित ज्ञानहरू समावेश गरिएका छन् ।<br><br>**उद्देश्यहरू:**<br>यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू कर्मकाण्डसँग सम्बन्धित निम्न ज्ञानहरू बुझ्न/गर्न समर्थ हुनेछन् ।<br>• कर्मकाण्डमा गरिने विभिन्न कर्महरु विधिपूर्वक गर्न, यसको परम्परा, सामाजिक, धार्मिक, साँस्कृतिक, महत्त्व, आवश्यकता तथा उपयोगिता<br>• श्रौत र स्मार्त कर्म, (यज्ञ, अनुष्ठान, पूजा र चाँडपर्व)<br>• नित्य, नैमित्तिक  र काम्य कर्म (वार्षिक व्रत पर्वहरू, सकाम, निष्काम, शान्तिक, र पौष्टिक)<br>• शास्त्रको सामान्य परिचय (वेद, वेदाङ्ग, कर्मकाण्ड, पुराण, धर्मशास्त्र, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, शुल्वसूत्र, आह्निक)<br>• पञ्चाङ्ग प्रयोग (तिथि, नक्षत्र, योग, करण, वार, अयन, संवत्सर, मास, पक्ष, ऋतु, ग्रहस्थितराशि, मुहूर्त)<br>• नामकरण (इष्टघटी, भयात, भभोग, नामाद्यक्षर पहिचान)<br>• सन्धि, शब्द तथा धातु रूपावली एवम् आवश्यक प्राविधिक शब्दावलीको ज्ञान र प्रयोग मन्त्रोच्चारण (वैदिक र पौराणिक) विधि |

# कार्य विश्लेषण

## (नित्यकर्म)

# मोड्युल : २ नित्यकर्म

| समय : १५ घण्टा (सै) + २५ घण्टा (ब्या) = ४० घण्टा |
|---|

**वर्णन:**

यसमा नित्यकर्मसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्देश्यहरू:**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू नित्यकर्मसँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन्

१. नित्याचार कर्म गर्न
२. शौचाचार कर्म गर्न
३. प्रातःस्तुति गर्न
४. प्रातःस्नान गर्न
५. सन्ध्यावन्दन गर्न
६. पाञ्चायन पूजा गर्न
७. पञ्च महायज्ञ गर्ने
८. भोजन विधि गर्न
९. शयन विधि गर्न ।

**कार्यहरू:**

१. नित्याचार कर्म गर्ने
२. शौचाचार कर्म गर्ने
३. प्रातःस्तुति गर्ने
४. प्रातःस्नान गर्ने
५. सन्ध्यावन्दन गर्ने
६. पाञ्चायन पूजा गर्ने
७. पञ्च महायज्ञ गर्ने
८. भोजन विधि गर्ने
९. शयन विधि गर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : १ घण्टा
कूल समय : २ घण्टा

**निर्दिष्ट कार्य १: नित्याचार कर्म गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ब्राह्म मुहूर्तमा उठ्ने ।<br>२. मन्त्रोच्चारणपूर्वक हातको अग्रभागमा लक्ष्मी, मध्यभागमा सरस्वती र मूलभागमा ब्रहमाको क्रमशः दर्शन हुने गरी हस्त दर्शन गर्ने ।<br>३. मन्त्रोच्चारणपूर्वक भूमि वन्दना गर्ने<br>४. माङ्गलिक वस्तुको दर्शन गर्ने । | **अवस्था (दिइएको):**<br>शयनकक्ष, लक्ष्मी, सरस्वती, ब्रह्माको तस्वीर तथा अन्य मांगलिक वस्तुहरु ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>नित्याचार कर्म गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● ब्रह्म मुहूर्तमा उठी विधिपूर्वक कार्य सम्पादन गरिएको ।<br>● शुद्ध मन्त्रोच्चारण गरी क्रमबद्ध रूपमा हस्तदर्शन भूमिवन्दना र मांगलिक वस्तुको दर्शन गरिएको । | ● नित्याचारका छ कर्मका परिचय, महत्व र उपयोगिता ।<br>● नित्यकर्ममा उपयोग हुने मन्त्रहरू सम्बन्धी ज्ञान ।<br>● मांगलिक वस्तुहरूका वारेमा ज्ञान । |

**सामग्री तथा उपकरणः** गोरोचन, चन्दन, सुवर्ण, मृदंग, ऐना, मणि, अग्नि ।

**सुरक्षा तथा सावधानीः** उठ्ने वित्तिकै शैयामा बसी गर्नुपर्ने र अन्यत्र गर्नुपर्ने विधिहरू कुशलतापूर्वक अनाइएको । दर्शन र वन्दना गर्दा क्रम मिलाइएको ।

## कार्य विश्लेषण

सैद्धान्तिकः १ घण्टा
व्यावहारिकः १.३० घण्टा
कूल समयः २.३० घण्टा

**निर्दिष्ट कार्य २: शौचाचार कर्म गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. माध्यन्दिनीय आह्निक विधिद्वारा ब्रहमसूत्र कानमा राखी शौच कर्म गर्ने ।<br>२. शुद्ध वस्तु/सामग्रीको उपयोग गरी गुप्ताङ्ग एक पटक, गुदद्वार तिन पटक, बायाँ हात दस पटक र दुवै हात सात पटक सफा गर्ने ।<br>३. दिसा गरेपछि १२ पटक, पिसाब गरेपछि ४ पटक, खानापछि १६ पटक र खाजा वा नास्तापछि ८ पटक कुल्ला गर्ने ।<br>४. दन्तधावनपूर्व वनस्पति प्रार्थना गर्ने ।<br>५. शास्त्रोक्त मन्त्रोच्चारणपछि दाँत माझ्ने ।<br>६. दन्त धावनपछि आसनमा बसी मौन धारण गर्ने । | **अवस्था (दिइएको):**<br>शौचालय, स्नानागार, जनै, शुद्ध माटो, खरानी, आसन ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>शौचाचार कर्म गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● तोकिएको विधि र पटक अनुसार कार्य सम्पादन गरिएको ।<br>● शुद्ध मन्त्रोच्चारण गरी क्रमबद्ध रूपमा शौचस्नानादि कर्म पूरा गरिएको । | ● दिवा, रात्रि, सन्ध्यामा दिसा पिसाब गर्दा यज्ञोवीत धारण र फर्किने दिशा ज्ञान ।<br>● खकारी थुकेपछि हुने अवस्था लगायत अन्य अवस्था पछि पालना गर्नुपर्ने विधिको ज्ञान ।<br>● दन्त धावनका लागि उपयोगी सामग्री संकलनको तरिका ।<br>● मौन धारण गर्नुपर्ने अवस्थाको ज्ञान, जस्तै : सन्ध्या, जप, भोजन, दन्तधावन, पितृकार्य, देवकार्य, दिसा, पिसाब, गुरु सान्निध्य, दान र योग । |

**सामग्री तथा उपकरणः** जनै, शुद्ध माटो, खरानी, आसन ।

**सुरक्षा तथा सावधानीः** परीक्षण गरिएको शुद्ध माटो नपाइएको अवस्थामा अन्य सामग्रीको उपयोग गरिएको । दन्त धावनका लागि वनस्पति छनोट र प्रयोग गर्दा सावधानी अपनाइएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक : ६ घण्टा
कूल समय : ८ घण्टा

**निर्दिष्ट कार्य ३: प्रातःस्तुति गर्ने ।**


| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मन्त्रोच्चारणपूर्वक गणेश, सूर्य, देवी, शिव, विष्णुको स्तुति गर्ने ।<br>२. मन्त्रोच्चारणपूर्वक नवग्रह स्तुति गर्ने ।<br>३. मन्त्रोच्चारणपूर्वक ऋषि स्तुति गर्ने ।<br>४. मन्त्रोच्चारणपूर्वक प्रकृति स्मरण र पुण्यश्लोक वाचन गर्ने । | **अवस्था (दिइएको):**<br>आह्निक सूत्रावली वा नित्यकर्मका अन्य सन्दर्भ सामग्री, आसन ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>प्रातःकर्म गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्ध मन्त्रोच्चारण गरी क्रमबद्ध रूपमा प्रातःस्तुति गरिएको । | • स्तुतिको महत्व र आवश्यकताको बोध ।<br>• स्तुतिक्रम ज्ञान । |

**सामग्री तथा उपकरण:** आह्निक सूत्रावली वा अन्य सन्दर्भ सामग्री, आसन ।
**सुरक्षा तथा सावधानी:** सारस्वरसहित मन्त्रको शुद्ध रूपमा मन्त्रको सरस्वर वाचन गरिएको । स्तुतिक्रम मिलाइएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : १ घण्टा
कूल समय : २ घण्टा

**निर्दिष्ट कार्य ४: प्रातःस्नान गर्ने ।**








| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. शुचिपूर्वक नदी, तलाउ वा कुवामा गई लुगा फुकाली हालगोडा धोएर शिखा बाँधेर आचमन गरी जल प्रवाहतिर वा पूर्वतिर फर्केर शास्त्रोक्त विधिद्वारा संकल्प गर्ने ।<br>२. मन्त्रोच्चारणपूर्वक तीर्थ प्रार्थना गर्ने ।<br>३. मन्त्रोच्चारणपूर्वक नाभिसम्म पानी हुने गरी पानीमा पसेर सूर्यतिर फर्की स्नान तथा १० पटक गायत्री जप तथा निम्नानुसार आचमन गर्ने ।<br><br>४. मन्त्रोच्चारणपूर्वक विष्णुको ध्यान गर्ने ।<br>५. स्नानाङ्ग तर्पण गर्ने । | **अवस्था (दिइएको):**<br>शुद्धजल, जलाशय वा नदी, जनै, शुद्ध माटो, खरानी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>प्रातःस्नान कर्म गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्ध मन्त्रोच्चारण गरी क्रमबद्ध रूपमा स्नान सम्बन्धी क्रियाकलाप पूरा गरिएको । | • मन्त्रस्नान, भौमस्नान, अग्निस्नान, वायव्य स्नान, दिव्यस्नान, वारुण स्नान र मानसिक स्नानका बारेमा ज्ञान ।<br>• शिखा बन्धन सम्बन्धी ज्ञान । |

**सामग्री तथा उपकरण:** जनै, शुद्ध माटो, खरानी, आसन, आह्निक सूत्रावली वा अन्य सन्दर्भ सामग्री, माला ।
**सुरक्षा तथा सावधानी:** कर्ताको अवस्थानुसार स्नान भेद उपयोग गरेको । नदी, तलाउ वा कुवामा जाँदा अवस्था पहिचान गरेको । मन्त्रको शुद्ध रूपमा मन्त्रको सरस्वर वाचन गरिएको । शिखाबन्धन विधि र संकल्प वाक्य मिलाइएको । हातमा रहेका तीर्थको आधारमा आचमनका तरिका मिलाएको ।

# कार्य विश्लेषण

सैद्धान्तिक : ३ घण्टा
व्यावहारिक : ४ घण्टा
कूल समय : ७ घण्टा

## निर्दिष्ट कार्य ५: सन्ध्यावन्दन गर्ने ।

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. विधिपूर्वक सामग्री स्थापन गर्ने ।<br><br>२. मन्त्रोच्चारणपूर्वक आसन शुद्धि, भस्म धारण, पवित्र धारण, शिखा बन्धन गर्ने ।<br>३. विधिपूर्वक आचमन, प्राणायाम, मार्जन र अघमर्षण गर्ने ।<br><br>४. मन्त्रोच्चारणपूर्वक सूर्यार्घ्य, सूर्योपस्थान, गायत्रीशाप विमोचन र षडङ्गन्यास गर्ने ।<br><br>५. विधिपूर्वक गायत्री आवाहन, उपस्थान, ध्यान र मुद्रा प्रदर्शन गर्ने ।<br>   <br>६. जप गर्ने, जपमुद्रा प्रदर्शन, जप समर्पण र विसर्जन गर्ने । | **अवस्था (दिइएको):**<br>थाली, कलश, आचमनी, अर्घौतो, आसन, माला, गौमुखी, सन्ध्या विधिको पुस्तक तथा अन्य सन्दर्भ सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>सन्ध्याबन्धन कर्म गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्ध मन्त्रोच्चारण गरी क्रमबद्ध रूपमा सन्ध्यावन्दन पुरा गरिएको । | ● सन्ध्या परिचय सम्बन्धी ज्ञान ।<br>● भस्म तथा पवित्र निर्माण र धारण सम्बन्धी ज्ञान ।<br>● प्राणायाम सम्बन्धी ज्ञान ।<br>● षडङ्ग न्यास सम्बन्धी ज्ञान ।<br>● मुद्रा प्रदर्शन सम्बन्धी ज्ञान<br>● करमाला सम्बनधी ज्ञान ।<br><br>● उत्तरांग मुद्रा प्रदर्शन सम्बन्धी ज्ञान ।<br> |

**सामग्री तथा उपकरण:** थाली, कलश, आचमनी, अर्घौतो, माला, गौमुखी, आसन, आह्निक सूत्रावली, सन्ध्याविधिको पुस्तक र सन्दर्भ सामग्री ।

**सुरक्षा तथा सावधानी:** सारस्वरसहित मन्त्रको शुद्ध रूपमा मन्त्रको सरस्वर वाचन गरिएको । क्रम मिलाएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक: २.३० घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय: ७.३० घण्टा

**निर्दिष्ट कार्य ६: पञ्चायतन पूजा गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पञ्चायतन देवताका प्रतिमा र पूजा सामग्री संकलन गर्ने ।<br>२. प्रधान इष्ट देवताअनुसार पञ्चायतन देवता स्थापन गर्ने ।<br>३. मन्त्रोच्चारणपूर्वक पञ्चायतन देवताको ध्यान गर्ने ।<br>४. मन्त्रोच्चारणपूर्वक आवाहन गर्ने, आसन दिने, जल अघ्र्य चढाई आचमन गर्ने, स्नान गरी पुनः आचमन गर्ने ।<br>५. मन्त्रोच्चारणपूर्वक पञ्चामृत, गन्धोदक, शुद्धोदक स्नान गर्ने र आचमन गर्ने, पुनः वस्त्र चढाई आचमन गर्ने । साथै यज्ञोपवीत चढाएर आचमन गर्ने ।<br>६. मन्त्रोच्चारणपूर्वक फूल, माला, धुप, दीप, नैवेद्य चढाई आचमनीय गर्ने ।<br>७. ऋतुफल र सुपारी चढाई दक्षिणा, नीराजन, प्रदक्षिणा, मन्त्रपुष्पाञ्जली तथा नमस्कार गरी अर्घ्य निवेदन गर्ने ।<br>८. शंख बजाई क्षमापन गर्ने र चरणामृतपान गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>पूजाकोठा,पूजाका लागि आवश्यक देव प्रतिमाहरु, पूजाको भाँडा तथा पूजा सामग्रीहरु ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>पाञ्चायन पूजा गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>शुद्ध मन्त्रोच्चारण गरी क्रमबद्ध रूपमा पञ्चायतन देवता स्थापन तथा पूजन गरिएको । | पञ्चायतन देवता स्थापन तथा पूजन सम्बन्धी ज्ञान । |

**सामग्री तथा उपकरण:** पूजाको भाँडा, चोखो जल, जौ, तिल, अक्षता, चन्दन, अवीर, केसरी, फूलमाला, पञ्चामृत, बेलपत्र, तुलसिपत्र, धूप, दीप, नैवेद्य, भेटी, कपूर, कूश, दूवो, दीयो, कलश, गणेश, सुपारी आदि ।

**सुरक्षा तथा सावधानी:** गति, यति र लयका साथ शुद्ध मन्त्रको सरस्वर वाचन गरिएको । ध्यानकेन्द्रित तथा क्रम मिलाएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ३ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ८ घण्टा

**निर्दिष्ट कार्य ७: पञ्च महायज्ञ गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ऋषियज्ञका लागि वेद वेदांगका पुस्तक संकलन र स्थापन गर्ने ।<br>२. विधिपूर्वक पुस्तकको पूजा गर्ने ।<br>३. आआफ्नो शाखाअनुसार तोकिएको सङ्ख्यामा सार स्वरसहित मन्त्रोच्चारण गर्ने र स्वाध्यायको पूर्व तयारी गर्ने ।<br>४. मन्त्रोच्चारणपूर्वक फुल, माला, धुप, दीप, नैवेद्य चढाउने ।<br>५. सन्ध्यावाहेक जप पूजा पाठ गरी देवयज्ञ गर्ने ।<br>६. नित्य श्राद्ध गरी पितृयज्ञ गर्ने ।<br>७. अतिथि सत्कारमा संलग्न भई मनुष्य यज्ञ गर्ने ।<br>८. पक्वान्न, अक्षता आदिबाट जीवजन्तुलाई भोजन गराई भूतयज्ञ गर्ने ।<br>९. मध्याह्न कालमा स्वाध्याय गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>वेद वेदांगका पुस्तक तथा पूजा सामग्रीहरु ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>पञ्च महायज्ञ गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>शुद्ध मन्त्रोच्चारण गरी क्रमबद्ध रूपमा पञ्च महायज्ञ गरिएको । | • जप विधि, विशेष पूजा पाठ विधि ।<br>• नित्य श्राद्धका गर्नुपर्ने पालना गर्नुपर्ने नियम, व्यक्तिविशेष अनुसार गर्नुपर्ने नित्य श्राद्धको प्रक्रियाको ज्ञान । |

**सामग्री तथा उपकरण:** पुस्तक, चोखो जल, जौ, तिल, अक्षता, चन्दन, अवीर, केसरी, फूलमाला, पञ्चामृत, बेलपत्र, तुलसिपत्र, धूप, दीप, नैवेद्य, कपूर, कूश, दुबो ।

**सुरक्षा तथा सावधानी:** सारस्वरसहित शुद्ध रूपमा मन्त्रको सरस्वर वाचन गरिएको । ध्यानकेन्द्रित गरेको । क्रम मिलाएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : १ घण्टा
कूल समय : २ घण्टा

**निर्दिष्ट कार्य ८: भोजन विधि गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. शुद्ध धोती लगाई हात गोडा धुने ।<br>२. शुद्ध आसनमा अगाडि वा पूर्व फर्केर बस्ने ।<br>३. आचमन गरी भोजन पात्रमा पक्वान्न पस्केर यथा चक्रायुधो ..... यो मन्त्रले भस्म वा जलले अन्न वरिपरि चतुस्कोण मण्डल बनाई ॐ पितुन्नु स्तोषं ..... यो मन्त्रले स्तुति गर्ने ।<br>४. ॐ नमः शम्भवाय ...... यो मन्त्रले अभिमन्त्रण गरी प्रातः र सायङ्कालमा छुट्टाछुट्टै मन्त्रले जलले सेचन गर्ने ।<br>५. ॐ तेजोसि शुक्र.... यो मन्त्रले आँखामा छोएर अग्निको ध्यान गर्ने<br>६. ॐ भूपतये स्वाहा .... यी मन्त्रले भुइँमा बलि दिई मन्त्रोच्चारण पूर्वक हातमा पानी लिई बलिमा चढाउने र बाँकी पिउने ।<br>७. अन्नको ध्यान गरी विधिपूर्वक प्राणाहुति (मौनीभूत्वा हस्तचापल्यादिरहितो मुखे पञ्च प्राणाहुतीर्जुहुयात्) गर्ने ।<br>८. इच्छानुसार भोजन गरी शेष अन्न हातमा लिई प्रार्थनापूर्वक भूमि छोडिदिने, त्यस जल लिएर मन्त्रोच्चारणपूर्वक चढाई आधा पिउने र सबैलाई भूमिमा छोडिदिने ।<br>९. पेटलाई मन्त्रोच्चारणपूर्वक सुम्सुम्याएर हात पाऊ धोई आँखाको पुनः सिञ्चन गर्ने र मुख सफा गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>भोजनालय, भोजन गर्दा बस्ने काठको आसन, भोजन सामग्री ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>भोजन विधि गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>शुद्ध मन्त्रोच्चारण गरी क्रमवद्ध रूपमा विधिपूर्वक भोजन गरिएको । | ● भोजन विधिको महत्व र उपयोगिताको ज्ञान<br>● सबैभन्दा पहिले चिल्लो, त्यसपछि कडा र अन्तिम मीठो भोजन गर्ने विधि । |

**सामग्री तथा उपकरण:** पक्वान्न र भोजन सामग्री ।
**सुरक्षा तथा सावधानी:** सारस्वरसहित शुद्ध रूपमा मन्त्रको सरस्वर वाचन गरिएको । ध्यानकेन्द्रित गरेको । क्रम मिलाएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ३० मी.
व्यावहारिक : ३० मी.
कूल समय : १ घण्टा

**निर्दिष्ट कार्य ९: शयन विधि गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. शयन काल निर्धारण गर्ने ।<br>२. शयनका लागि दिग्विचार र निर्णय गर्ने ।<br>३. रात्रिसूक्त स्मरण, तथा जप, पाठ गर्ने ।<br>४. शयन गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>शयन कक्ष ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>शयन विधि गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>शुद्ध मन्त्रोच्चारणपूर्वक शयन गरिएको । | रात्रिसूक्तको स्मरण तथा पठनको सीप । |

**सामग्री तथा उपकरण:** शयन सामग्री ।
**सुरक्षा तथा सावधानी:** शुद्ध रूपमा मन्त्रको सरस्वर वाचन गरिएको । ध्यानकेन्द्रित गरेको । क्रम मिलाएको ।

# कार्य विश्लेषण

## (पूजाको प्रारम्भिक कर्म)

# मोड्यूल : ३ पूजाको प्रारम्भिक कर्म

## सब-मोड्यूल : ३.१ पूजाको आधारभूत सामग्री तयारी

समय : १० घण्टा (सै) + ३५ घण्टा (ब्या) = ४५ घण्टा

**वर्णन:**

यसमा पूजाको आधारभूत सामग्री तयारीसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्देश्यहरू:**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू पूजाको आधारभूत सामग्री तयारीसँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।

१. पञ्चामृत बनाउन
२. पञ्चगब्य बनाउन
३. कुशको पवित्र बनाउन
४. कुशको ब्रह्मपवित्र बनाउन
५. उपयमन बनाउन
६. कुशको औंठी (ब्रहमग्रन्थि) बनाउन
७. रक्षाबन्धन बनाउन
८. मोटक बनाउन
९. कुहको ब्राहमण बनाउन
१०. यज्ञपात्र निर्माण गर्न
११. पूजा सामग्रीहरू तयार गर्न
१२. जनै बनाउन ।

**कार्यहरू:**

१. पञ्चामृत बनाउने
२. पञ्चगब्य बनाउने
३. कुशको पवित्र बनाउने ।
४. कुशको ब्रह्मपवित्र बनाउने ।
५. उपयमन बनाउने
६. कुशको औंठी (ब्रहमग्रन्थि) बनाउने
७. रक्षाबन्धन बनाउने
८. मोटक बनाउने
९. कुशको ब्राहमण बनाउने
१०. यज्ञपात्र निर्माण गर्ने
११. पूजा सामग्रीहरू तयार गर्ने
१२. जनै बनाउने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक : १ घण्टा
कुल समय: १.३० घण्टा

**निर्दिष्ट कार्य १: पञ्चामृत बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. एउटा पञ्चामृत बनाउने पात्र तयार गर्ने ।<br>२. पात्रमा दुध, दही, घिउ, मह, सख्खर हाल्ने ।<br>३. मात्राअनुसार राखिएका दुध, दही, घिउ, मह, सख्खर चलाई पञ्चामृत बनाउने । | **अवस्था (दिइएको):**<br>पात्र, दुध ,दही, घिउ, मह, सख्खर वा चिनी ।<br>**निर्दिष्ट कार्य (के):**<br>पञ्चामृत बनाउने ।<br>**स्तर (कति राम्रो):**<br>क्रमबद्ध रूपमा मात्रा अनुसार राखिएका दूध, दही, घिउ, मह, सख्खर चलाई पञ्चामृत तयार पारिएको । | ● पञ्चामृतको महत्त्व र उपयोगिता ।<br>● दुध, दही, घिउ, मह, सख्खर राख्ने तरिकाको क्रमज्ञान ।<br>● दुध, दही, घिउ, मह, सख्खरको मात्रा मिलाउने ज्ञान । |

**सामग्री तथा उपकरण:** पञ्चामृत बनाउने पात्र, दुध, दही, घिउ, मह, सख्खर ।
**सुरक्षा तथा सावधानी:** पोखिन सक्ने, फोहोर पर्न सक्ने, रङ्ग, फूल अक्षता पर्न सक्नेतर्फ सचेत हुनुपर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक : १ घण्टा
कूल समय:१.३० घण्टा

**निर्दिष्ट कार्य २: पञ्चगव्य बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. गउँत, गोबर, दुध, दही, घिउ र पात्र सँग्रह गर्ने ।<br>२. मन्त्रोच्चारणपूर्वक गउँत, गोबर, दुध, दही, घिउ पात्रमा हाल्ने ।<br>३. उक्त पात्रमा कुश र जल हाली दुबोले चलाउने ।<br>४. दश पटक गायत्री मन्त्रले अभिमन्त्रण गरी खाने खुवाउने । | **अवस्था (दिइएको):**<br>पात्र, दुध, दही, घिउ, गोबर, गउँत दुबो, कुश, पानी ।<br>**निर्दिष्ट कार्य (के):**<br>पञ्चगव्य बनाउने ।<br>**स्तर (कति राम्रो):**<br>क्रमबद्ध रूपमा मात्राअनुसार राखिएका गउँत, गोबर, दुध, दही, घिउ चलाई पञ्चगव्य तयार पारिएको । | ● मन्त्रोच्चारणको ज्ञान ।<br>● पञ्चगव्यको मात्रा ।<br>● ताम्रवर्णकी गाईको मूत्र, सेतो गाईको गोवर, काञ्चन वर्णकी गााईको दुध, नोलो गाईको दही, कालो गाईको घिउ कैली गाईको पञ्चगव्यको ज्ञान ।<br>● पञ्चगव्य बनाउँदा दुधभन्दा दुई गुना गोमूत्र, दुधको आधा दही, दहीको आधा गोवर गोवरको आधा घिउ प्रयोग गर्ने विधि । |

**सामग्री तथा उपकरण:** पात्र, दुध दही घिउ गोवर गउँत दुबो, कुश पानी ।
**सुरक्षा तथा सावधानी:** पोखिन सक्ने, फोहोर पर्न सक्ने, रङ, फुल अक्षता पर्न सक्ने तर्फ सचेत हुनुपर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० मी.
व्यावहारिक : २ घण्टा
कूल समय:२.३० घण्टा

**निर्दिष्ट कार्य ३: कुशको पवित्र बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. टुप्पो भएको २ त्यान्द्रो कुश लिने ।<br>२. यसमाथि तीन कुश तेर्सो बनाएर बुढी औलाले चेप्ने ।<br>३. पवित्रको फेद भागले टुप्पो भागलाई दाहिने हातले दाहिने घुमाएर बेरी तल झार्ने ।<br>४. तेर्सो पारेर राखिएका तीन कुशलाई दोब्राएर दाहिने हातले दुई कुशको फद सहित समात्ने र दुई कुशको टुप्पो भागलाई बायाँ हातले समाइ तानेर छिनाउने । पवित्र बाहेक बाँकी कुशका टुक्राहरू उत्तरतिर फ्याँक्ने ।<br>५. टुप्पोतर्फमा दुई पटक बेरी पवित्र बनाउने । | **अवस्था (दिइएको):**<br>कुशहरू ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कुशको पवित्र बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधिपूर्वक कुशको पवित्र बनाइएको । | सँग्रहित कुशहरूलाई समातेर पवित्र शिखा बनाउने प्रक्रिया । |

**सामग्री तथा उपकरण:** कुशहरू ,कुश काट्ने चक्कु वा हँसिया ।
**सुरक्षा तथा सावधानी:** कुशले हात काटन सक्ने भएकोले सुरक्षित तरिकाले समाउनुपर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक : २ घण्टा
कूल समय:२.३० घण्टा

**निर्दिष्ट कार्य ४: कुशको ब्रह्मापवित्र बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ५० ओटा सग्ला कुशहरूको सँग्रह गर्ने ।<br>२. यसरी सँग्रहित कुशको मुठो देब्रे हातले समाएर दाहिने तिर घुमाएर टुप्पामा पवित्ररूपी शिखा बनाउने ।<br>३. तलको भागलाई दुई फन्का घुमाएर तल झार्ने ।<br>४. यसरी फन्को मारेर तल झरेको ठाउँमा तीन औँला बराबरको कुशको पवित्र बनाउने । | **अवस्था (दिइएको):**<br>कुशहरू ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कुशको ब्रह्म पवित्र बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधिपूर्वक कुशको ब्रह्म पवित्र बनाइएको । | सँग्रहित कुशहरूलाई समातेर शिखा बनाउने तरिका । |

**सामग्री तथा उपकरण:** कुशहरू ,कुश काट्ने चक्कु वा हँसिया ।
**सुरक्षा तथा सावधानी:** कुशले हात काट्न सक्ने भएकाले सुरक्षित तरिकाले समाउनुपर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक: ०.३०मी.
कूल समय : १ घण्टा

**निर्दिष्ट कार्य ५: उपयमन बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. कुशको मुठा ल्याउने ।<br>२. १३ वटा सग्ला कुश एक ठाउँमा सँग्रह गर्ने ।<br>३. सँग्रहित कुशहरूलाई देब्रे हातमा राखेर कुशको फेदबाट काचो धागो वा रातो सेतो धजाले बेर्ने । | **अवस्था (दिइएको):**<br>कुश, काचो धागो वा ध्वजा दिएको ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>उपयमन बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>कुशको सङ्ख्या र गुणस्तर मिलाई उपयमन बनाईएको । | १३ कुशलाई देब्रे हातले समातेर धागोले बेर्ने ज्ञान । |

**सामग्री तथा उपकरण:** कुश, धागो वा ध्वजा ।
**सुरक्षा तथा सावधानी:** सुरक्षितसँग कुश समाउने र नछरियोस भनेर धागो बेर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० मी.
व्यावहारिक:०.३० मी.
कूल समय : १ घण्टा

**निर्दिष्ट कार्य ६: कुशको औठी (ब्रह्मग्रन्थी) बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. हातमा लामो दुई कुशलिने र बाट्ने ।<br>२. बाटेको कुशको दुई मुखलाई देब्रे हातको बुढी औंलाले समाउने ।<br>३. माथिको घुमेको भागलाई समाएको ठाउँमा च्याप्ने<br>४. दाहिने मुट्ठीमा देब्रेको अर्धभागलाई छिराउने ।<br>५. अर्धभागलाई दाहिने हातको तर्जनी औलाले समाती अघि देब्रे औलाले थिचेको भागलाई दुई कुशका टुप्पाका बीचवाट छिराई माथिको भाग उल्ट्याइदिने ।<br>६. तल झरेको दुई कुशलाई शिखा पार्ने । | **अवस्था (दिइएको):**<br>कुश ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कुशको औठी (ब्रह्मग्रन्थी) बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधि अनुसारको पवित्र ग्रन्थी बनाई औठी तयार गरिएको । | कुशका औठी (ब्रह्म ग्रन्थी) बनाउने ज्ञान । |

**सामग्री तथा उपकरण:** कुश ।
**सुरक्षा तथा सावधानी:** सुरक्षितसँग कुश समाउने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्य ७: रक्षाबन्धन बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. धागोको तीन वटा लरिया वा लाक्षी फुकाएर एकै ठाउँमा राखेर हातमा वा काठमा बेर्ने ।<br>२. एउटा मात्र लरिया वा लाक्षी भएको अवस्थामा काचो धागो लरियाबाट फुकाएर साङ्लो पार्दै तीन डोरा बनाएर हात वा काठमा बेर्ने ।<br>३. यसरी तयार पारेको रक्षाबन्धनको धागोलाई कुनै तामाको भाँडामा राखेर त्यसमा जौ, कुश, दूबो सस्र्यूँ, चन्दन अक्षता, गोवर, बेसार, दही हालेर नारायण कवच पढ्दै रक्षा बन्धनलाई छुने । | **अवस्था (दिइएको):**<br>काचो धागो, जौ,कुश, दूबो सरस्यौं चन्दन अक्षता गोवर बेसार दही ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>रक्षाबन्धन बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>साङ्ली पारी तीन डोरा बनाई विधिपूर्वक पूजा गी रक्षाबन्धन बनाईएको । | • रक्षाबन्धनको महत्त्व र उपयोगिता ।<br>• रक्षाबन्धनको लागि काचो धागो तीन डोरा बनाउने तरीका ।<br>• रक्षाबन्धनमा द्रव्यहरूको प्रयोगको ज्ञान । |

**सामग्री तथा उपकरण:** काचो धागो जौ,कुश, दूबो सरस्यौं चन्दन अक्षता गोवर बेसार दही तामाको भाँडा ।
**सुरक्षा तथा सावधानी:** तीन डोरा पार्न साड.ली पार्दा छिन्छकि भनी सावधान हुने । वस्तुहरू पोखिने कुराको ख्याल गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० मी.
व्यावहारिक : २ घण्टा
कूल समय:२.३० घण्टा

**निर्दिष्ट कार्य ८: मोटक बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. एउटा कुशलाई हातमा लिने ।<br>२. कुशको फेद तिरबाट चार अंगुल अन्तरमा बटारेर ग्रन्थी पार्ने ।<br>३. यसरी पारेको ग्रन्थीलाई अलग अलग हुने गरि काट्ने ।<br>४. अर्को तरिका कुशका ६ अंगुल बराबरको टुक्रा बनाउने ।<br>५. यसरी बनाएको टुक्रालाई बटारेर घुमाइ पवित्र ग्रन्थि बनाउने । | **अवस्था (दिइएको):**<br>कुशहरु ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>मोटक बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>एकछेउमा शिखा पारी मोटक तयार गरिएको । | मोटक बनाउने तरीका । |

**सामग्री तथा उपकरण:** कुश ।
**सुरक्षा तथा सावधानी:** सतर्क भई कुश टुक्रा पार्ने/बटार्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० मी.
व्यावहारिक : ३ घण्टा
कूल समय:३.३० घण्टा

**निर्दिष्ट कार्य ९: कुशको ब्राह्मण बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. तीन वटा सग्ला कुशहरूको सँग्रह गर्ने ।<br>२. यसरी सँग्रहित कुशको मुठो देब्रे हातले समाएर दाहिने तिर घुमाएर टुप्पामा पवित्ररूपी शिखा बनाउने ।<br>३. तलको भागलाई एक फन्का घुमाएर तल झार्ने ।<br>४. यसरी फन्को मारेर तल झरेको ठाउँमा तीन औँला बराबरको कुशलाई पवित्र बनाउने । | **अवस्था (दिइएको):**<br>कुशहरू ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कुशको ब्राह्मण बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधि पूर्वक कुशको ब्राह्मण बनाइएको । | सँग्रहित कुशहरूलाई समातेर शिखा बनाउने ज्ञान । |

**सामग्री तथा उपकरणः** कुशहरू,कुश काट्ने चक्कु वा हँसिया ।
**सुरक्षा तथा सावधानीः** कुशले हात काटन सक्ने भएकोले सुरक्षित तरिकाले समाउनु पर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कूल समय : ४ घण्टा

**निर्दिष्ट कार्य १०: यज्ञपात्र निर्माण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पूजाको लागि नभइ नहुने आधारभूत यज्ञपात्रहरू शंख, घण्ट, अर्घौतो, पञ्चपात्र, आचमनी, दीयो, कलश, कर्मपात्र, त्रिखुटी, पूजाथाली, काँसको कचौरा, सूरो, प्रणीता र प्रोक्षणी आदि संकलन गर्ने ।<br>२. कलशमा जल भर्ने ।<br>३. कलशहरू सिगार्ने ।<br>४. यज्ञपात्रहरू निर्दिष्ट स्थानमा राख्ने । | **अवस्था (दिइएको):**<br>यज्ञपात्रहरू, जल, अवीर, केशरी, फूल, अक्षता ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>यज्ञपात्र निर्माण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• पूजा अनुसार यज्ञपात्रहरूको उचित स्थानमा राखिएको ।<br>• कलशहरू आकर्षक तरिकाले सजाइएको । | • यज्ञ अनुसारको यज्ञपात्रहरुको ज्ञान ।<br>• यज्ञपात्रको स्थापना गर्ने तरिका ।<br>• यज्ञपात्रहरूको सजावट गर्ने तरिका । |

**सामग्री तथा उपकरणः** शंख, घण्ट, अर्घौतो, पञ्चपात्र, आचमनी, दीयो, कलश, कर्मपात्र, त्रिखुटी, पूजाथाली, काँसको कचौरा, सूरो, प्रणीता र प्रोक्षणी ।
**सुरक्षा तथा सावधानीः** पात्रहरू खसाल्न ,पल्टाउनु, चुहाउन हुँदैन । यज्ञपात्रहरू सफा तथा टुटफुट नभएको हुनु पर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : २ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य ११: पूजा सामग्री तयारी गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पूजा अनुसार आधारभूत सामग्रीहरू पाद्य, अर्घ्य, पञ्चामृत, चन्दन, सुपारी, अक्षता, धुप, दीप, नैवेद्य, वस्त्र, यज्ञोपवीत, पुष्प, फल, दुबो, पञ्चपल्लव संकलन गर्ने ।<br>२. सप्तमृत्तिका, सर्वौषधी पञ्चरत्न, कपुर, नरिवल, सिन्दूर, अवीर, जौ, तिल, कुश र दक्षिणा, रेखी, पीठो संकलन गर्ने ।<br>३. पूजा सामग्रीहरूलाई निर्दिष्ट स्थानमा ठीकठीक तरीकाले मिलाउने ।<br>४. पूजा अनुसार विशेष अर्पण गर्नु पर्ने वस्तुहरूको व्यवस्थापन गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>पूजाको आवश्यक सामग्रीहरु ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>पूजा सामग्री तयारी गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>पूजा अनुसारको सामग्रीको उचित तरिकाले संकलन र व्यवस्थापन गरि तयार गरिएको । | • पूजा अनुसारको आवश्यक सामग्रीको ज्ञान ।<br>• पूजा सम्बन्धित प्राविधिक ज्ञान अनुसारको आवश्यक सामग्रीको सझावट सम्बन्धि ज्ञान । |

**सामग्री तथा उपकरणः** जल, अर्घ्य, पञ्चामृत, चन्दन, सुपारी, अक्षता, धुप, दीप, नैवेद्य, वस्त्र, यज्ञोपवीत, पुष्प, फल, सप्तमृत्तिका, दुबो, पञ्चपल्लव, सर्वौषधी पञ्चरत्न, कपुर, नरिवल, सिन्दूर, अवीर, जौ, तिल, कुश र दक्षिणा ।

**सुरक्षा तथा सावधानीः** पूजा सामगी पोख्न, खसाल्न, पल्टाउनु, चुहाउन हुँदैन । लगाएका कपडाले छुन नहुने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ३ घण्टा
व्यावहारिकः १३ घण्टा
कूल समय : १६ घण्टा

**निर्दिष्ट कार्य १२: जनै बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. तीर्थ स्थल गाइको गोठ वा अन्य शुद्ध पवित्र स्थानमावेद पढ्न निषेध नगरेको दिनमा विहानको समयमा १००८, १०८ वा यथा शक्ति गायत्री जपेर ब्राह्मण, ब्राह्मणी वा ब्राह्मण कन्याले कातेको धागो लिएर ॐ भूः भनेर हातको चार अंगुलीमा ९६ पटक बेर्ने र उपलब्ध भएमा पलासको पातमा उपलब्ध नभएमा पवित्र कुनै पातमा राख्ने फेरी ॐ भुवः भनेर ९६ पटक बेर्ने र पातमा राख्ने पुनः ॐ स्वः भनेर ९६ पटक बेर्ने र पातमा राख्ने<br>२. यसरी बेरेको धागो लाई आपोहिष्ठा....... आदि तीन शन्नोदेवी ......र गायत्री मन्त्र दढ्दै अभिषेक गर्ने ।<br>३. ॐ भूः भुवः स्वः मन्त्र पढदै पहिले वेरेर राखेको धागोहरूलाई तिन डोरा आउने गरी एकतृत गर्ने र कत्वामा राखेर सुल्टो बाट्ने । यसरी बाटेको धागोलाई पुनः तेब्बर पार्ने र कत्वामा राखेर उल्टो बाट्ने ।<br>४. ॐ कार ध्वनि निकाल्दै शिखा पार्ने (शिखा बनाउँदा बाटेको धागा) को दुई छेउमा एक एक शिखा पार्ने अनि एक छेउलाई चोरी औंलामा बेर्ने र बुढी औला माथिबाट घुमाएर घागो ल्याई साङ्ली पारेर साहिँलीमा माथिबाट बेरेर पुनः बुढी औलामा ल्याइ साङ्ली पारेर घुँडामा बेरी पुनः चोरीऔंलाबाट बुढी औंलामा साङ्ली पारी पूर्ववत तीन पटक बेर्ने अनि धागोको दुई मुख मिलाइ शिखा बनाउने र हातबाट धागो झिकेर साङ्ली गाँठो मिलाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>धागो, कतुवा ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>जनै बनाउने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>विधिपूर्वक धागो बाटी शिखा (जनै) बनाइएको । | • यज्ञोपवीतको महत्त्व र आवश्यकता ।<br>• धागो सँगाल्ने , बाट्ने र शिखा पार्ने तरिका । |

**सामग्री तथा उपकरणः** धागो , कतुवा ।

**सुरक्षा तथा सावधानीः** धागो अल्झिने, चुडिने र शिखामा गलत गाँठो पर्न सक्ने तर्फ सचेत हुने ।

# सब-मोड्यूल : ३.२ सामान्य यज्ञमण्डप निर्माण ।

समय : ५ घण्टा (सै) + ३० घण्टा (व्या) = ३५ घण्टा

**वर्णन:**

यसमा सामान्य यज्ञमण्डप निर्माणसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्देश्यहरू:**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू यज्ञमण्डप निर्माणसँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।

१. स्तम्भ (लिङ्गाहरू) स्थापना गर्न
२. अग्नि स्थापनाको लागि वेदी निर्माण गर्न
३. सत्यनारायणको पूजाको लागि वेदी निर्माण गर्न
४. तोरण बनाउन
५. मण्डप सजाउन ।

**कार्यहरू:**

१. स्तम्भ (लिङ्गाहरू) स्थापना गर्ने
२. अग्नि स्थापनाको लागि वेदी निर्माण गर्ने
३. सत्यनारायणको पूजाको लागि वेदी निर्माण गर्ने
४. तोरण बनाउने
५. मण्डप सजाउने ।

## कार्य विश्लेषण

कुल समय : १ घण्टा
सैद्धान्तिक : १० घण्टा
व्याबहारिक : ११ घण्टा

**निर्दिष्ट कार्य १: स्तम्भ (लिङ्गाहरू) स्थापना गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मण्डपको लागि आवश्यक पर्ने (साल) बाँस, पैंयौं, केरा, उखु आदिको संकलन गर्ने ।<br>२. मण्डपको लागि कर्ताको हातको २०, १६, १२, १० हात प्रमाणको या स्थानाभावमा स्थान अनुसारको नाप लिने ।<br>३. नाप लिएको ४ दिशाको चारकुनामा चिन्ह लगाउने र पूर्व दिशामा पनि चिह्न लगाउने ।<br>४. निश्चित स्थानमा आवश्यक उपकरणद्वारा खाडल बनाउने र लिङ्गाहरू स्थापना गर्ने ।<br>५. विधलङ्गा स्थापना पछि मण्डप सफागरी गोवर र रातोमाटोले राम्रोसँग लिपपोत गर्ने । | **अवस्था (दिईएको):**<br>साल, बाँस, उखु, केरा, पैंयौंको स्तम्भ (लिङ्गा) खन्ने सामान, गोवर, रातो माटो, पानी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>स्तम्भ (लिङ्गाहरू) स्थापना गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शास्त्रीय विधिको पालना गरी उत्कृष्ट स्तम्भ (लिङ्गाहरू) स्थापना गरिएको । | • मण्डपको परिचय, महत्त्व, आवश्यकता र उपयोगिता<br>• आवश्यक सामग्री तथा विधिको व्यावहारिक र शास्त्रीय ज्ञान । |

**सामग्री तथा उपकरण:** शाल, बाँस, उखु, केरा, पैंयौंको स्तम्भ, खन्ती, गोवर, माटो, पानी, पोत्ने लुंडो, किला ठाक्ने सामान ।

**सुरक्षा/सावधानी:** शास्त्रीय विधि अपनाईएको । लिङ्गाहरु स्थापनाका लागि खाडल खन्दा र लिङ्गाहरु गाड्दा हुन सक्ने क्षतिबाट सावधानी रहनु पर्ने ।

## कार्य विश्लेषण

कुल समय : १ घण्टा
सैद्धान्तिक : ६ घण्टा
ब्यावहारिक : ७ घण्टा

**निर्दिष्ट कार्य २: अग्नि स्थापनाको लागि वेदी निर्माण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सफा तथा लितपोत गरिएको भूमि छानिएको ।<br>२. सम्भव भए केही ईंटाहरू नत्र माटो या बालुवा संकलन गर्ने ।<br>३. यज्ञमण्डपको चारैतर्फको केन्द्रमा माटो ईंटा या बालुवाले चारैतर्फ १/१ हात लम्बाई चौडाइ भएको र ४ अंङ्गुल उठेको वेदी बनाउने ।<br>४. गोवर माटोले लिप्ने । | **अवस्था (दिईएको):**<br>ईंटा/बालुवा/माटो,गोवर, पानी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>अग्नि स्थापनाको लागि वेदी निर्माण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शास्त्रीय विधिको पालना गरी उत्कृष्ट वेदी निर्माण गरिएको । | • वेदी निर्माणमा आवश्यक पर्ने सामग्रीहरूको ज्ञान ।<br>• यज्ञकुण्ड/स्थण्डिल)वेदी) को परिचय,आवश्यकता र महत्व । |

**सामग्री तथा उपकरण:** ईंटा/बालुवा/माटो, गोवर, पानी ।

**सुरक्षा/सावधानी:** विधि निर्दिष्ट कार्य अनुसार गरिएको र शास्त्रीय मान्यतामा ध्यान दिईएको । वेदी सुरक्षित, सफा र आकर्षक बनाईएको ।

## कार्य विश्लेषण

कुल समय : १ घण्टा
सैद्धान्तिक : ७ घण्टा
व्यावहारिक : ८ घण्टा

**निर्दिष्ट कार्य ३: सत्यनारायणको पूजाको लागि वेदी निर्माण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ईंटा/माटो/बालुवा संकलन गर्ने ।<br>२. पूजा स्थानको मध्य भागमा चारैतर्फ १/१ हातको वा बराबर क्षेत्रको वेदी बनाउने ।<br>३. मण्डपको ईशान, आग्नेय, नैऋत्य, वायव्य कोणमा कलश स्थापनाको लागि स्थान बनाउने जहाँ लिङ्गा स्थापना पनि गर्न सकिन्छ ।<br>४. आवश्यक स्थान निर्धारण गरेपछि सफागरी गोवरमाटोले लितपोत गर्ने । | **अवस्था (दिईएको):**<br>ईंटा/बालुवा/माटो,गोवर, सफा गर्ने वावियाको कुचो ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>सत्यनारायण पूजाको लागि वेदी निर्माण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शास्त्रीय विधिको पालना गरी स्तरीय एवं आकर्षक वेदी निर्माण गरिएको । | ● वेदीको आवश्यकता र महत्व ।<br>● वेदी निर्माणमा आवश्यक पर्ने सामग्रीका ज्ञान । |

**सामग्री तथा उपकरण:** ईंटा/बालुवा/माटो, गोवर,सफा गर्ने वावियाको कुचो ।
**सुरक्षा/सावधानी:** शास्त्रीय विधि निर्दिष्ट तरिकाले वेदी निर्माण गरिएको । सामानको व्यवस्थापन र सरसफाइमा ध्यान दिईएको ।

## कार्य विश्लेषण

कुल समय : १ घण्टा
सैद्धान्तिक : ३ घण्टा
व्यावहारिक : ४ घण्टा

**निर्दिष्ट कार्य ४: तोरण बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. तोरण निर्माणको लागि भिजाएको वावियोको डोरी बनाउने वा पूर्वनिर्मित डोरी व्यवस्था गर्ने ।<br>२. डोरीमा आँप, चाँप, वर, पीपल, डुम्री लगाएतका पवित्र पातहरू दुवो रातो सेतो वस्त्र सहित गराउने ।<br>३. मण्डपमा स्थापित ५ वटा लिङ्गामा तोरण बेर्ने<br>४. रक्षासूत्र बेर्ने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप, तोरणको सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>तोरण बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>● आवश्यक सामग्रीको प्रयोग गरी तोरण निर्माण गरिएको । | ● तोरणको महत्व र आवश्यकता ।<br>● तोरणको निर्माणमा आवश्यक सामग्रीको ज्ञान । |

**सामग्री तथा उपकरण:** वावियोको डोरी, आँप, चाँप, वर पीपल, डुम्रीका पातहरू, दुवो, रातो सेतो वस्त्र, रक्षासूत्र ।
**सुरक्षा/सावधानी:** लिङ्गाहरु लड्ने, तोरणहरु चुडिने र पातहरु खस्न सक्ने तर्फ सचेत रहने ।

## कार्य विश्लेषण

कुल समय : ९ घण्टा
सैद्धान्तिक : ४ घण्टा
व्याबहारिक : ५ घण्टा

**निर्दिष्ट कार्य : ५. मण्डप सजाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मण्डपमा स्थापित लिङ्गामा डोरी बाँधी चँदुवा स्थापना गर्ने ।<br>२. सजावटका विभिन्न सामग्रीहरूको संकलन र तिनको प्रयोग गर्ने ।<br>३. रातो पहेंलो कपडाले लिङ्गाको फेदैबाट वेर्ने ।<br>४. लावा र फूल (सयपत्री) को संयोजन गर्ने र मण्डपको वरिपरि छेर्ने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप, सजाउने सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>मण्डप सजाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>विभिन्न सामग्रीहरू प्रयोग गरि मण्डप सजाइएको । | • विभिन्न रङ्गका विविध चित्राङ्कित ध्वजा पताकाको ज्ञान ।<br>• सजावटमा प्रयोग हुने आवश्यक सामग्रीहरुको ज्ञान । |

**सामग्री तथा उपकरण:** सजावटका सामग्रीहरू, चँदुवा, डोरी, रातो पहेंलो कपडा, ध्वजा पताका, लाजा, फूल ।
**सुरक्षा/सावधानी:** मण्डपको सुन्दरतामा ध्यान दिनु पर्ने ।

# सब-मोड्युल : ३.३ रङ्गवली (रेखी) को रचना ।

| समय : ५ घण्टा (सै) + ४० घण्टा (व्या) = ४५ घण्टा |
|---|

**बर्णन:**

यसमा सामान्य रङ्गवली (रेखी) को रचनासँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्देश्यहरू:**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू रङ्गवली (रेखी) को रचनासँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।

१. सत्यनारायणको पूजाको लागि रेखी हाल्न
२. अग्निस्थापनाको लागि रेखी हाल्न
३. रुद्रीको लागि रेखी हाल्न
४. ग्रह शान्तिको लागि रेखी हाल्न
५. भद्रासन रेखी हाल्न ।

**कार्यहरू:**

१. सत्यनारायणको पूजाको लागि रेखी हाल्ने
२. अग्निस्थापनाको लागि रेखी हाल्ने
३. रुद्रीको लागि रेखी हाल्ने
४. ग्रह शान्तिको लागि रेखी हाल्ने
५. भद्रासन रेखी हाल्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ७ घण्टा
कुल समय : ८ घण्टा

**निर्दिष्ट कार्य १: सत्यनारायणको पूजाको लागि रेखी हाल्ने ।**

| क्रयाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. आवश्यक सामग्री संकलन गर्ने ।<br>२. मण्डप भित्रको रेखि हाल्ने क्षेत्र निर्धारण गर्ने ।<br>३. मण्डपको पूर्व दिशाको आग्नेयकोणमा दीप स्थापनाको लागी त्रिशुल बनाउने ।<br>४. मण्डपको पूर्व दिशाको मध्य भागमा गणेश स्थापनाको लागि स्वस्तिक बनाउने ।<br>५. मण्डपको पूर्व दिशाको इशानकोणमा कलश स्थापनाको लागि अष्टदल बनाउने ।<br>६. प्रधान देवताको स्थापनाको लागि मण्डपको मध्य भागमा बिशिष्ट अष्टदल बनाउने ।<br>७. कर्ताको दाहिने भागमा शंखार्घ्य/अर्ध्य स्थापनाको लागि त्रिकोण/षट्कोण बनाउने । | **अवस्था (दिइएको):**<br>लिप पोत गरी शुद्ध गरिएको मण्डप, चामलको पीठो, अबिर, केशरी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>सत्यनारायणको पूजाको लागि रेखी हाल्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• सिधा सफा तथा एकनाशको रेखा बनाइएको<br>• रातो पहेंलो, सेतो रंगको समायोजन गरिएको । | **सत्यनारायणको पूजाको लागि रेखी:**<br>• रंगवलीको परिचय, महत्त्व र उपयोगिता ।<br>• अष्टदलको रेखा सम्बन्धि ज्ञान ।<br>• त्रिशुल षटकोणको आकारको ज्ञान ।<br>• विशिष्ट अष्टदलका प्रकारका ज्ञान । |

**सामग्री तथा उपकरण:** पिठो, बेशार, केशरी, अबिर, बोहत्ता, टपरी, थालि, चारकुने ।
**सुरक्षा तथा सावधानी:** अबिर केशरी पिठो कपडा तथा भुईमा जथाभाबि नछरिएको । विद्युतिय सावधानि अपनाइएको । लगाएको कपडा राम्रो सँग सम्हालिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक: १० घण्टा
कूल समय : ११ घण्टा

**निर्दिष्ट कार्य २: अग्निस्थापनाको लागि रेखी हाल्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. आबश्यक सामग्री संकलन गर्ने ।<br>२. मण्डप भित्रको रेखि हाल्ने क्षेत्र निर्धारण गर्ने ।<br>३. मण्डपको मध्य भागमा वेदी या कुण्डमा हवन गर्नको लागि बिशिष्ट अष्टदल बनाउने ।<br>४. मण्डपको पूर्व, आग्नेय, नैऋत्य, वायव्य र इशान कोणमा कलश स्थापनाको लागि अष्टदल बनाउने ।<br>५. आग्नेय कोण र पूर्व कलशको बीचमा दीप स्थापनाको लागि त्रिशुल बनाउने<br>६. मण्डपको ईशान कोण र पूर्व कलशको बीचमा गणेश स्थापनाको लागि स्वस्तिक बनाउने ।<br>७. मण्डपको मध्य भागमा वेदी या कुण्डमा हवन गर्नको लागि बिशिष्ट अष्टदलको बाहिरी भागमा दोहोरो मेखला बनाउने<br>८. वेदीको दक्षिण तिर ब्रह्मा विष्णु प्रजापति स्थापनाको लागि त्रिशुल बनाउने<br>९. वेदीको उत्तर तिर प्रणीता प्रोक्षणी स्थापनाको लागि त्रिशुल बनाउने<br>१०. कर्ताको दाहिने भागमा शंखार्घ्य/अर्ध्य स्थापनाको लागि त्रिकोण/षट्कोण बनाउने । | **अवस्था (दिइएको):**<br>लिप पोत गरी शुद्ध गरिएको मण्डप, चामलको पीठो, अबिर, केशरी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>अग्निस्थापनाको लागि रेखी हाल्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• सिधा सफा तथा एकनाशको रेखा बनाइएको ।<br>• रातो पहेंलो, सेतो रंगको समायोजन गरिएको । | • अग्निस्थापनाको लागि रेखी हाल्ने ।<br>• रंगवलीको परिचय, महत्त्व र उपयोगिता ।<br>• अष्टदलको रेखा सम्बन्धि ज्ञान ।<br>• त्रिशुल षटकोणको आकारको ज्ञान ।<br>• विशिष्ट अष्टदलका प्रकारका ज्ञान ।<br>• मेखलाको रेखा सम्बन्धि ज्ञान । |

**सामग्री तथा उपकरण:** पिठो, बेशार, केशरी, अबिर, बोहत्ता, टपरी, थालि, चारकुने ।
**सुरक्षा तथा सावधानी:** अबिर केशरी पिठो कपडा तथा भुईमा जथाभाबि नछरिएको । बिद्युतिय सावधानि अपनाइएको । लगाएको कपडा राम्रो सँग सम्हालिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक: १० घण्टा
कूल समय : ११ घण्टा

**निर्दिष्ट कार्य ३: रुद्री पूजाको लागि रेखी हाल्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. आवश्यक सामग्री संकलन गर्ने ।<br>२. मण्डप भित्रको रेखी हाल्ने क्षेत्र निर्धारण गर्ने ।<br>३. मण्डपको पूर्व दिशाको आग्नेयकोणमा दीप स्थापनाको लागी त्रिशुल बनाउने ।<br>४. मण्डपको पूर्व दिशाको मध्य भागमा गणेश स्थापनाको लागि स्वस्तिक बनाउने ।<br>५. मण्डपको पूर्व दिशाको इशानकोणमा कलश स्थापनाको लागि अष्टदल बनाउने ।<br>६. प्रधान देवताको स्थापनाको लागि मण्डपको मध्य भागमा विशिष्ट अष्टदल बनाउने ।<br>७. विशिष्ट अष्टदलको बाहिरी भागमा उत्तर तिर फर्किएको जलधारी आकारको मेखला बनाउने<br>८. कर्ताको दाहिने भागमा अर्घ्य स्थापनाको लागि त्रिकोण/षट्कोण बनाउने । | **अवस्था (दिइएको):**<br>लिप पोत गरि शुद्ध गरिएको मण्डप, चामलको पिठो, अबिर केशरी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>रुद्रीको पूजाको लागि रेखी हाल्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• सिधा सफा तथा एकनाशको रेखा बनाइएको ।<br>• रातो पहेंलो, सेतो रंगको समायोजन गरिएको । | • रुद्रीको पूजाको लागि रेखी हाल्ने<br>• रंगवलीको परिचय, महत्त्व र उपयोगिता ।<br>• अष्टदलको रेखा सम्बन्धि ज्ञान ।<br>• त्रिशुल षटकोणको आकारको ज्ञान ।<br>• विशिष्ट अष्टदलका प्रकारका ज्ञान । |

**सामग्री तथा उपकरण:** पिठो, बेशार, केशरी, अबिर, बोहत्ता, टपरी, थालि, चारकुने ।
**सुरक्षा तथा सावधानी:** अबिर केशरी पिठो कपडा तथा भुईमा जथाभाबि नछरिएको । बिद्युतिय सावधानी अपनाइएको । लगाएको कपडा राम्रो सँग सम्हालिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक: ८ घण्टा
कूल समय : ९ घण्टा

**निर्दिष्ट कार्य ४: ग्रह शान्ति पूजाको लागि रेखी हाल्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मण्डप भित्रको रेखी हाल्ने क्षेत्र निर्धारण गर्ने ।<br>२. मण्डपको पूर्व दिशाको आग्नेयकोणमा दिप स्थापनाको लागी त्रिशुल बनाउने ।<br>३. मण्डपको पूर्व दिशाको मध्य भागमा गणेश स्थापनाको लागि स्वस्तिक बनाउने ।<br>४. मण्डपको पूर्व दिशाको इशानकोणमा कलश स्थापनाको लागि अष्टदल बनाउने ।<br>५. प्रधान देवताको स्थापनाको लागि मण्डपको मध्य भागमा विशिष्ट अष्टदल बनाउने ।<br>६. मण्डपको इशान कोणमा ग्रहपूजाको लागि नौ कोठा बनाइ रेखी हाल्ने ।<br>७. कर्ताको दाहिने भागमा शंखार्घ्य/अर्घ्य स्थापनाको लागि त्रिकोण/षट्कोण बनाउने । | **अवस्था (दिइएको):**<br>लिपपोत गरि शुद्ध गरिएको मण्डप, चामलको पिठो, अबिर केशरी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>ग्रह शान्ति पूजाको लागि रेखी हाल्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• सिधा सफा तथा एकनाशको रेखा बनाइएको ।<br>• रातो पहेंलो, सेतो रंगको समायोजन गरिएको । | • ग्रह शान्ति पूजाको लागि रेखी हाल्ने ।<br>• रंगवलीको परिचय, महत्त्व र उपयोगिता ।<br>• अष्टदलको रेखा सम्बन्धि ज्ञान ।<br>• त्रिशुल षटकोणको आकारको ज्ञान ।<br>• विशिष्ट अष्टदलका प्रकारका ज्ञान । |

**सामग्री तथा उपकरण:** पिठो, बेशार, केशरी, अबिर, बोहत्ता, टपरी, थालि, चारकुने ।
**सुरक्षा तथा सावधानी:** अबिर केशरी पिठो कपडा तथा भुईमा जथाभाबि नछरिएको । लगाएको कपडा राम्रो सँग सम्हालिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक :५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्य ५: भद्रासन रेखी हाल्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. आबश्यक सामग्री संकलन गर्ने ।<br>२. मण्डप भित्रको रेखी हाल्ने क्षेत्र निर्धारण गर्ने ।<br>३. क्षेत्रको बीचमा स्वस्तिक बनाउने बीचको प्रत्येक सूरलाई जोडेर एक एक स्वस्तिक तल माथी बनाउने पुनः यसरी बनाएको तलको दुई स्वस्तिकको टुप्पो अर्को स्वस्तिक बनाइ त्यसको टुप्पोसँग मिलाउने पुनः माथिको स्वस्तिकहरू लाई बर्गाकार घेरा जोडने र वर्गको चार सुरमा सानो सानो वर्ग बनाइ जड्ने । | **अवस्था (दिइएको):**<br>लिप पोत गरि शुद्ध गरिएको मण्डप, चामलको पिठो, अबिर केशरी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>भद्रासन रेखी हाल्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● सिधा सफा तथा एकनाशको रेखा बनाइएको ।<br>● रातो पहेंलो, सेतो रंगको समायोजन गरिएको । | **भद्रासन रेखी**<br>● रंगवलीको परिचय, महत्व र उपयोगिता ।<br>● स्वस्तिक बनाउने ज्ञान । |

**सामग्री तथा उपकरण:** पिठो, बेशार, केशरी, अबिर, बोहत्ता, टपरी, थालि, चारकुने ।
**सुरक्षा तथा सावधानी:** अबिर केशरी पिठो कपडा तथा भुईमा जथाभाबि नछरिएको । लगाएको कपडा राम्रो सँग सम्हालिएको ।

# कार्य विश्लेषण

## (आधारभूत पूजन कर्म)

# मोड्युल : ४ आधारभूत पूजन कर्म ।

समय : १५ घण्टा (सै) + ६५ घण्टा (ब्या) = ८० घण्टा

**बर्णनः**

यसमा आधारभूत पूजन कर्मसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्देश्यहरूः**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू आधारभूत पूजन कर्मसँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।

१. कर्मपात्र निर्माण गर्न
२. स्वस्तिवाचन गर्न
३. प्रायश्चित गोदान गराउन
४. अर्घ्य/शंखार्घ्य बनाउन
५. प्रतिज्ञा संकल्प गराउन
६. भूतोत्साधन गर्न
७. वरण पुण्याहवाचन गर्न/गराउन
८. दीप पूजन गराउन
९. कलशपूजन गराउन
१०. गणेशपूजन गराउन
११. रक्षाबन्धन पूजा गराउन
१२. कलशस्कन्धप्रदेश पूजा गराउन ।

**कार्यहरूः**

१. कर्मपात्र निर्माण गर्ने
२. स्वस्तिवाचन गर्ने
३. प्रायश्चित गोदान गराउने
४. अर्घ्य/शंखार्घ्य बनाउने
५. प्रतिज्ञा संकल्प गराउने
६. भूतोत्साधन गर्ने
७. वरण पुण्याहवाचन गर्ने/गराउने
८. दीप पूजन गराउने
९. कलशपूजन गराउने
१०. गणेशपूजन गराउने
११. रक्षाबन्धन पूजा गराउने
१२. कलशस्कन्धप्रदेश पूजा गराउने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ६ घण्टा

**निर्दिष्ट कार्य १: कर्मपात्र निर्माण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. तामाको भाँडा (आरी) तयार गर्ने ।<br>२. ३ मन्त्रको उच्चारण गर्दै कर्ममात्रमा तीर्थको आह्वान गर्ने ।<br>३. मन्त्रपूर्वक पवित्र र कुशहरु, जल, चन्दन, अक्षता, जौ, तिल, पुष्प हाल्ने ।<br>४. कुशले त्यस भाँडोको जल आफ्नो शरीर र कर्म गर्ने स्थान वरिपरी सेचन गर्ने । | **अवस्था (दिईएको):**<br>कर्म गर्ने स्थान, कर्ममात्र, कुश, पूजासामान ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कर्मपात्र निर्माण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रोचारण पूर्वक कर्मपात्र तयार गरिएको । | • कर्ममात्रको परिचय, आवश्यकता र महत्त्व ।<br>• कर्मपात्र निर्माणमा प्रयोग हुने मन्त्र र विधिक्रम । |

**सामग्री तथा उपकरण:** तामाको वाटा (आरी)। कुश, जल, जौ, तिल, चन्दन, फूल, अक्षता ।
**सुरक्षा/सावधानी:**

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक :१८ घण्टा
कुल समय : २० घण्टा

**निर्दिष्ट कार्य २: स्वस्तिवाचन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. यजमानका सपरिवारलाई उपस्थित गराई आसनमा बस्न लगाउने ।<br>२. चन्दन, फूल, अक्षता, फल, दूवो, लावा आदि वस्तुहरु हातमा लिएर आफ्ना इष्टदेवता, कुलदेवताहरुको स्मरण गर्न लगाउने ।<br>३. पुरोहितले मन्त्रोचारण गर्ने ।<br>४. मन्त्रको समापन पछि हातमा लिईएको द्रव्यहरु गणेशजीमा लगी अर्पण गर्न लगाउने । | **अवस्था (दिईएको):**<br>पूजा गर्ने स्थान, दुवो, फल, लावा, फूल, सामान्य पूजासामान ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>स्वस्तिवाचन गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्धमन्त्रोचारण पूर्वक भगवानको चरणमा ध्यान केन्द्रित गरी स्वस्तिवाचन गरिएको । | • स्वस्तिवाचनको आवश्यकता र महत्त्व ।<br>• स्वस्तिवाचनमा प्रयोग हुने मन्त्रहरुको ज्ञान । |

**सामग्री तथा उपकरण:** सामान्य पूजा सामग्री, दुवो, फूल, फल, लावा ।
**सुरक्षा/सावधानी:**

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कुल समय: ४ घण्टा

**निर्दिष्ट कार्य ३: प्रायश्चित गोदान गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. प्रत्यक्ष गाई या गोनिष्क्रय द्रव्य तयार पार्न लगाउने ।<br>२. गाई या द्रव्यमा मन्त्रपूर्वक पूजा गराउने ।<br>३. गाईको पूजन पश्चात् ब्राहमणको पनि पूजा गर्न लगाउने ।<br>४. गाईको पुच्छर या पवित्रले भूमि र शिरमा तर्पण गर्ने ।<br>५. कुशपानी लिई गाईको पुच्छरमा या निष्क्रयद्रव्यको बोहोतामा छुने ।<br>६. ब्राहमणले संकल्प वाचन गर्ने र कुशको टुक्रा हातमा लिने ।<br>७. फूल अक्षतादिबाट गाईको समन्त्र प्रार्थना गर्ने ।<br>८. दानप्रतिष्ठा द्रव्य हातमा लिई संकल्प पढ्ने र ब्राहमणलाई दिने ।<br>९. जलले या आफैले गाईको ३ पटक प्रदक्षिणा गर्ने ।<br>१०. सो गाईलाई ब्राह्मणतर्फ केही अगाडि डोहोर्‍याई दिने ।<br>११. ब्राहमणले गोपुच्छ या कुश/पवित्रले यजमानलाई अभिषेक गरिदिने । | **अवस्था (दिईएको):**<br>यजमान, पुरोहित र प्रायश्चित गोदानका आवश्यक सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>प्रायश्चित गोदान गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधिपूर्वक गाईको पूजन गरी संकल्प पूर्वक दान गरिएको । | प्रायश्चित गोदानको आवश्यकता र महत्व । |

**सामग्री तथा उपकरण:** पूजा/यज्ञमण्डप, लैनोगाई, सुनको सिंङ्ग, चाँदीको खुर, काँसको कल्चौडो, तामाको पिठ्यु, वस्त्रलंङ्गार सहित पूजासामग्री, कर्मपात्र ।

**सुरक्षा/सावधानी:** गाईद्वारा हुनसक्ने विविध अप्ठ्यारालाई ख्याल गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ४: अर्घ्य/शंखार्घ्य बनाउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. कर्ताको दाहिनेतर्फ बनाईएको त्रिकोण या षट्कोणमा त्रिकुटी माथि अर्घ्य राख्ने ।<br>२. अर्घ्यमा जल, दही, कुश, सर्स्यू, अक्षता, दुवो, तिल, चन्दन हाल्ने र फल (केराको केसा) राख्ने ।<br>३. शंखार्घ्यको शंखमा कुशसहित जल राख्ने ।<br>४. स्थापित अर्घ्यमा मन्त्रपूर्वक पूजा गर्ने ।<br>५. पूजन पश्चात् अर्घ्यमा धेनुमुद्रा, मत्स्यमुद्रा, अङ्कुशमुद्रा, शंखमुद्रा प्रदर्शन गर्ने ।<br>६. अर्घ्यको जल आचमनीमा लिने र समन्त्र सूर्यभगवानलाई अर्पण गर्ने र प्रार्थना गर्ने । | **अवस्था (दिईएको):**<br>पूजास्थल, आवश्यक पूजासामान ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>अर्घ्य/शंखाघ्य बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधिपूर्वक आवश्यक सामग्रीहरु सम्पादन गरी मन्त्रपूर्वक पूजन गरी अर्घ्य/शंखार्घ्य बनाईएको । | • अर्घ्यको आवश्यकता र महत्व ।<br>• अर्घ्यमा प्रयोग हुने आवश्यक सामग्रीहरु ।<br>• अर्घ्य निर्माणमा प्रयुक्त मन्त्र, विधि र क्रमको ज्ञान । |

**सामग्री तथा उपकरण:** अर्घ्य, त्रिकुटी, दही, कुश, फूल, सर्स्यु, तिल, अक्षता, सामान्य पूजा सामग्री ।

**सुरक्षा/सावधानी:** सुरक्षा सामग्री ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कुल समयः ४ घण्टा

**निर्दिष्ट कार्य ५: प्रतिज्ञा संकल्प गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. कर्ताका परिवार या कर्ता तयार हुने ।<br>२. पूर्वनिर्मित कर्मपात्रबाट ३ टुक्रा कुश र जल हातमा लिने ।<br>३. गरिन लागेको कर्म अनुसारको संकल्प वाचन गर्ने ।<br>४. हातमा लिइएको कुश भूमिमा छाडिदिने । | **अवस्था (दिईएको):**<br>पूजा स्थल र पूर्वनिर्मित कर्मपात्र<br><br>**निर्दिष्ट कार्य (के):**<br>प्रतिज्ञा संकल्प गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>● कर्म अनुसारके संकल्पवाक्यको प्रयोग गरिएको<br>● पाञ्चाङ्गको यथोचित प्रयोग गरिएको । | • प्रतिज्ञा संकल्पको महत्त्व र आवश्यकता ।<br>• संकल्पवाक्य र पाञ्चाङ्ग ज्ञान । |

**सामग्री तथा उपकरण:** कर्मपात्र, कुश, जल ।
**सुरक्षा/सावधानी:** सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कुल समयः ४ घण्टा

**निर्दिष्ट कार्य ६: भूतोत्साधन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. कर्ता पूजास्थानमा आई आसनमा बस्ने ।<br>२. बाँयाहातमा सर्यू लिने र मन्त्रपूर्वक दाँया हातले छोप्ने ।<br>३. हातमा रहेको सर्स्यूं मन्त्रपूर्वक दशै दिशामा छर्ने<br>४. सर्स्यू छर्ने बेलामा शंख, घण्ट, बजाउने । | **अवस्था (दिईएको):**<br>पूजास्थल, सर्स्यूं, कर्ता र पुरोहित<br><br>**निर्दिष्ट कार्य (के):**<br>भूतोत्साधन गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधि र क्रम मिलाई मन्त्रोच्चारण पूर्वक भूतोत्साधन गरिएको । | ● भूतोत्साधनको महत्त्व र आवश्यकता ।<br>● भूतोत्साधन विधि र मन्त्रोच्चारण ज्ञान । |

**सामग्री तथा उपकरण:** सर्स्यूं, शंख, घण्ट, पूजा सामग्री ।
**सुरक्षा/सावधानी:** सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्याबहारिक : ९ घण्टा
कुल समय : ११ घण्टा

**निर्दिष्ट कार्य ७ : वरण पुण्याहवाचन गर्ने/गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सपरिवार कर्ता पूजास्थानमा उपस्थित हुने ।<br>२. वरण सामग्री सहितसंकलप गर्ने (पुण्याहवाचन सहित)<br>३. ब्राहमणलाई टीका लगाई सामग्री दिने र हात धुने ।<br>४. चन्दन, फूल, अक्षता, दुवो, लावा, फल हातमा लिने र हात जोड्ने ।<br>५. संकल्प र मन्त्रोच्चारण सहित पुण्याहवाचन गर्ने ।<br>६. हातमा लिईएको बस्तु गणेशमा अर्पण गर्ने ।<br>७. ब्राहमणद्वारा यजमानहरुलाई टीका प्रसाद लगाई आशीर्बाद दिने । | **अवस्था (दिईएको):**<br>पूजामण्डप, वरण, र **वरण** पुण्याहवाचन सामग्री, यजमान र पुरोहित ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>वरण पुण्याहवाचन गर्ने/गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>संकल्प र मन्त्रोच्चारण सहित वरण गरिएको ब्राहमणहरुद्वारा पुण्याहवाचन गरिएको । | • वरण र पुण्याहवाचन भूतोत्साधनको महत्त्व र आवश्यकता ।<br>• वरण सामग्री ।<br>• वरण पुण्याहवाचनमा प्रयोग हुने संकल्पवाक्य र क्रमको ज्ञान । |

**सामग्री तथा उपकरण :** पूजा सामग्री, फल, धोती, गन्जी, टोपी, रुमाल आदि ।
**सुरक्षा/सावधानी:** हातमा लिइएको सामान खस्न सक्ने सम्भावना तर्फ सचेत भई सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ८: दीप पूजन गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. यज्ञ मण्डपमा पूर्वतर्फ स्थापना गरिएको दीप मन्त्रपूर्वक बाल्ने ।<br>२. मन्त्रपूर्वक हातमा फूलअक्षता लिएर दीपको आवाहन गर्ने ।<br>३. पाद्य, अर्घ्य, पञ्चामृत चढाई पूजा गर्ने र नैबेद्य र द्रव्य अर्पण गर्ने ।<br>४. दीपको प्रार्थना गर्ने । | **अवस्था (दिईएको):**<br>दीप स्थापना गरिएको यज्ञमण्डप, सामान्य पूजा सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>दीप पूजन गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्र र विधिको क्रम मिलाई दीप पूजन गरिएको । | • दीपपूजनको महत्त्व र आवश्यकता ।<br>• दीप पूजनमा प्रयुक्त मन्त्र र आवश्यक सामग्री । |

**सामग्री तथा उपकरण :** सामान्य पूजासामग्री ।
**सुरक्षा/सावधानी:** सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ७ घण्टा

**निर्दिष्ट कार्य ९ : कलशपूजन गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पूजामण्डपको ईशान भागमा विधिपूर्वक कलश स्थापना गर्ने ।<br>२. मन्त्रसहित कलश जलले भर्ने,सर्वोसधी,पञ्चरत्न,पुंगीफल (सुपारी), जौ,चन्दन,दुवो,सप्तमातृका,पञ्चपल्लव,आँप, पीपलको पात हाल्ने ।<br>३. फूल अक्षता लिई कलशको मुखमा वरुणको आह्वान गरी पूजा गर्ने ।<br>४. कलशको प्रार्थना गर्ने । | **अवस्था (दिईएको):**<br>पुजापण्डपको ईशान भागमा कलश स्थापनार्थ स्थान, कलश, आवश्यक पूजा सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कलशपूजन गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>आवश्यक मन्त्र र सामग्रीको समुचित प्रयोगद्वारा कलश पूजन गरिएको । | • कलशपूजनको महत्त्व र आवश्यकता ।<br>• आवश्यक मन्त्र र विधिक्रमको जानकारी । |

**सामग्री तथा उपकरण:** सामान्य पूजा सामग्री, पञ्चपल्लव, पञ्चरत्न, सप्तमृतिका, सर्वोषधी, सुपारी, आँप, पीपलको पात, रातो सेतो कपडा, दुवो, टपरी, धान, कलश, जल ।

**सुरक्षा/सावधानी:** कलश लड्न सक्ने तर्फ सतर्क भएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ६ घण्टा

**निर्दिष्ट कार्य १० : गणेशपूजन गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. हातमा कुशपानी लिने र संकल्प गर्ने ।<br>२. मन्त्रोचारणसहित गणेशको आह्वान गर्ने ।<br>३. षेडशोपचारले गणेशको पूजा गर्ने ।<br>४. हातमा दुवो फल लिने र मन्त्रसहित गणेशलाई चढाउने ।<br>५. मोदक, दुवो आदि विशेषवस्तु अर्पण गर्ने ।<br>६. समन्त्र प्रार्थना गर्ने । | **अवस्था (दिईएको):**<br>मण्डपको पूर्व भागमा गणेश स्थापना गरिएको<br><br>**निर्दिष्ट कार्य (के):**<br>गणेशपूजन गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्र र विधिको साथमा यजमान र पुरोहितको समेत कार्यगत एकता मिलाई गणेशपूजन गराइएको । | • गणेशपूजनको महत्त्व र आवश्यकता ।<br>• गणेशलाई अर्पण हुने विशेष वस्तुहरुको ज्ञान । |

**सामग्री तथा उपकरण:** सामान्य पूजा सामग्री, जनै, रातोवस्त्र, फल, दुवो, लावा, मोदक, नरिवल, सुपारी ।

**सुरक्षा/सावधानी:** सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ११ : रक्षाबन्धन पूजा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. रक्षाबन्धन तयार गर्ने ।<br>२. तामाको भाँडोमा जौ दुवो सर्स्यु चन्दन गोवर र दही सहित रक्षाबन्धनलाई राख्ने ।<br>३. नारायणकवचको पाठ गर्दै सो पात्रलाई छुने ।<br>४. मन्त्रोचारणपूर्वक पूजा गर्ने ।<br>५. समन्त्र प्रार्थना गर्ने । | **अवस्था (दिईएको):**<br>दीपकलशगणेश पूजा गरिएको मण्डप, तयारी रक्षाबन्धन ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>रक्षाबन्धन पूजा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>आवश्यक विधि र मन्त्रको प्रयोगद्वारा रक्षासूत्र (रक्षाबन्धन) पूजा गराईएको । | • रक्षाबन्धनको महत्त्व र आवश्यकता ।<br>• रक्षासूत्र निर्माण विधिको ज्ञान ।<br>• पूजनविधि र क्रमको ज्ञान । |

**सामग्री तथा उपकरण:** रक्षासूत्र, जौ, दुवो, चन्दन, गोवर, दही, तामाको भाँडो, सामान्य पूजा सामग्री ।
**सुरक्षा/सावधानी:** सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ६ घण्टा

**निर्दिष्ट कार्य १२ : कलशस्कन्धप्रदेश पूजा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. कलशको मुखमा गणपत्यादि वनस्पस्यन्त देवताको आह्वान गर्ने ।<br>२. आह्वान गरिएको देवतालाई यथोपलब्धोपचारले नामोच्चारणपूर्वक पूजा गर्ने ।<br>३. धूप, वत्ती, नैवेद्य, द्रव्य चढाउने ।<br>४. समन्त्र प्रार्थना गर्ने । | **अवस्था (दिईएको):**<br>पूजन गरिएको कलश, पूजा सामग्री, यजमान, पुरोहित ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कलशस्कन्ध प्रदेशमा पूजा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रोचारणद्वारा कलशस्कन्धप्रदेशको पूजा गराईएको । | • कलशस्कन्धप्रदेश पूजाको महत्त्व र आवश्यकता ।<br>• पूजा हुने देवताहरुको ज्ञान । |

**सामग्री तथा उपकरण :** पूजा सामग्री, धूप, नैवेद्य, द्रव्य ।
**सुरक्षा/सावधानी:** सामग्री सुरक्षा ।

# कार्य विश्लेषण

## (सत्यनारायण पूजा)

# मोड्यूल : ५ सत्यनारायण पूजा ।

| समय : १० घण्टा (सै) + ३५ घण्टा (ब्या) = ४५ घण्टा |
|---|
| **वर्णन:**<br>यसमा सत्यनारायण पूजासँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br><br>**उद्देश्यहरु:**<br>यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु सत्यनारायण पूजासँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।<br>१. मूल (प्रधान) कलश पूजा गराउन<br>२. आवरण पूजा गराउन<br>३. प्राण प्रतिष्ठा गराउन<br>४. षोडशोपचार पूजा गराउन<br>५. अङ्ग पूजा गराउन<br>६. विशेष वस्तु अर्पण गन ।<br><br>**कार्यहरू:**<br>१. मूल (प्रधान) कलश पूजा गराउने<br>२. आवरण पूजा गराउने<br>३. प्राण प्रतिष्ठा गराउने<br>४. षोडशोपचार पूजा गराउने<br>५. अङ्ग पूजा गराउने<br>६. विशेष वस्तु अर्पण गर्ने । |

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक: ५ घण्टा
कूल समय : ७ घण्टा

**निर्दिष्ट कार्य १: मूल (प्रधान) कलश पूजा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सत्यनारायण पूजा गर्नेवेदीमा टपरमिा भान राख्ने ।<br>२. आधारभूत पूजन कर्म अन्तर्गतको कलश पूजन पद्धति अनुसार कलश स्थापना गर्ने ।<br>३. मन्त्रोच्चारण सहित प्रधान कलशको पुजा र प्रार्थना गर्ने ।<br>४. पूजित कलशको मुखमा अष्टदल बनाइएको तामा या काँसको थाली स्थापना गर्ने । | **अवस्था (दिईएको):**<br>पूजा मण्डपतामाको प्रधान कलश र थाली, पूजामा चाहिने सम्पूर्ण सामानहरू ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>प्रधान कलश पूजा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्धमन्त्रोच्चारण गरी विधिपर्विक कलश पूजा गरिएको । | • कलश पूजनको आवश्यकता र महत्व ।<br>• प्रधान कलश पूजनमा प्रयोग हुने सामग्री र विधिको ज्ञान । |

**उपकरण र सामग्री:** प्रधान कलश पूजाको सामान, कलश, थाली,पञ्चपल्लब, पञ्चरत्न,सर्वोषधी, सप्तमृतिका, सुपारी, दुवो,जल, सामान्य पुजा सामान, अ र्य, पञ्चामृत ।

**सुरक्षा/सावधानी:** मन्त्रोच्चारणमा शुद्धता अपनाइएको,प्रधान कलश पूजन पद्धतिलाई क्रमपूर्वक अनुशरण गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक: ५ घण्टा
कूल समय : ७ घण्टा

**निर्दिष्ट कार्य २: आवरण पूजा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. अष्टदल बनाई कलशको मुखमा राखिएको थालीमा अष्टदलको पूर्वबाट ईशानसम्म विमलादि पीठको पूजा गर्ने र माझमा विष्णुको पञ्चोपचार विधिले पूजा गर्ने ।<br>२. पुन: पूर्वादिक्रमले पूर्वमा लक्ष्मी, दक्षिणमा सरस्वती, पश्चिममा आदिपुरुष, आग्नेयमा गणपति, नैऋत्यमा. सूर्य, वायव्यमा अम्बिका, ईशानमा शिव, वायव्यमा नै राम र लक्ष्मणको पञ्चोपचार विधिल पूजा गर्ने ।<br>३. दशदिक्पालको पुजा गर्ने ।<br>४. पूर्वादिक्रमले, नन्द, सुनन्द,बल, प्रबल, जय, विजय, सुशील, पुण्यशील आदि भगवानका द्वारपालको पूजा गर्ने ।<br>५. धूप दीपादि सबै क्रमले पूजा गर्ने । | **अवस्था (दिईएको):**<br>पूजा मण्डप, सामान्य पूजा सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>आवरण पूजा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>• शास्त्रोक्त प्रकारबाट पीठपूजा र द्वारपालको पूजा गरिएको<br>• मन्त्रोच्चारणमा शुद्धता अपनाईएको । | • आवरण पुजाको परिचय, आवश्यकता र महत्व ।<br>• आवश्यक सामग्री, मन्त्र र विधिको ज्ञान । |

**उपकरण र सामग्री:** सामान्य पूजा सामग्री, जल, अघर्य, पञ्चामृत, धूप, दिप, नैवेद्य, द्रव्य आदि ।

**सुरक्षा/सावधानी:** आवरण पूजाको क्रमलाई ध्यान दिईएको । मन्त्रोच्चारणमा विषेश अभिरुची दिईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक: ५ घण्टा
कूल समय : ६ घण्टा

**कार्य ३: प्राण प्रतिष्ठा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सुवर्णले निर्मित सत्यनारायणको प्रतिमा ल्याउने<br>२. उक्त प्रतिमालाई पञ्चगव्य या शुद्धजलले स्नान गराउने<br>३. स्नान गराइएको प्रतिमा अग्निमा तताउने ।<br>४. पून: शुद्धजलले पखाल्ने र थालीको माझमा स्थापना गर्ने ।<br>५. जौ, तिल र तुलसीपत्र लिएर भगवानको मूर्तिमा प्राणकल्पना गर्दै मन्त्रोच्चारण गर्ने र प्रतिष्ठा गर्ने । | **अवस्था (दिईएको):**<br>तयार पारिएको पूजा मण्डप , पूजा सामग्री , पुरोहित र यजमान<br>**निर्दिष्ट कार्य (के):**<br>प्राणप्रतिष्ठा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>प्रतिमा संस्कारको विधि अंगाली प्राण प्रतिष्ठा गरिएको । | ● प्राण प्रतिष्ठाको परिचय, आवश्यकता र महत्त्व ।<br>● प्रतिमाको स्वरूप र संस्कार विधिको ज्ञान ।<br>● प्रयुक्त मन्त्र र विधिको प्रक्रिया । |

**उपकरण र सामग्री:** सत्यनारायणको सुवर्ण प्रतिमा, जौ, तील, तुलसिपत्र, अग्नि, शुद्धजल ।

**सुरक्षा/सावधानी:** आवरण पूजाको क्रमलाई ध्यान दिईएको । मन्त्रोच्चारणमा विषेश अभिरुची दिईएको ।

सैद्धान्तिक : ३ घण्टा
व्यावहारिक: १४ घण्टा
कूल समय: १७ घण्टा

## कार्य विश्लेषण

**कार्य ४: षोडशोपचार पूजा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मन्त्रोच्चारण सहित र मा सहित सत्यनारायण भगवानलाई हातमा जौ, तिल, फूल, तुलसीपत्र लिई आवाहन गर्ने ।<br>२. हात जोडर ध्यान गर्ने र मन्त्रको उच्चारण गर्ने ।<br>३. मन्त्रसहित भगवानलाई आसनको लागि कुशका टुक्रा अर्पण गर्ने ।<br>४. मन्त्रसहित भगवानको पाउ धुन जल अर्पण गर्ने ।<br>५. समन्त्र भगवानको हात पखाल्न अर्घ्य अर्पण गर्ने ।<br>६. समन्त्र भगवानलाई प्राशन गराउन आचमनीय जल अर्पण गर्ने ।<br>७. समन्त्र मधुपर्क, (दही, घिउ, मह) ले भगवानलाई स्नान गराउने ।<br>८. सर्वाङ्ग शुद्धिकालागि समन्त्र जल चढाउने ।<br>९. अब भगवानलाई मन्त्र सहित समस्त र व्यस्त पञ्चामृत अर्पण गर्ने र शुद्धजलले स्नान गराउने ।<br>१०. भगवानलाई पीताम्बर युग्म या बस्त्रयुग्म समन्त्र चढाउने ।<br>११. यज्ञोपवीत (जनै) चढाउने ।<br>१२. आभूषणहरू चढाउने ।<br>१३. चन्दन समन्त्र चढाउने ।<br>१४. तील, जौ, अक्षता समन्त्र चढाउने ।<br>१५. फल, फूलमाला समन्त्र चढाउने ।<br>१६. महालक्ष्मीलाई सिन्दुरादि सौभाग्य, द्रव्य चढाउने ।<br>१७. धूप, दिप, नैबेद्य, द्रव्य समन्त्र अर्पण गर्ने ।<br>१८. चामर ब्यञ्जन अर्पण गर्ने।<br>१९. नीराजन र कपूर, दीपको आरती गर्ने ।<br>२०. पुष्पाञ्जली गरी नमस्कार गर्ने । | **अवस्था (दिईएको):**<br>षोडशोपचार पूजा सामग्री , तयारी अवस्थामा रहेको पूजा मण्डप, यजमान र पुरोहित ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>षोडशोपचार पूजा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>● समन्त्र षोडशोपचार विधिको प्रयोग गरिएको ।<br>● पूजनको क्रम व्यवस्था मिलाईएको । | ● षोडशोपचार पूजनको परिचय, आवश्यकता र महत्त्व ।<br>● षोडशोपचार पूजा विधि र आवशयक सामग्री । |

**उपकरण र सामग्री:** पूजा सामान, जल, अर्घ्य, पञ्चामृत, मधुपर्क, धूप, दिप, नैबेद्य, बत्ती, पिताम्बर, स्त्र, यज्ञोपवीत, आभूषण, जौ, तील, अक्षता, पान मसला, दक्षिणा, कपुर, फूल, माला ।

**सुरक्षा/सावधानी:** षोडशोपचार पुजा विधिमा विशेष ध्यान पुर्याएको आवश्यक समाग्रीहरूको ब्यवस्थापन र विधिप्रति जोड दिइएको । पूजा गर्ने क्रममा थाली कलश ढल्न सक्ने र धुप बत्ति आगलागी हुन सक्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिकः ३ घण्टा
कूल समयः ४ घण्टा

**कार्य ५: अङ्ग पूजा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. अङ्ग पूजा गर्नको लागि जौ, तील र तुलसिपत्र तयार गर्ने ।<br>२. हातमा जौ, तील, तुलसिपत्र लिने ।<br>३. भगवानको ना उच्चारण गर्दै १३ वटा नामले शिरदेखि पाउसम्म पूजा गर्ने ।<br>४. अन्तिमको नामले भगवानको सबै अङ्ग सम्झेर पूजा गर्ने । | **अवस्था (दिईएको):**<br>प्रधान पूजा गरेर तयारी अवस्थामा रहेको पूजा मण्डप, यजमान र पुरोहित ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>अङ्ग पूजा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>पाउदेखि शिर सम्म अङ्गको नामोच्चारण सहित पूजा गरिएको । | • अङ्ग पूजाको उपगोगिता र महत्व ।<br>• प्रतिमाको स्वरूप र संस्कार विधिको ज्ञान ।<br>• अङ्ग पूजा विधिको ज्ञान । |

**उपकरण र सामग्री:** जौ, तिल, तुलसीपत्र, शुद्धजल ।

**सुरक्षा/सावधानी:** आवश्यक नामको उच्चारण गर्दै पूजा गरिएको । नाम अनुसार अङ्गको पनि उच्चारण गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिकः ३ घण्टा
कूल समय : ४ घण्टा

**कार्य ६: विशेष वस्तु अर्पण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सत्यनारायण पूजामा बनेका विशेष वस्तु तयार पार्ने ।<br>२. मन्त्रपूर्वक पहँलो जोडी कपडा (पीताम्बर युग्म) अर्पण गर्ने ।<br>३. सिन्दुरादी सौभाग्य, द्रव्य मन्त्रोच्चारणसहित अर्पण गर्ने ।<br>४. मन्त्रोच्चारणसहित तुलसी पत्र अर्पण गर्ने ।<br>५. मन्त्रोच्चारणसहित अपूप (अपुङ्गो) चढाउने ।<br>६. मन्त्रोच्चारणसहित शङ्ख जल निवेदन गर्ने ।<br>७. सत्यनारायणको विशेष प्रदक्षिणा गर्ने । | **अवस्था (दिईएको):**<br>प्रधान पूजा गरेर तयारी अवस्थामा रहेको पूजा मण्डप, यजमान र पुरोहित, पीताम्बर, सौभाग्य सामग्रीहरू, अपुङ्गो, शङ्ख जल ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>विशेष वस्तु अर्पण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रोच्चारण पूर्वक विशेष वस्तु अर्पण गरिएको । | • सत्यनारायण पूजामा चाहिने विशेष वस्तुहरूको ज्ञान ।<br>• विशेष वस्तु अर्पण गर्ने विधि र मन्त्र ज्ञान । |

**उपकरण र सामग्री:** पीताम्बर, सौभाग्य सामग्रीहरू, अपुङ्गो, शङ्ख जल ।

**सुरक्षा/सावधानी:** मन्त्रपूर्वक रीत पुर्याइ सामग्री अर्पण गरिएको । सामग्री व्यवस्थापनमा ध्यान दिइएको ।

# कार्य विश्लेषण

## (अग्निस्थापन कर्म)

# मोड्युल : ६ अग्निस्थापन कर्म ।

समय : २० घण्टा (सै) + १३५ घण्टा (ब्या) = १५५ घण्टा

**बर्णनः**

यसमा अग्निस्थापन कर्मसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्वेश्यहरुः**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु अग्निस्थापन कर्मसँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।

१. पञ्चभूसंस्कार गर्न
२. अष्टदिक् पूजा गर्न
३. इन्धनशोधन स्थापना गर्न
४. अग्निको संस्कार गर्न
५. पात्रासादन गर्न
६. स्रुवसंस्कार गर्न
७. ब्रम्हा, विष्णु, प्रजापतिको अग्नि पूजा गराउन
८. हवन संकल्प गराउन
९. प्रजापत्यादि वनस्पत्यन्त हवन गर्न
१०. विशेष कर्म हवन गर्न
११. उतराङ्गहवन गर्न
१२. महाबली गर्न
१३. मेधा हवन गर्न
१४. शेषचरुहोम गर्न
१५. तिलक विधि गर्न
१६. घृतच्छाया गर्न ।

**कार्यहरुः**

१. पञ्चभूसंस्कार गर्ने
२. अष्टदिक् पूजा गर्ने
३. इन्धनशोधन स्थापना गर्ने
४. अग्निको संस्कार गर्ने
५. पात्रासादन गर्ने
६. स्रुवसंस्कार गर्ने
७. ब्रम्हा, विष्णु, प्रजापतिको अग्नि पूजा गराउने
८. हवन संकल्प गराउने
९. प्रजापत्यादि वनस्पत्यन्त हवन गर्ने
१०. विशेष कर्म हवन गर्ने
११. उतराङ्गहवन गर्ने
१२. महाबली गर्ने
१३. मेधा हवन गर्ने
१४. शेषचरुहोम गर्ने
१५. तिलक विधि गर्ने
१६. घृतच्छाया गर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिकः १० घण्टा
कुल समय : ११ घण्टा

**निर्दिष्ट कार्य : १. पञ्चभूसंस्कार गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. लिपपोत गरी शुद्ध गराइएको पूजामा बस्ने स्थान तयार गर्ने ।<br>२. मन्त्रोच्चारणसहित हातमा चन्दन, फूल, अक्षता लिएर भूमिसोधन गर्ने ।<br>३. अग्निस्थापनार्थ वेदी निर्माणार्थ या पूर्वनिर्मित वेदीमा चोखो स्थानको माटो ल्याएर मन्त्रपूर्वक स्थापना गर्ने ।<br>४. मृतिका स्थापना गरेको स्थानमा मन्त्रपूर्वक कुशले वढार्ने ।<br>५. सोहि वेदीमा गोवरले लिप्ने र पूर्व निर्मित वेदी भएर पञ्चगव्य सेचन मन्त्रपूर्वक गर्ने ।<br>६. स्रुवले वा स्फ्यद्वारा तीन वटा मन्त्रपूर्वक वेदीमा पूर्वतर्फ अधिबढेको ३ वटा रेखा कोर्ने ।<br>७. कोरिएको रेखाको माटो बुढी औंला र साहिली औंलाले ( अनामिका र अङ्गुष्ठले) ३ पटक मास्तिर मन्त्रपूर्वक छर्कने ।<br>८. वेदीको सोही रेखाको माटो इशानतर्फ मन्त्रपूर्वक मिल्काई दिने ।<br>९. मन्त्रोचारणपूर्वक कर्मपात्रको या शुद्धजल वेदीमा छर्कने । | **अवस्था (दिईएको):**<br>तयारी अवस्थाको यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>पञ्चभूसंस्कार गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• निर्मित यज्ञमण्डपमा बसी विधिपूर्वक पञ्चभूसंस्कार कर्म सम्पादन गरिएको । | • पञ्चभुसंस्कारको महत्त्व र उपयोगिता ।<br>• पञ्चभुसंस्कारमा प्रयोग हुने मन्त्रहरू सम्बन्धि ज्ञान ।<br>• पञ्चभुसंस्कारमा प्रयोग हुने सामग्रीहरूको ज्ञान |

**सामग्री तथा उपकरणः** आसन, सामान्य पूजा सामग्रीहरू, स्रुव स्फ्य, माटो, गोवर, शुद्धजल, कुश ।
**सुरक्षा/सावधानीः** सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : १० घण्टा
कुल समय : ११ घण्टा

**निर्दिष्ट कार्य : २. अष्टदिक पूजा गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पञ्चभूसंस्कार गरिएको यज्ञमण्डपमा समन्त्र रङ्गवली रचना पश्चात अष्टदिक पूजा गर्न तयार हुने ।<br>२. हातमा चन्दन, अक्षता, फूल लिने र समन्त्र पूर्व दिशाको पूजा गर्ने ।<br>३. एवम रीतले समन्त्र दक्षिण दिशाको पूजा गर्ने ।<br>४. एवम रीतले समन्त्र पश्चिम दिशाको पूजा गर्ने ।<br>५. एवम रीतले समन्त्र उत्तर दिशाको पूजा गर्ने ।<br>६. एवम रीतले समन्त्र आग्नेय दिशाको पूजा गर्ने ।<br>७. एवम रीतले समन्त्र नैऋत्य दिशाको पूजा गर्ने ।<br>८. एवम रीतले समन्त्र वायव्य दिशाको पूजा गर्ने ।<br>९. एवम रीतले समन्त्र ईशान दिशाको पूजा गर्ने ।<br>१०. एवं प्रकारले ३ मन्त्रको उच्चारणले वेदीको मध्य भागमा पूजा गर्ने । | **अवस्था (दिईएको):**<br>सामान्य पूजा सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>अष्टदिक पूजा गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• शुद्ध मन्त्रोच्चारणगरी क्रमबद्ध रूपमा अष्टदिक पूजन गरिएको । | • अष्टदिक पूजाको परिचय, महत्व र उपयोगिता ।<br>• अष्टदिक पूजमा प्रयोग हुने मन्त्रहरू र पूजनक्रमको ज्ञान । |

**सामग्री तथा उपकरणः** सामान्य पूजा सामग्री ।
**सुरक्षा/सावधानीः** सामग्री सुरक्षा

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० घण्टा
ब्यावहारिक : ५ घण्टा
कुल समय: ५.३० घण्टा

**निर्दिष्ट कार्य : ३. इन्धनशोधन स्थापना गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पूर्व तयारी यज्ञमण्डपको वेदीको छेउमा समिधा संकलन गर्ने ।<br>२. वेदीमा समिधा पूर्वबाट पश्चिम फर्काएर पाँच वटा राख्ने ।<br>३. समिधा स्थापना नियमानुसार समन्त्र पहिला पूर्वबाट पश्चिम र त्यसपछि दक्षिणबाट उत्तर फर्काएर ५+५+५+३+३+३+५ को क्रम क्रमश: मिलाएर ३ वटा समिधाले आ–आपसमा खप्ट्याएर योनिको आकार बनाउने ।<br>४. तीन वटा समिधा अलग्गै वेदीको नैऋत्य या वायव्य दिशामा राखी छाड्ने । | **अवस्था (दिईएको):**<br>समिधाहरू ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>इन्धनशोधन स्थापना गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• वेदीको आकार र नापसँग मिल्दो सलक्क परेको समिधा संकलन गरिएको ।<br>• मन्त्रोच्चारणर समिधा स्थापनाको क्रम पूरा गरिएको | • इन्धनको (समिधा) लागि आवश्यक काठको चयनको ज्ञान ।<br>• सामेधा स्थापनाको महत्त्व र क्रमबद्धताको ज्ञान । |

**सामग्री तथा उपकरण:** पलाशको सामेधा ।

**सुरक्षा/सावधानी:** नियमबद्ध तरिकाले  सामेधा स्थापनाको क्रमहरू अपनाइएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
ब्यावहारिक : १२ घण्टा
कुल समय : १३ घण्टा

**निर्दिष्ट कार्य : ४. अग्निसंस्कार गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. काँसको भाँडामा राखिएको र काँसकै भाडाले छोपिएको अग्नि वेदीको आग्नेय कोणमा राख्ने ।<br>२. आग्निको एक अंशलाई समन्त्र नैऋत्य दिशामा मिल्काई दिने र वेदीको पछाडि राख्ने र मन्त्रोच्चारणसहित आग्नेशोधन गर्ने ।<br>३. मन्त्रसहित आगोको भाँडा लिने या आफ्नो अगाडि राख्ने ।<br>४. मन्त्रपूर्वक फूल, अक्षता आदि चढाउने र अग्निको गर्भाधान संस्कारको कल्पना गर्ने ।<br>५. पुन: समन्त्र पूर्ववत् पूजा गर्ने र जातकर्म परिकल्पना गर्ने ।<br>६. ढाकेको काँसको भाँडो हटाई दिने र पूर्ववत् प्रकारले अग्निको नामाकरण संस्कार गर्ने ।<br>७. समन्त्र पूर्ववत् निष्क्रमण गर्ने ।<br>८. समन्त्र पूर्ववत् अन्नप्राशन गर्ने ।<br>९. समन्त्र पूर्ववत् चूडाकरण गर्ने ।<br>१०. समन्त्र पूर्ववत् कर्णवेद गर्ने ।<br>११. समन्त्र पूर्ववत् उपनयन गर्ने ।<br>१२. अग्निलाई गायत्री श्रवण गराउने ।<br>१३. पूर्ववत् समावर्तन गर्ने ।<br>१४. पूर्ववत् गोदानकर्म गर्ने ।<br>१५. पूर्ववत् विवाहकर्म गर्ने ।<br>१६. मन्त्रत्रयद्वारा अग्निको प्रार्थना गर्ने र मन्त्रोच्चारणपश्चात कुण्ड या वेदीमा अग्निको प्रवेश गराईदिने र दीप बाल्ने । | **अवस्था (दिईएको):**<br>तयार यज्ञपण्डप ,अग्नि र तयारी पूजासामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>आग्नेसंस्कार गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>• अग्निशोधन र संस्कारमा विधि पुचाईएको ।<br>• मन्त्रहरूको शुद्ध उच्चारण र क्रम मिलाइएको । | • अग्नि संस्कारको परिचय, महत्त्व र उपयोगिता ।<br>• अग्नि संस्कारमा प्रयोग हुने मन्त्रहरुको ज्ञान र क्रम ।<br>• अग्नि संस्कारको लागि आवश्यक वस्तुको ज्ञान |

**सामग्री तथा उपकरण:** काँसको भाँडा २ वटा, विकल्पमा माटाको पाला प्रयोग गर्न सकिने, अग्नि, सामान्य पूजा सामग्री ।

**सुरक्षा/सावधानी:** प्रज्वलित अग्निबाट हुन सक्ने विविध सावधानी अपनाईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : १० घण्टा
कुल समय : ११ घण्टा

**निर्दिष्ट कार्य : ५. पात्रासादन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. अग्निको दक्षिणपट्टि ५० कुशको ब्रम्हा बनाएर राख्ने ।<br>२. मन्त्रोच्चारणसहित होतालाई कुशको आसन राख्ने ।<br>३. मन्त्रोच्चारणसहित अग्निको उत्तरतर्फ यजमान आसन राख्ने।<br>४. मन्त्रोच्चारणसहितअग्निको उत्तरतर्फ (वायव्यमा पनि) प्रणीता र प्रोक्षणी आसन राख्ने ।<br>५. मन्त्रोच्चारणसहित प्रणीता बाँया हातमा लिने र दाया हातले जलले भरी वनाई दिने, वायव्यासनमा राखी दायाहातको अनामिकाले चलाउने  र कुशले ढाकी ब्रहमाको तर्फ देखाउँदै प्रणीतालाई प्रणीतासनमा राख्ने ।<br>६. मन्त्रपूर्वक मुठिमा कुश लिने र आग्नेयबाट ईशान, ब्रह्मादेखि आग्नेय, नैऋत्य, वायव्यसम्म र वायव्य-ईशानसम्म उत्तर र पूर्व टुप्पो फर्काएर वेदीको बाहिरी भागमा कुश बिच्याउने ।<br>७. समन्त्र यज्ञमा आवश्यक पर्ने सामग्रीहरू अग्निको उत्तरतर्फ या पश्चिमतर्फ स्थापना गर्ने ।<br>८. पवित्र निर्माणको लागि कुश स्थापना गर्ने ।<br>९. समन्त्र प्रोक्षणीपात्र घोप्ट्याएर स्थापना गर्ने ।<br>१०. समन्त्र आज्यस्थली स्थापना घोप्ट्याएरगर्ने ।<br>११. समन्त्र चरुस्थाली घोप्ट्याएर स्थापना गर्ने ।<br>१२. स्रुवसंस्कारको लागि ३ वटा कुशको त्यान्द्रा स्थापना गर्ने ।<br>१३. १३ कुशबाट निर्मित उपयमन स्थापना गर्ने ।<br>१४. एक कुरेतको पलाशको समिधा तीनवटा स्थापना गर्ने ।<br>१५. स्रुव घोप्ट्याएर स्थापना गर्ने ।<br>१६. गाईको घ्यु, चरु बनाउन तीन पटक पखालिएको जौ, चामल तिल ।<br>१७. २५६ मुट्ठी या तद्विकल्पको पूर्णपात्र स्थापना गर्ने ।<br>१८. दुईवटा  पवित्र प्रणीतामा  राख्ने ।<br>१९. प्रोक्षणीपात्रलाई प्रणीताको नजिकमा राख्ने र हातले वा कुनै पात्रले प्रणीताको जलले सेचन गर्दै पवित्रले छेकेर पवित्र प्रोक्षणीपात्रमा राख्ने र दायाँ हातले प्रोक्षणीपात्र उठाएर त्यहाँको जल अनामिका र अङ्गुष्ठले तीन पटक मास्तिर छर्कने र प्रणीताको जलले प्रोक्षणीमा र त्यस जललाई पूर्वआसादित वस्तुहरूमा क्रमशः सेचन गर्ने र प्रणीता र अग्निको माझ प्रोक्षणी स्थापना गर्ने ।<br>२०. समन्त्र आज्यस्थलीमा र चरुस्थालीमा प्रणीतोदकले अभिषेक गर्ने ।<br>२१. वल्दै गरेको समिधा आज्य र चरुलाई घुमाएर अग्निमा हाल्ने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>पात्रासादन गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधि र मन्त्रपूर्वक क्रमबद्ध तरिकाबाट पात्रासादन समेत सम्पन्न गरिएको । | • पात्रासादनको परिचय, महत्व उपयोगिता ।<br>• पात्रासादनमा प्रयोग हुने मन्त्रहरुको ज्ञान र क्रम ।<br>• पात्रासादनको लागि आवश्यक वस्तुको ज्ञान । |

**सामग्री तथा उपकरण:** कुश, प्रणीता र प्रोक्षणी, कुशको पवित्र आज्यस्थाली, चरुस्थाली, उपयमन, पूर्णपात्र, गाईको घ्यू, चरु, जल, अग्नि ।

**सुरक्षा/सावधानी:** विधि अपनाईएको र क्रम मिलाईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ६ घण्टा

**निर्दिष्ट कार्य : ६. स्रुवसंस्कार गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मन्त्रपूर्वक बायाँहातमा स्रुव ग्रहण गर्ने ।<br>२. समन्त्र स्रुवको अग्रभागमा घोप्ट्याएरआगोमा तताउने ।<br>३. बायाँहातमा स्रुवलाई उत्तानोपारी लिएर समन्त्र दायाँहातले समार्जन कुशद्वारा प्रणीताको जलले स्रुवलाई प्रोक्षण गर्ने ।<br>४. सम्मार्जन कुशको अग्रले स्रुवको अग्र, मध्यले मध्य र अधोले अधोभागलाई संमार्जन गर्ने ।<br>५. पुनः समन्त्र स्रुव प्रतपन गर्ने ।<br>६. तताईएको स्रुवलाई फेरी मन्त्रसहित प्रणीताको जलले अभिषेक गर्ने ।<br>७. फेरि स्रुव प्रतपन गर्ने र उत्तरपट्टि टुप्पो पारेर स्रुव राखिदिने ।<br>८. विधिपूर्वक घ्यू र चरुको स्थापन गर्ने र अपद्रव्य निरिक्षण गर्ने ।<br>९. मन्त्रसहित पवित्र घ्यू र चरुमा राखिदिने ।<br>१०. मन्त्रसहित बल्दै गरेको समिधा, घ्यू र चरुलाई घुमाउँदै अग्निमा हाल्ने । | **अवस्था (दिईएको):**<br>स्रुव, आज्यस्थाली, चरुस्थाली, प्रणीता, कुशको पवित्र, आगो, समिधा ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>स्रुवसंस्कार गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● शुद्ध मन्त्रोचारणसहित विधिक्रमपूर्वक स्रुवसंस्कार गरिएको ।<br>● नियमपूर्वक बनाईएको पवित्रको प्रयोग सहिढंगले गरिएको । | ● स्रुवको लक्षण र स्रुवग्रहणको विषयवोध ।<br>● स्रुव संस्कारमा प्रयुक्त मन्त्र र क्रमको ज्ञान । |

**सामग्री तथा उपकरण:** स्रुव, आज्यस्थाली, चरुस्थाली, प्रणीता, कुशको पवित्र, आगो, समिधा ।

**सुरक्षा/सावधानी:** प्रज्वलित अग्निबाट हुन सक्ने विविध सावधानी अपनाईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ७ घण्टा

**निर्दिष्ट कार्य : ७. ब्रहमा, विष्णु, प्रजापतिको अग्नि पूजन गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. वेदीको दक्षिण भागमा स्थापित ५० कुशको ब्रहमाको चन्दन, फूल, अक्षता लिई समन्त्र आह्वान गर्ने र पञ्चोपचारले/षोडशोपचारले पूजा गर्ने ।<br>२. ब्रहमाभन्दा दायातर्फ टपरीमा स्थापित विष्णुको पूर्ववत् प्रकारले समन्त्र आह्वान र पूजनादि कर्म गर्ने ।<br>३. ब्रहमाभन्दा बाँयातर्फ स्थापित प्रजापतिको समन्त्र पूर्ववत् प्रकारले पूजन गर्ने र समन्त्र ३ वटामा नै हिरण्यको रूपमा पैसा चढाउने ।<br>४. अव मन्त्रसहित अग्निको आह्वान गर्ने र पूर्ववत् पूजन गर्ने र पूजित अग्निमा पहिला स्थापित ३ भन्दा बाहेकको अर्को समिधा घ्यूमा चोपेर अग्निमा हालिदिने ।<br>५. पूर्वदिक्रमलेअलगअलगमन्त्रोच्चारणसहित४वेदकापूजनगर्ने<br>६. हातमा जल लिने र मन्त्र समापन पश्चात भूमिमा छाडिदिने र चन्दनफूल, अक्षताद्वारा अग्निको प्रार्थना गर्ने र कर्म विशेषले अग्निको नाम समेत राख्ने ।<br>७. अग्निको ४ कोणमा क्रमशः आग्नेयकोणमा ब्रहमा, नैऋत्य कोणमा पौष्टिक, वायव्यमा बलवर्द्धन र ईशानकोणमा प्रजापतिको पूजा गन अनि माभमा विष्णु (यज्ञपुरुष) को पूजा गर्ने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>ब्रहमा, विष्णु, प्रजापतिको अग्नि पूजन गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>● विधि र मन्त्रको समुचित प्रयोगद्वारा ब्रहमा, विष्णु प्रजापति अग्नि र चार वेदको पूजन गरिएको ।<br>● पूजनक्रम मिलाईएको । | ● ब्रहमा, विष्णु, प्रजापति अग्नि र वेदको पूजनको महत्त्व ।<br>● तत्तत् सम्बन्धि पूजनविधि क्रम र मन्त्रको ज्ञान । |

**सामग्री तथा उपकरण:** आसन, पञ्चपात्र, आचमनी, पञ्चामृत, अर्घ्य, पूजा सामग्री, सुवर्ण/द्रव्य, कर्मपात्र, कुश, जल ।

**सुरक्षा/सावधानी:** सम्बन्धित पूजन विधि र क्रम अपनाईएको । अग्निको समुचित व्यवस्था गरिएको ।

## कार्य विश्लेषण

कुल समय : १ घण्टा
सैद्धान्तिक : २ घण्टा
ब्यावहारिक : ३ घण्टा

**निर्दिष्ट कार्य : ८. हवनसंकल्प गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. हातमा जौ, तिल, कुश र जल लिने ।<br>२. कर्मानुसारको वाक्य सहितको संकल्पोच्चारण भएपछि हातमा लिईएको कुशलाई भूमिमा छाडिदिने ।<br>३. उपयमन कुशलाई बाँया हातमा लिने र उठ्दै प्रजापतिलाई मनमा ध्यानगरी पहिला राखिएको ३ समिधालाई मन्त्रपूर्वक हवन गर्ने र आसनमा बस्ने ।<br>४. दाँया हातमा पवित्र सहित प्रोक्षणीको जल मन्त्रपूर्वक लिने ।<br>५. हातमा लिएको जलले समन्त्र अग्निको प्रदक्षिणा गर्ने ।<br>६. दाँया घुँडा मारेर कुशले ब्राहमणलाई छुँदै १२ आहुति स्रुवले घिउको विनियोग र मन्त्रसहित हवन गर्ने ।<br>७. त्यसरी हवन गरिएको स्रुवमा अवषेश घिउलाई प्रोक्षणी पात्रमा हाल्ने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>हवनसंकल्प गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>● कार्य अनुसार वचन मिलाएर हवन संकल्प गरिएको ।<br>● हवनसंकल्प पश्चातका प्रक्रियाहरू सप्रसंङ्ग मिलाईएको । | ● हवनसंकल्पको परिचय, महत्व र उपयोगिता ।<br>● कार्य अनुसार गर्नुपर्ने संकल्पका वाक्यहरूको ज्ञान । |

**सामग्री तथा उपकरण:** कर्मपात्र, जौ, तिल, कुश, जल, आज्य, चरु, स्रुव, प्रोक्षणी ।

**सुरक्षा/सावधानी:** संकल्पको विधि र प्रक्रियाहरू अवलम्बन गरिएको । यज्ञपात्रहरूको समुचित प्रयोग गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ५ घण्टा
ब्यावहारिक : ५० घण्टा
कुल समय : ५५ घण्टा

**निर्दिष्ट कार्य : ९ प्रजापत्यादि वनस्पत्यन्त हवन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. अग्निको पश्चिमतर्फ बसेर स्रुव समाउने ।<br>२. अगाडिका क्रमशः १२ वटा आहुति स्रुवद्वारा घिउ प्रदान गर्ने ।<br>३. प्रत्येक विनियोगमा हातमा जल लिने र सकिएपछि छाड्ने ।<br>४. विनियोग पछिको हरेक मन्त्रको उच्चारणपछि स्वाहा भन्दै स्रुवद्वारा घिउ अग्निमा हाल्ने र स्रुवमा अवशेष घिउलाई क्रमशः १२ आहुतिसम्म प्रोक्षणीमा हाल्ने ।<br>५. १२ आहुतिका समापन पश्चात् आज्य र चरु दुवैको हवन शुरु गर्ने ।<br>६. मन्त्रको उच्चारण गर्दै पञ्चायतन, पञ्चलोकपाल, नवग्रह, अधिदेवता, प्रत्यधिदेवता, दशदिक्पाल, ध्रुवादि अष्टवसु, धात्रादि द्वादशादित्य, वीरभद्रादि एकादशरुद्र, गौर्यादि षोडशमातृका, आवहादि सप्तमरुत, विनायकादि देवतालाई होम गर्ने ।<br>७. हवन गर्दामा आउने शिव, ईश्वर, यम, काल, चित्रगुप्त, निऋति, ईशान, वीरभद्रादि एकादशरुद्र र रुद्र गरी १० आहुतिमा स्रुवको हवन गरेपश्चात् प्रणीताको जलमा स्रुव चोब्ने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>प्रजापत्यादि वनस्पत्यन्त हवन गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● स्रुव धारण रीतपूर्वक गरिएको ।<br>● आहुति प्रदानस्थल विचार गरी हवन गरिएको ।<br>● अग्निको अङ्गज्ञान विचार गरी हवन गरिएको ।<br>● मन्त्र र विनियोगको शुद्धोचारण गरिएको ।<br>● प्रोक्षणी र प्रणीतामा गर्नुपर्ने काम गरिएको । | ● हवनको परिचय, महत्व र उपयोगिता ।<br>● स्रुव धारणको नियम ज्ञान<br>● चरु हवन गर्ने मुद्रा र आहुति प्रदान स्थलको ज्ञान ।<br>● अग्निको अङ्ग ज्ञान । |

**सामग्री तथा उपकरण:** हवन सामग्री, कर्मपात्र, घिउ, स्फ्य, उपयमन प्रणीता, स्रुव, प्रोक्षणी, अन्य यज्ञपात्रहरू ।

**सुरक्षा/सावधानी:** प्रोक्षणीमा हुतशेषआज्य हाल्न नबिर्सने र प्रणीताको जलमा स्रुव स्पर्श गर्ने । हवनमुद्रा र स्रुवधारणमा विचार पुरचाएको ।

## कार्य विश्लेषण

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १० घण्टा
ब्यावहारिक : १३ घण्टा

**निर्दिष्ट कार्य : १०: विशेषकर्म हवन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. जुन उद्देश्य लिई कर्म गर्न लागिएको हो सो देवताको विशेष पूजागर्ने ।<br>२. सम्बन्धित देवपूजन उप्रान्त आज्य र चरु दूवै द्रव्यद्वारा तत्तत्देवताको विशेष हवन गर्ने ।<br>३. नमकरण, अन्नप्राशन, जन्मोत्सव, ग्रहशान्ति, सत्यनारायण आदि विशेष कर्महरू के हुन त्यसको विचार गर्ने ।<br>४. सबन्धित देवताको हवनपश्चात् त्यस होमको मात्र पूर्णाहुति गर्ने ।<br>५. स्रुवको टुप्पोमा सुपारी राखेर त्यसमाथि मन्त्रपूर्वक धृतधारा लगाउने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>विशेषकर्म हवन गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● विशेषकर्मका देवता विशेषको मन्त्रोच्चारणसहित हवन गरिएको । | ● विशेषकर्मको परिचय, महत्त्व र उपयोगिता ।<br>● कर्मानुसार देवपूजन विधिको ज्ञान ।<br>● देवता अनुसारको मन्त्रको ज्ञान ।<br>● सबन्धित देवता र तिनका प्रियवस्तुको ज्ञान । |

**सामग्री तथा उपकरण:** हवन सामग्री, आज्य, चरु, सामान्य पूजा सामग्री, स्रुव, यज्ञोपवीत, सुपारी, वस्त्र, सौभाग्य ।

**सुरक्षा/सावधानी:** विशेष पूजनमा ध्यान पुरचाएको । ततदेवताको विशेष हवन गरेको । मन्त्रोच्चारणको क्रम मिलाएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
ब्यावहारिक : ११ घण्टा
कुल समय : १२ घण्टा

**निर्दिष्ट कार्य : ११. उत्तराङ्गहवन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. विशेष हवनपश्चात् मन्त्रोचारणसहित विधिमा निर्दिष्ट ४३ मन्त्रहरूद्वारा सबन्धित देवताहरूको आज्य र चरुले हवन गर्ने ।<br>२. यज्ञ मण्डपमा स्थापित देवताहरूको तत्तत् मन्त्रले हवन गर्ने ।<br>३. क्रमशः भैरव भैरवी र विन्ध्यवासिनीलाई निर्दिष्ट मन्त्रले हवन गर्ने ।<br>४. अव स्थानविशेषाधिष्ठित देवदेवीको हवन गर्ने ।<br>५. निर्दिष्ट मन्त्रले पितृसहित ५ आहुति हवन गर्ने ।<br>६. ३ वटा मन्त्रले वैश्वानरलाई हवन गर्ने ।<br>७. ३ वटा श्लोकले आकाश-पातालसम्मका सबै तीर्थ, लिङ्ग र देवतालाई आहुति दिने ।<br>८. हवनको शेष द्रव्यलाई लिएर स्विष्टकृद्धोम गर्ने ।<br>९. हवन गरेर स्रुवमा अवशेष घिउ कुनै पात्रमा हालेर यजमानलाई दिने र प्राशन गराउने र आचमन गराउने<br>१०. विनियोग र मन्त्रको उच्चारण गरी १२ पटक घिउले होम गर्ने र हवनको शेषप्रोक्षणीपात्रमा हाल्ने ।<br>११. स्थापित देवताहरूको उत्तरांङ्गपूजा गर्ने र मृडाग्निको पनि पूजा गर्ने ।<br>१२. पूर्णाहुतिको लागि संकल्प गर्ने र होताले स्रुव हातमा लिने र स्रुवको टुप्पामा सुपारी राख्ने र घिउको धारा लगाउने ।<br>१३. पूर्णाहुति समापन भएपछि स्रुवको मन्त्रपूर्वक पूजा गराउने । | **अवस्था (दिईएको):**<br>यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>उतराङ्गहवन गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● शुद्ध मन्त्रोच्चारणपूर्वक क्रमबद्ध तरिकाबाट हवन गरिएको ।<br>● पूर्णाहुतिको प्रक्रिया पूरा गरिएको । | ● उत्तराङ्गहवनको महत्त्व र उपयोगिता । |

**सामग्री तथा उपकरण:** हवन सामग्री, आज्य, चरु, सामान्य पूजा सामग्री, स्रुव, प्रणीता, प्रोक्षणी, सुपारी ।

**सुरक्षा/सावधानी:** उतराङ्गहवनको विधि अपनाईएको र क्रम मिलाईएको । आज्याहुति र चरुसहितको हवनमा विचार पुरचाएको । शास्त्रसम्मत स्रुवको स्थान र हवन पद्धति अपनाईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक : १ घण्टा
कुल समय :१.३० घण्टा

**निर्दिष्ट कार्य : १२. महावलि गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. महावलिको लागि टपरीमा, कुंकुमादि, मास, वेसार, चामल, अन्न, चन्दन र रातो फूलसहित राख्ने ।<br>२. दुनामा एकमा दीप, एकमा जल राख्ने ।<br>३. सोही टपरीमा वस्त्र र दक्षिणा राख्ने ।<br>४. बत्ती बालेर मन्त्रोच्चारणसहित क्षेत्रपालको पूजा गर्ने र नमस्कार गर्ने ।<br>५. पूजा गरिएको सामग्री ब्राहमण या अन्यले दोवाटो/चौवाटोमा लगी विसर्जन गर्ने ।<br>६. महावलि लिएर जानेले हातपाउ धुने र आचमन गर्ने । | **अवस्था (दिईएको):**<br>महावलिको लागि आवश्यक सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>महावलि गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● महावलि आवश्यक सामग्री एकत्र गरिएको ।<br>● मन्त्रोचारणपूर्वक पूजा गरी विसर्जन गरिएको । | ● महावलिको आवश्यकता, परिचय, र महत्व ।<br>● महावलिमा आवश्यक पर्ने सामग्रीहरूको ज्ञान । |

**सामग्री तथा उपकरण:** माष, चामल, कुंकर, वेसार, बत्ती, जल, दक्षिणा, टपरी, वोहोता(दुना), चन्दन, रातोफूल, बस्त्र ।
**सुरक्षा/सावधानी:** महावलीको आवश्यक नियम अपनाईएको । आवश्यक सामाग्रीको चयन र क्रममा ध्यान दिईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०. ३० मी.
व्यावहारिक : १ घण्टा
कुल समय : १.३० घण्टा

**निर्दिष्ट कार्य : १३. मेधाहवन गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. घिउले भरिएको स्रुवमा पुरोहितले नरिवल या सुपारी लिएर र साथमा चन्दन र फूल समेत लिने ।<br>२. शुद्धमन्त्रोचारणन गरी निर्दिष्ट मन्त्रले स्रुवमाथि घिउको धारा लगाउने र हवन गर्ने । | **अवस्था (दिईएको):**<br>हवन गरिएको यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>मेधाहवन गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● शुद्ध मन्त्रोच्चारणपूर्वक रीत पूरा गरेको ।<br>● मन्त्रपाठ, धृतधारा र कर्तासितको कार्यगत समन्वय गरिएको । | ● मेधाहवनको आवश्यकता, परिचय, महत्त्व र उपयोगिता ।<br>● मेधाहोमको मन्त्र र क्रमको ज्ञान । |

**सामग्री तथा उपकरण:** स्रुव, घिउ, नरिवल/सुपारी, वस्त्र, पैसा, सामान्य पूजासामान ।
**सुरक्षा/सावधानी:** मेधाहोमको विधि र क्रम अपनाईएको । शुद्धमन्त्रोच्चारणगरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक : १ घण्टा
कुल समय : १.३० घण्टा

**निर्दिष्ट कार्य : १४. शेषचरुहोम गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. यजमानका सपविार वन्धुवर्गसहित उपस्थित हुने ।<br>२. हातमा घृताक्त वस्त्र, चन्दन, फल, फूल, चरु लिने ।<br>३. पुरोहितले मन्त्रोच्चारणगरेर स्वाहा भनेपछि हातमा लिइएको सामाग्री अग्निमा हवन गर्ने ।<br>४. पुनः हातमा चरु लिने र अभिमन्त्रण गर्ने ।<br>५. ३ वटा मन्त्रोच्चारणपछि स्वाहा भन्दामा हातको चरु आग्नेमा हवन गर्ने । | **अवस्था (दिईएको):**<br>मेधाहवन गरिएको यज्ञमण्डप ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>शेषचरुहोम गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● यज्ञ कुण्डमा/वेदीमा पर्ने गरी शेषचरु हवन गरिएको ।<br>● मन्त्रोचारण, चरुवितरण र कर्ताको क्रियाकलापका वीचमा समन्वय भएको । | ● शेषचरुको हवनको परिचय, आवश्यकता, , महत्त्व र उपयोगिता ।<br>● समबन्धित मन्त्रहरूको ज्ञान र क्रम ।<br>● वस्त्रहोम र चरुहोममा व्यवस्था । |

**सामग्री तथा उपकरण:** घिउ, वस्त्र, चरु, फल, फूल, सामान्य पूजासामान ।

**सुरक्षा/सावधानी:** वस्त्रहोम र चरुहोमको व्यवस्था मिलाईएको । कार्यको क्रम र मन्त्रोचारणमा ध्यान दिईएको । यजमान र पुरोहितका वीच कार्यगत एकता भएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक : १ घण्टा
कुल समय : १.३० घण्टा

**निर्दिष्ट कार्य १५: तिलकविधि गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. शेषचरुहोम गरिएपछि स्रुवले यज्ञवेदीबाट केही भस्म लिने ।<br>२. आज्यपात्रमा अवशिष्ट घिउले त्यस भस्मलाई स्रुवको सहायताले पिस्ने ।<br>३. हातले स्पर्श गर्दै मन्त्र पढेर तिलकलाई अभिमन्त्रण गर्ने ।<br>४. मन्त्रपूर्वक यजमानको ललाट, घाँटी, दाया हातको कुम तथा हृदयमा तिलक लगाई दिने । | **अवस्था (दिईएको):**<br>शेष चरु हवन गरिएको ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>तिलकविधि गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● विधिपूर्वक तिलकविधि सम्पादन गरिएको ।<br>● शुद्धमन्त्रोच्चारण गरी अभिमन्त्रण गरिएको । | ● तिलकविधिको महत्त्व, आवश्यकता र उपयोगिता ।<br>● आवश्यक मन्त्र र हस्तक्रियाको ज्ञान । |

**सामग्री तथा उपकरण:** आज्यस्थली, आज्य, स्रुव, भस्म ।

**सुरक्षा/सावधानी:** तिलकविधिको क्रम मिलाईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.३० मी.
व्यावहारिक : १ घण्टा
कुल समय : १.३० घण्टा

**निर्दिष्ट कार्य १६: घृतच्छाया गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. चाँदी/तामाको भाँडो या काँसको भाँडो वा वोहोतामा घिउ पगालेर तयार गर्ने ।<br>२. तयार गाएको घिउमा दुवोले चलाउँदै यजमानलाई आफ्नो छाँया निरीक्षण गर्न लगाउने र मन्त्र पढ्ने ।<br>३. छाँया निरीक्षण गरिएको पात्रलाई कुशपानी लिएर संकल्प गर्ने र ब्राहमणको हातमा सुम्पिदिने ।<br>४. हात जोडेर प्रार्थना गर्ने ।<br>५. दानप्रतिष्ठाको लागि द्रव्य हातमा लिने र संकल्पवाक्य उच्चारण गर्ने । | **अवस्था (दिईएको):**<br>तिलक विधि गरिएको अवस्था ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>घृतच्छाया गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>● विधिपूर्वक घृतच्छाया कार्य गरिएको ।<br>● आवश्यक सामग्री, विधि र क्रम मिलाईएको ।<br>● श्लोक र मन्त्रको शुद्ध उच्चारणमा ध्यान दिईएको । | ● घृतच्छायाको महत्त्व, आवश्यकता र उपयोगिता ।<br>● घृतच्छायाको क्रम र आवश्यक मन्त्रज्ञान । |

**सामग्री तथा उपकरण:** आज्यस्थली, आज्य, स्रुव, भस्म ।
**सुरक्षा/सावधानी:** तिलकविधिको क्रम मिलाईएको ।

# कार्य विश्लेषण

## (उत्तराङ्ग कर्म)

# मोड्युल : ७ उतराङ्ग कर्म ।

| समय : ७ घण्टा (सै) + २३ घण्टा (ब्या) = ३० घण्टा |
|---|
| **बर्णनः**<br>यसमा उतराङ्ग कर्मसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br><br>**उद्वेश्यहरुः**<br>यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु उतराङ्ग कर्मसँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।<br>१. पूर्णपात्र गराउन<br>२. यज्ञान्त गोदान गराउन<br>३. सिद्धान्न संकल्प गराउन<br>४. आरती गर्न/गराउन<br>५. पुष्पाञ्जली गर्न<br>६. भूयसी दक्षिणा गराउन<br>७. अर्घ्य निवेदन गराउन<br>८. बिसर्जन, क्षमापन र कर्म समर्पण गराउन<br>९. अभिषेक गर्न<br>१०. प्रसाद वितरण गर्न ।<br><br>**कार्यहरुः**<br>१. पूर्णपात्र गराउने<br>२. यज्ञान्त गोदान गराउने<br>३. सिद्धान्न संकल्प गराउने<br>४. आरती गर्ने/गराउने<br>५. पुष्पाञ्जली गर्ने<br>६. भूयसी दक्षिणा गराउने<br>७. अर्घ्य निवेदन गराउने<br>८. विसर्जन, क्षमापन र कर्म समर्पण गराउने ।<br>९. अभिषेक गर्ने<br>१०. प्रसाद वितरण गर्ने । |

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : २ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य १: पूर्णपात्र गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. रौप्य ताम्र मृण्मय या उपलब्ध पात्र तयार गर्ने २ २ फल, बस्त्र, द्रव्य, यज्ञोपवीत सहित २५६ मुठी या एकजना ब्राहृण तृप्त हुने किसिमले चामल राख्ने ।<br>२. मन्त्रपूर्वक पूर्णपात्र र ब्राह्मणको पूजा गर्ने ।<br>३. कुशपानी लिएर संकल्प गरी पूर्णपात्र दान गर्ने । | **अवस्था (दिइएको) :**<br>तयार पारिएको पूर्णपात्र ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>पूर्णपात्र गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधि क्रम र मन्त्रोच्चारण सहित पूर्णपात्र गरिएको । | पूर्णपात्रको आवश्यकता, महत्त्व, प्रयुक्तमन्त्रको ज्ञान । |

**सामग्री तथा उपकरण :** रौप्य, ताम्र, मृण्मयपात्र या टपरी, कर्मपात्र, चामल, जनै सूपारी, फल, बस्त्र, द्रव्य ।
**सुरक्षा र सावधानी:** रौप्य, ताम्र, मृण्मयपात्र या टपरी, कर्मपात्र, चामल, जनै सूपारी, फल, बस्त्र, द्रव्य ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० घण्टा
व्यावहारिक : २ घण्टा
कुल समय: २.३० घण्टा

**निर्दिष्ट कार्य २: यज्ञान्त गोदान गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. प्रत्यक्ष गाई या गोनिष्क्रय द्रव्य तयार पार्न लगाउने ।<br>२. गाई या द्रव्यमा मन्त्रपूर्वक पूजा गराउने ।<br>३. गाईको पूजन पश्चात् ब्राहमणको पनि पूजा गर्न लगाउने ।<br>४. गाईको पुच्छर या पवित्रले भूमि र शिरमा तर्पण गर्ने ।<br>५. कुशपानी लिई गाईको पुच्छरमा या निष्क्रयद्रव्यको बोहोतामा छुने ।<br>६. ब्राहमणले संकल्प वाचन गर्ने र कुशको टुक्रा हातमा लिने ।<br>७. फूल अक्षतादिबाट गाईको समन्त्र प्रार्थना गर्ने ।<br>८. दानप्रतिष्ठा द्रव्य हातमा लिई संकल्प पढ्ने र ब्राहमणलाई दिने ।<br>९. जलले या आफैले गाईको ३ पटक प्रदक्षिणा गर्ने ।<br>१०. सो गाईलाई ब्राह्मणतर्फ केही अगाडि डोहोर्‍याई दिने ।<br>११. ब्राहमणले गोपुच्छ या कुश/पवित्रले यजमानलाई अभिषेक गरिदिने । | **अवस्था (दिईएको):**<br>यजमान, पुरोहित र यज्ञान्त गोदानका आवश्यक सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>यज्ञान्त गोदान गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>विधिपूर्वक गाईको पूजन गरी संकल्प पूर्वक दान गरिएको । | **यज्ञान्त** गोदानको आवश्यकता र महत्त्व । |

**सामग्री तथा उपकरण:** पूजा/यज्ञमण्डप, लैनोगाई, सुनको सिंङ्ग, चाँदीको खुर, काँसको कल्चौडो, तामाको पिठ्यु, वस्त्रलंङ्गार सहित पूजासामग्री, कर्मपात्र ।

**सुरक्षा/सावधानी:** गाईद्वारा हुनसक्ने विविध अप्ठ्यारालाई ख्याल गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिकः०.३० घण्टा
व्यावहारिक : २ घण्टा
कूल समयः२.३० घण्टा

**निर्दिष्ट कार्य ३: सिद्धान्न संकल्प गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सिधाको लागि आवश्यक पर्ने चामल, दाल, नुन, बेसार, तरकारी, चिनी, घ्यू, दही, जल, टपरी, दुनाहरु, ठीक पार्ने ।<br>२. दूना र टपरीमा आवश्यक सामग्री हाल्ने ।<br>३. मन्त्रोच्चारण सहित अन्नपात्रलाई पूजा गर्ने ।<br>४. कुशपानी लिएर सिद्धान्नलाई छुने र संकल्प गर्ने ।<br>५. संकल्पित सामग्री ब्राह्मणलाई दिने या भोजना गराउने । | **अवस्था (दिइएको) :**<br>सिद्धान्नको तयारी सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>सिद्धान्न संकल्प गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>आवश्यक सामग्रीको सम्पादन गरि सिद्धान्त संकल्प गराईएको । | • सिद्धान्न दानको आवश्यकता, महत्त्व, उपयोगिता ।<br>• सिद्धान्नको सामग्री र संकल्प ज्ञान । |

**सामग्री तथा उपकरण :** चामल, दाल, नुन, बेसार, तरकारी, चिनी, घ्यू, दही, जल, टपरी, दुनाहरु, कर्मपात्र, पूजासामग्री ।
**सुरक्षा/सावधानीः** विधिनिर्दिष्ट सामग्री अपनाइएको । सामान्य पमिाण पूरा गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिकः ७ घण्टा
कूल समय : ८ घण्टा

**निर्दिष्ट कार्य ४: आरती गर्ने/गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. आरतीको भाँडा/ धुपौरो या बोहोता तयार गर्ने ।<br>२. तयार गरिएको भाँडामा बत्ती र कपुर राख्ने ।<br>३. सल्काउने र मन्त्रोच्चारण सहित भगवानलाई अर्पण गर्ने ।<br>४. त्यसपछि भूमिमा राख्ने र जलल प्रदक्षिणा गराउने ।<br>५. आरती प्रदक्षिणा गरेपछि सेक्ने (ग्रहण गर्ने)<br>६. आरती ग्रहण पश्चात् हात पखाल्ने । | **अवस्था (दिइएको) :**<br>आरती, आरती गर्ने भाँडो, बत्ती, कपुर, सलाई, पानी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>आरती गर्ने/गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>उत्कृष्ट तथा लयबद्ध तरिकाबाट सजाई आरती गान गाएको । | • आरतीको आवश्यकता, महत्त्व, उपयोगिता ।<br>• आरती विधि र मन्त्र ज्ञान |

**सामग्री तथा उपकरण :** आरती, आरती गर्ने भाँडो, बत्ती, कपुर, सलाई, पानी ,कर्मपात्र, सामान्य पूजासामग्री ।
**सुरक्षा/सावधानीः**

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिकः २ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य ५: पुष्पाञ्जली गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. कर्ताका परिवारहरुलाई एकत्रित गर्ने ।<br>२. सबैजनालाई चन्दन, फूल, अक्षता, तुलसी, बेलपत्र आदि (कार्यअनुसार) वितरण गर्ने ।<br>३. वैदिक तथा लौकिक मन्त्रहरुको उच्चारण गर्ने ।<br>४. मन्त्र समापनपछि स्थापित देवदेवीहरुमा पुष्पाञ्जली समर्पण गर्न लगाउने । | **अवस्था (दिइएको) :**<br>सामान्य पूजा सामग्री, फुल, बेलपत्र, तुलसी ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>पुष्पाञ्जली गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>वैदिक तथा लौकिक मन्त्रहरुको उत्कृष्ट र आकर्षक तरिकाले उच्चारण गरिएको । | • पुष्पाञ्जलीको आवश्यकता, महत्त्व र उपयोगिता ।<br>• पुष्पाञ्जलीमा प्रयोग हुने विविध स्तोत्र र मन्त्रहरुको ज्ञान । |

**सामग्री तथा उपकरण :** सामान्य पूजा सामग्री, फुल, बेलपत्र, तुलसी ।
**सुरक्षा/सावधानीः** स्तोत्र, मन्त्रको उच्चारणमा र पुष्पाञ्जली वितरणमा ध्यान दिईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिकः०.३० घण्टा
व्यावहारिकः २ घण्टा
कूल समयः २.३०घण्टा

**निर्दिष्ट कार्य ६: भूयसी दक्षिणा गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. कर्ताका स-परिवारहरुलाई एकत्रित गर्ने ।<br>२. बोहोता दूनामा केही पैसा राख्न लगाउने ।<br>३. सोही दूना/बोहोतामा मन्त्रपूर्वक पूजा गर्न लगाउने ।<br>४. कर्मपात्रबाट कुश र जल लिई त्यो दूना/बोहोतालाई छुन लगाउने ।<br>५. ब्राह्मणले संकल्प पढी कर्मपात्रमा छुवाएर राख्न लगाउने । | **अवस्था (दिइएको) :**<br>पूजा गरिएको अवस्था<br><br>**निर्दिष्ट कार्य (के):**<br>भूयसी दक्षिणा गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>• दक्षिणाको क्रम र विधि मिलाइएको ।<br>• संकल्पको आवश्यकीय प्रयोग गरिएको । | • भूयसी दक्षिणाको आवश्यकता, महत्त्व र उपयोगिता ।<br>• कर्मानुसार संकल्प वाक्य र क्रमको ज्ञान । |

**सामग्री तथा उपकरण :** सामान्य पूजा सामग्री, कर्मपात्र, दूना/बोहोता र खुद्रा पैसा ।
**सुरक्षा/सावधानीः** संकल्पित दक्षिणाको स्थापनमा विचार पुर्याईएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक:०.३० घण्टा
व्यावहारिक : १ घण्टा
कूल समय:१.३० घण्टा

**निर्दिष्ट कार्य ७ : अर्घ्य निवेदन गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पहिला स्थापना गरेर पूजा गरेको अर्घ्यमा जल कम भएमा थप्ने ।<br>२. सो अर्घ्यलाई हातमा लिने र जल दाया घुँडा मारेर या उठेर यज्ञ मण्डपमा स्थापित देवताहरुलाई निवेदन गर्ने ।<br>३. निवेदित अर्घ्यपात्र घोप्ट्याउने र पुजा गर्ने ।<br>४. पूजित अर्घ्यपात्र उत्तानोपारी जल हालिदिने<br>५. यज्ञको प्रदक्षिणा गराउने ।<br>६. प्रदक्षिणा सकेर नमस्कार गर्ने । | **अवस्था (दिइएको) :**<br>सामान्य पूजा सामग्री, स्थापना गरिएको अर्घ्य, जल ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>अर्घ्य निवेदन गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रको उच्चारण सहित अर्घ्य निवेदन गरिएको । | ● अर्घ्य निवेदनको औचित्यको ज्ञान<br>● निवेदन विधिको प्रक्रिया र क्रमको ज्ञान । |

**सामग्री तथा उपकरण:** सामान्य पूजा सामग्री, स्थापना गरिएको अर्घ्य, जल ।
**सुरक्षा/सावधानी:** आवश्यक क्रम पुरा गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कूल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ८: बिसर्जन, क्षमापन र कर्म समर्पण गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. पूर्वस्थापित देवतालाई फूल अक्षताले पूजा गर्ने<br>२. मन्त्रोच्चारण पूर्वक क्षमापन गर्ने ।<br>३. समस्त पूजा गरिएका देवताहरुलाई मन्त्र पढ्दै बिसर्जन गर्ने (फूल अक्षता चढाउने) ।<br>४. हात जोडेर या साष्टाङ्ग दण्डवत् गर्ने ।<br>५. कर्ताको हातमा धारण गरेको पवित्र निकाल्ने ।<br>६. कर्मपात्रमा अवशिष्ट कुश र औठी हातमा लिने<br>७. मन्त्रपूर्वक भगवानमा अर्पण गर्ने ।<br>८. अच्युत र विष्णु भगवानको मन्त्रोच्चारण सहित स्मरण गर्ने । | **अवस्था (दिइएको) :**<br>सामान्य पूजा सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>बिसर्जन , क्षमापन र कर्म समर्पण गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रोच्चारण गरी क्रम मिलाएर क्षमापन, बिसर्जन र कर्म समर्पण गराईएको । | क्षमापन ,बिसर्जन र कर्म समर्पणको आवश्यकता र औचित्यको ज्ञान । |

**सामग्री तथा उपकरण :** सामान्य पूजा सामग्री ।
**सुरक्षा/सावधानी:** मन्त्रोच्चारण र हस्तक्रियामा तारतम्य मिलाइएको । क्रमबद्ध क्षमापन, बिसर्जन र कर्म समापन गरिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० घण्टा
व्यावहारिक : १ घण्टा
कूल समयः १.३० घण्टा

**निर्दिष्ट कार्य ९ : अभिषेक गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. यज्ञमण्डपमा स्थापित कलशको जल कर्मपात्रमा संकलन गर्ने ।<br>२. कलशको मुखमा राखेको पञ्चपल्लब फूलहरु पनि कर्मपात्रमा राख्ने ।<br>३. कर्ताको परिवारलाई एकैस्थानमा भेला पार्ने ।<br>४. वैदिक र लौकिक मन्त्रपाठ गर्दै कर्ताका परिवारलाई कर्मपात्रको जल पञ्चपल्लब आँप, पीपलको पातहरुद्धारा अभिषेक गरिदिने । | **अवस्था (दिइएको) :**<br>कर्मसमापन गरिएको ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>अभिषेक गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>आवश्यक वैदिक र लौकिक मन्त्रको प्रयोग गरी कलश र कर्मपात्रको जलद्वारा अभिषेक गरिएको । | • अभिषेकको शास्त्रीय महत्त्व, आवश्यकता र औचित्य ।<br>• आवश्यक वैदिक र लौकिक मन्त्र ज्ञान । |

**सामग्री तथा उपकरण :** कर्मपात्र, कलशकोजल, पञ्चपल्लब, फूल, कलशमा राखिएका आँप, पीपलका पातहरु ।
**सुरक्षा/सावधानीः** मन्त्रोच्चारणमा शुद्धता अपनाइएको । सफा र आकर्षक तरिकाको प्रयोगको साथमा विधि र क्रम अंगालिएको ।

## कार्य विश्लेषण

सैद्धान्तिकः०.३० घण्टा
व्यावहारिक : १ घण्टा
कूल समयः १.३०घण्टा

**निर्दिष्ट कार्य १०: प्रसाद वितरण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मुख्य कर्ता र कर्ताका परिवारलाई एकत्र हुन लगाउने र ३ वटा बोहतामा प्रसाद छुट्याउने ।<br>२. यजमानलाई शुभाशीर्वाद सहित टीका लगाई दिने र प्रसाद फूल लगाई दिने र क्रमशः सबैलाई प्रसाद फूल दिने ।<br>३. रक्षाबन्धन पुरुषको दायाँ र महिलाको बायाँ हातमा बाँधिदिने ।<br>४. पञ्चामृत, अपुङ्गो, फल, पक्वान्न लगायतका उपलब्ध नैवेद्यहरु वितरण गर्ने । | **अवस्था (दिइएको) :**<br>तयार पारिएको प्रसादको थाली, नैवेद्यहरु, फल, पक्वान्न, मिठाई, फुलमाला, रक्षाबन्धन, अपुङ्गो, पञ्चामृत ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>प्रसाद वितरण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्ध मन्त्रोच्चारण गरी व्यवस्थित तरिकाले प्रसाद वितरणर गरिएको । | • पहिला छुट्याउनुपर्ने प्रसादको ज्ञान ।<br>• आवश्यक पन्त्रहरुको ज्ञान<br>• प्रसाद वितरणको आवश्यकता र औचित्य । |

**सामग्री तथा उपकरण :** तयार पारिएको प्रसादको थाली, नैवेद्यहरु, फल,पक//वान्न, मिठाई, फुलमाला, रक्षाबन्धन, अपुङ्गो, पञ्चामृ, तिलक ।
**सुरक्षा/सावधानीः** मन्त्रोच्चारणमा शुद्धता अपनाइएको । प्रसाद वितरण कार्य र सामग्रीको यचोचित संकलन र स्थापना गरेको ।

# कार्य विश्लेषण

## (एकोद्दिष्ट श्राद्ध)

# मोड्युल : ८ एकोद्दिष्ट श्राद्ध ।

समय : १३ घण्टा (सै) + ६२ घण्टा (ब्या) = ७५ घण्टा

**बर्णनः**

यसमा एकोद्दिष्ट श्राद्धसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्वेश्यहरुः**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु एकोद्दिष्ट श्राद्धसँग सम्बन्धित निम्न कार्य गर्न समर्थ हुनेछन् ।

१. तर्पण कर्म गराउन
२. ब्राम्हण निमन्त्रणा/पादार्घ गराउन
३. श्राद्ध कर्मपात्र निर्माण गर्ने
४. श्राद्धसंकल्प, दिग्बन्धन र हस्तार्घ गराउन
५. ब्राह्मण पूजा, सिद्धान्न दान र विकिरदान गराउन
६. पिण्डवेदी निर्माण गराउन
७. पिण्डदान र पिण्डपूजन गराउन
८. आशीष प्रार्थना, वसन्त पूजा र दक्षिणा दान गराउन
९. ब्राह्मण विसर्जन, दीपाच्छादन र कर्मसमर्पण गर्न ।

**कार्यहरुः**

१. तर्पण कर्म गराउने
२. ब्राम्हण निमन्त्रणा/पादार्घ गराउने
३. श्राद्ध कर्मपात्र निर्माण गर्ने
४. श्राद्धसंकल्प, दिग्बन्धन र हस्तार्घ गराउने
५. ब्राह्मण पूजा, सिद्धान्न दान र विकिरदान गराउने
६. पिण्डवेदी निर्माण गराउने
७. पिण्डदान र पिण्डपूजन गराउने
८. आशीष प्रार्थना, वसन्त पूजा र दक्षिणा दान गराउने
९. ब्राह्मण विसर्जन, दीपाच्छादन र कर्मसमर्पण गर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ५ घण्टा
व्यावहारिकः १५ घण्टा
कुल समयः २० घण्टा

**निर्दिष्ट कार्य १: तर्पण कर्म गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. जलपात्र, कुशका टुक्रा, पवित्र आदि सामग्री तयार गर्ने ।<br>२. तामाको अर्घपात्र अथवा खगौतो, बस्ने आसन, चोखोजल, प्रायश्चित्तको सामान संकलन गर्ने ।<br>३. देवर्षि तर्पण, मनुष्य तर्पण र दिव्यपितृतर्पणको सामान तयार पारी तर्पण गर्ने ।<br>४. वस्त्र निष्पीडन, सूर्याघ्र्य, सूर्योपस्थान, दिङ्नमन, चक्षुस्पर्श, तर्पणकर्म विसर्जन कर्म गर्ने । | **अवस्था (दिइएको):**<br>लिप पोत गरी पवित्र बनाइएको स्थल, कुश र कुशका विभिन्न सामग्रीहरू (औँठी, पवित्र, मोटक, बाह्मण लगायत, जौ तिल, फूल)।<br><br>**निर्दिष्ट कार्य (के):**<br>तर्पण कर्म गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>सफा र पवित्र स्थल, शुद्ध मन्त्र उच्चारण गरी क्रमबद्ध क्रम मिलाई तर्पण कर्म गरिएको । | • तर्पणको महत्त्व र उपयोगिता ।<br>• मन्त्र प्रयोग सम्बन्धी ज्ञान ।<br>• कुशधारण सम्बन्धी ज्ञान ।<br>• यज्ञोपवीतको सव्य अपसव्यादिको क्रम ज्ञान ।<br>• तर्पणका क्रममा आवश्यक सामग्री, बस्ने अवस्था र हस्ततीर्थको ज्ञान । |

**सामग्री तथा उपकरण** : जल, जलपात्र, कुशका टुक्रा, पवित्र, आसन, मोटक, कुशको औँठी, खगौतो, तामाको आरी, अर्घौतो, कालो तिल, जौ, चन्दन, अक्षता, द्रव्य ।

**सुरक्षा तथा सावधानी** : समतल स्थान, सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ७ घण्टा

**निर्दिष्ट कार्य २: ब्राम्हण निमन्त्रणा/पादार्घ गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. दीयो र सोको स्थापनाका लागि सामग्री सहित स्थान निर्धारण गर्ने ।<br>२. पान, सुपारी, फूल आदि सामान तयार गर्ने, बस्ने आसन, जल, बाह्मणलाई उत्तराभिमुख बनाई राख्ने र संकल्प पढी ब्राह्मण निमन्त्रणा गर्ने ।<br>३. दुनामा जल हाली मन्त्रपूर्वक ब्राह्मणको पाउ धुने । | **अवस्था (दिइएको):**<br>पवित्र पारिएको स्थान, पूजाको आवश्यक सामान, ब्राह्मण ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>ब्राम्हण निमन्त्रणा/पादार्घ गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>हस्तक्रिया र मन्त्र शुद्धसँग उच्चारण गरी ब्राम्हण निमन्त्रणा र पादार्घ गरिएको । | • जानु स्पर्श विधिको ज्ञान ।<br>• संकल्पवाक्य रचना ज्ञान ।<br>• मन्त्र सम्बन्धी ज्ञान<br>• पुष्पधारण सम्बन्धी ज्ञान । |

**सामग्री तथा उपकरण** : पवित्र पारिएको स्थान, पूजाको आवश्यक सामान वोता, दूना, कुश पानको पात जनै, सुपारी, चामल, श्राद्धको पुस्तक, पवित्र, मोटक, औँठी ।

**सुरक्षा तथा सावधानी** : समतल स्थान, सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : २ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य ३: श्राद्ध कर्मपात्र निर्माण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. तामाको भाँडा (आरी) तयार गर्ने ।<br>२. ३ मन्त्रको उच्चारण गर्दै कर्ममात्रमा तीर्थको आह्वान गर्ने ।<br>३. मन्त्रपूर्वक पवित्र र कुशहरु,जल,चन्दन,अक्षता , तिल,पुष्प हाल्ने ।<br>४. कुशले त्यस भाँडोको जल आफ्नो शरीर र कर्म गर्ने स्थान वरिपरी सेचन गर्ने । | **अवस्था (दिईएको):**<br>कर्म गर्ने स्थान, कर्ममात्र, कुश, पूजा सामान ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>श्राद्ध कर्मपात्र निर्माण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रोचारण पूर्वक कर्मपात्र तयार गरिएको । | • कर्ममात्रको परिचय, आवश्यकता र महत्त्व ।<br>• कर्मपात्र निर्माणमा प्रयोग हुने मन्त्र र विधिक्रम । |

**सामग्री तथा उपकरण:** तामाको वाटा (आरी)। कुश, जल, तिल, चन्दन, फूल, अक्षता ।
**सुरक्षा/सावधानी:** सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिकः १० घण्टा
कुल समय : ११ घण्टा

**निर्दिष्ट कार्य ४: श्राद्धसंकल्प, दिग्बन्धन र हस्तार्घ गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. प्रतिज्ञा संकल्पको सामान तयार गर्ने ।<br>२. दिग्बन्धनको लागि कुश तिल मोटक लगायत आवश्यक सामग्री तयार गर्ने ।<br>३. हातमा मोटक र तिल लिई मन्त्रपूर्वक पूर्वादि क्रमले छरी मोटकलाई बायाँ कटीमा घुसारी नीविबन्धन गर्ने ।<br>४. तीन टुक्रा कुश र तिल लिई मन्त्रपूर्वक दक्षिण दिशामा फ्याल्ने ।<br>५. हस्तार्घको पात्रमा पूजासामग्री मन्त्रपूर्वक राखी देब्रे राखी दायाँ हात उत्तानो पारी ढाक्ने अनि संकल्पपूर्वक जल चढाउने, चक्षुस्पर्श गरी अर्घपात्र घोप्ट्याउने । | **अवस्था (दिइएको):**<br>कुश तिल फूल दूना कुशपवित्र, यज्ञोपवीत ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>श्राद्धसंकल्प, दिग्बन्धन र हस्तार्घ गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्ध मन्त्रोच्चारण गरी विभक्ति वचन मिलाई सङ्कल्प वाक्य उच्चारण गरिएको । | यज्ञोपवीत परिवर्तन (सव्य अपसव्य) को विवेचना । |

**सामग्री तथा उपकरण** : दुना, टपरी, कुश, जल, तिल, पूजा सामग्री ।
**सुरक्षा तथा सावधानी** : सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक :०.३० घण्टा
व्यावहारिक : १० घण्टा
कुल समय: १०.३० घण्टा

**निर्दिष्ट कार्य ५: ब्राह्मण पूजा, सिद्धान्न दान र विकिरदान गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. ब्राह्मणलाई चन्दन, अक्षता, फूल, यज्ञोपवीत, धूप, दीप, नैवेद्य, दक्षिणा संकल्पवाक्यपूर्वक ब्राह्मणलाई अर्पण गर्ने ।<br>२. अन्नदान (सिधा) को सामग्री तयार गरी भूस्वामीका लागि वाक्यपूर्वक अर्पण गर्ने ।<br>३. पितृलाई अर्पण गर्ने अन्न तयार गरी मन्त्र र संकल्पवाक्यपूर्वक अर्पण गर्ने ।<br>४. विकिरदान दानका लागि स्थान निर्धारण गरी कुशको आसन राखी दुनामा तिल, घिउ, मह, पिण्ड सामग्रीलाई जलले भिजाउने र मन्त्रपूर्वक पूर्व निर्धारित स्थानमा घोप्ट्याउने । | **अवस्था (दिइएको):**<br>जल, चन्दन अक्षता, सुपारी जनै, द्रव्य, वस्त्र, धूप, दीप नैवेद्य मोटक, मह घ्यू तिल, कुशखण्ड, सिद्दान्न, पिण्ड सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>ब्राह्मण पूजा, सिद्धान्न दान र विकिरदान गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्ध मन्त्रोच्चारण गरी विभक्ति वचन मिलाई सङ्कल्प वाक्य उच्चारण गरी ब्राह्मण पूजा, सिद्दान्न दान र विकिरदान गराएको । | • हस्तक्रियाको ज्ञान ।<br>• सिद्दान्न सामग्री ।<br>• पिण्ड सामग्री । |

**सामग्री तथा उपकरण** : जल, चन्दन अक्षता, सुपारी जनै, द्रव्य, वस्त्र, धूप, दीप, नैवेद्य, मोटक, मह घ्यू तिल, कुशखण्ड, सिद्दान्न, पिण्ड सामग्री ।

**सुरक्षा तथा सावधानी** : सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक: २ घण्टा
कुल समय : ३ घण्टा

**निर्दिष्ट कार्य ६: पिण्डवेदी निर्माण गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. बालुवा अथवा माटो प्रयोग गरी चारैतर्फ एक एक हात फराकिलो र चार अंगुल अग्लो पिण्डवेदी बनाउने ।<br>२. मन्त्रपूर्वक कुशले दक्षिणाग्र तीनओटा रेखा कोरी अंगारभ्रमण गराई दक्षिणतर्फ फाल्ने ।<br>३. कर्मपात्रोको जलले पिण्डवेदी सेचन गर्ने र कुशमाथि फूलहरु बिच्छ्याउने । | **अवस्था (दिइएको):**<br>श्राद्धभूमि, पिण्डवेदीका सामग्री ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>पिण्डवेदी निर्माण गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>शुद्ध मन्त्रोच्चारण गरी हस्तक्रियाद्वारा पिण्डवेदी निर्माण गरिएको । | वेदी निर्माण प्रक्रिया ज्ञान । |

**सामग्री तथा उपकरण** : कुशका लामाटुक्राहरू, अंगार, जरा नभएका कुश, फूल, बालुवा वा माटो ।

**सुरक्षा तथा सावधानी** : सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ७: पिण्डदान र पिण्डपूजन गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. संकल्पवाक्यपूर्वक अवनेजन, पिण्डदान र प्रत्यवनेजन दिने ।<br>२. पिण्डमा पूजासामग्रीले पूजा गरी संकल्पपूर्वक विविध वस्तु अर्पण गर्ने ।<br>३. पिण्डशेषलाई पिण्ड नजिक छर्ने ।<br>४. पिण्डमाथि अक्षय्योदक, पयोधारा र जलधारा दिने । | **अवस्था (दिइएको):**<br>अक्षता, फूल कुश, गंगाजल, दूना ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>पिण्डदान र पिण्डपूजन गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रोच्चारण र संकल्प सहित पिण्डदान र पिण्डपूजन गरिएको । | पिण्डदान तथा पूजा सम्बन्धी लागि हस्तक्रियाको ज्ञान । |

**सामग्री तथा उपकरण** : चामल, जौको पिठो, गाईको दूध, तिल, मह, फूल, पूजा सामग्री ।
**सुरक्षा तथा सावधानी** : सामग्री सुरक्षा ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : १० घण्टा
कुल समय : ११ घण्टा

**निर्दिष्ट कार्य ८: आशीष प्रार्थना, वसन्त पूजा र दक्षिणा दान गराउने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मन्त्रोच्चारणपूर्वक हात जोडेर आशीष प्रार्थना गर्ने ।<br>२. घोट्याइएको अर्घपात्रबाट निकाली कुशपवित्र पिण्डमा चढाउने लगायत आवश्यक कार्य गर्ने ।<br>३. पिण्ड उत्थापन, शंख चक्र लेखन, गया गमनादि कार्य गर्ने ।<br>४. चन्दन अक्षता फूल लिई मन्त्रपूर्वक पिण्डमा वसन्त पूजा गर्ने ।<br>५. दक्षिणा दानको सामग्री तयार गरी ब्राह्मण दक्षिणा र भूयसी दक्षिणा गर्ने । | **अवस्था (दिइएको):**<br>पिण्डपूजा गरिएको अवस्था ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>आशीष प्रार्थना, वसन्त पूजा र दक्षिणा दान गराउने ।<br><br>**स्तर (कति राम्रो):**<br>मन्त्रोच्चारण र संकल्प सहित आशीष प्रार्थना, वसन्त पूजा र दक्षिणा दान कार्य सम्पन्न गरिएको । | वसन्त पूजाको परिचय र महतत्व । |

**सामग्री तथा उपकरण** : कपूर, नैवेद्य, धूप बत्ती, फूल, पूजा सामग्री ।
**सुरक्षा तथा सावधानी** : सामग्री सुरक्षा ।

# कार्य विश्लेषण

सैद्धान्तिक :०. ३० घण्टा
व्यावहारिक : ५ घण्टा
कुल समय : ५.३० घण्टा

**निर्दिष्ट कार्य ९: ब्राह्मण विसर्जन, दीपाच्छादन र कर्मसमर्पण गर्ने ।**

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. मन्त्रोच्चारणपूर्वक ब्राह्मण विसर्जन गर्ने ।<br>२. अपसव्य भई विना मन्त्र दीपाच्छादन गर्ने ।<br>३. कर्मपात्रमा बाँकी रहेका कुशहरुसहित हात लगाएको औँठी समर्पण गर्ने र प्रसाद ग्रहण गर्ने । | **अवस्था (दिइएको):**<br>वसन्तादि पूजा र दक्षिणा संकल्प गरिएको ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>ब्राह्मण विसर्जन, दीपाच्छादन र कर्मसमर्पण गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>हस्तक्रिया र मन्त्र उच्चारणसहित कार्य सम्पन्न गरिएको । | हस्तक्रियाको ज्ञान । |

**सामग्री तथा उपकरण** : फूल, अक्षता, चन्दन, द्रव्य, कुश ।
**सुरक्षा तथा सावधानी** : सामग्री सुरक्षा ।

# कार्य विश्लेषण

## (सञ्चार तथा व्यवसायिकता विकास)

# मोड्यूल : ९ सञ्चार तथा व्यवसायिकता विकास

## सब-मोड्यूल : ९.१ सञ्चार

| समय : ३ घण्टा (सै) + ७ घण्टा (व्या) = १० घण्टा |
|---|
| **वर्णन:**<br>यो मोड्युलमा सञ्चार सम्बन्धी आवश्यक ज्ञान तथा सीप समावेश गरिएको छ ।<br><br>**उद्देश्यहरू :**<br>यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू निम्न कार्य गर्न समर्थ हुनेछन् ।<br>१. वरिष्ठ सँग संचार गर्न<br>२. सहकर्मीसँग संचार गर्न<br>३. सहयोगीसँग संचार गर्न<br>४. पेशागत संघ संस्थाहरु सँग संचार गर्न<br>५. यजमानसँग संचार गर्न ।<br><br>**कार्यहरू :**<br>१. वरिष्ठ सँग संचार गर्ने<br>२. सहकर्मीसँग संचार गर्ने<br>३. सहयोगीसँग संचार गर्ने<br>४. पेशागत संघ संस्थाहरु सँग संचार गर्ने<br>५. यजमानसँग संचार गर्ने । |

## कार्य विश्लेषण

### सञ्चार

| क. सं | क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान | समय घण्टामा | | |
|---|---|---|---|---|---|---|
| | | | | सै | प्र | जम्मा |
| १ | वरिष्ठसँग सञ्चार गर्ने । | **अवस्था (दिइएको):**<br>वरिष्ठ व्यक्ति, फोन ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>वरिष्ठसँग सञ्चार गर्ने ।<br><br>**स्तर (कति राम्रो) :**<br>● शिष्टाचारका शब्द र व्यवहारको प्रदर्शन भएको ।<br>● सम्मान पूर्वक विचारको आदानप्रदान भएको ।<br>● पेशागत समस्या, विचार र अवसरहरू वारे खुल्ला वार्तालाप भएको । | ● वरिष्ठसँग सम्बन्ध कायम गर्नाको महत्त्व<br>● वरिष्ठसँग सञ्चार गर्नाको उदेश्य<br>● वरिष्ठसँग सञ्चार गर्ने विधि | ०.५ | १.५ | २ |
| २ | सहकर्मीसँग सञ्चार गर्ने । | **अवस्था (दिइएको) :**<br>सहकर्मी, फोन ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>सहकर्मीसँग सञ्चार गर्ने ।<br><br>**स्तर (कति राम्रो) :**<br>● शिष्टाचारयुक्त शब्द र हाउभाउ युक्त वार्ता भएको ।<br>● चुस्त तवरले आवश्यकताको प्रस्तुति र कार्य तत्परता स्पष्ट भएको । | ●सहकर्मीसँग सम्बन्ध कायम गर्नाको आवश्यकता<br>●सहकर्मीसँग सञ्चार गर्ने विधि | १ | १ | २ |
| ३ | सहयोगीसँग सञ्चार गर्ने । | **अवस्था (दिइएको) :**<br>सहयोगी, फोन ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>सहयोगीसँग सञ्चार गर्ने ।<br><br>**स्तर (कति राम्रो) :**<br>● शिष्टाचारयुक्त शब्द र हाउभाउ युक्त वार्ता भएको ।<br>● चुस्त तवरले आवश्यकताको प्रस्तुति र कार्य तत्परता स्पष्ट भएको । | ● सहयोगीसँगको सञ्चारको आवश्यकता<br>● सहयोगीसँग सञ्चार गर्नाको उद्देश्य<br>● सहयोगीसँग सञ्चार गर्ने विधि | ०.५ | १ | १.५ |
| ४ | पेशागत संघ संस्थासँग सञ्चार गर्ने । | अवस्था (दिईएको) :<br>पेशागत संघसंस्था, फोन, सम्पर्क, भेटघाट ।<br><br>निर्दिष्ट कार्य (के):<br>पेशागत संघ संस्थासँग सञ्चार गर्ने ।<br><br>स्तर (कति राम्रो) :<br>● शिष्टाचारयुक्त शब्द र हाउभाउ युक्त वार्ता भएको ।<br>● चुस्त तवरले आवश्यकताको प्रस्तुति र कार्य तत्परता स्पष्ट भएको ।<br>● व्यावसायिक संघ संस्थासँग भेटघाट, संलग्नता, समन्वय र विचार सकारात्मक भएको । | • पेशागत संघसंस्था सँग सुसम्बन्ध कायम गर्नाको आवश्यकता र महत्व ।<br>● पेशागत संघसंस्था सँग सञ्चार गर्ने विधि । | ०.५ | १.५ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | यजमानसँग संचार गर्ने । | **<u>अवस्था (दिइएको) :</u>**<br>यजमान, फोन ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>यजमानसँग संचार गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो) :</u>**<br>• शिष्टाचारयुक्त शब्द र हाउभाउयुक्त वार्ता भएको ।<br>• चुस्त तवरले आवश्यकताको प्रस्तुति र कार्य तत्परता स्पष्ट भएको ।<br>• यजमानसँग भेटघाट, संलग्नता, समन्वय र विचार सकारात्मक भएको । | • यजमानसँग सम्बन्ध कायम गर्नाको आवश्यकता<br><br>• यजमानसँग सञ्चार गर्ने विधि | ०.५ | २ | २.५ |
| | | **जम्मा** | | **३** | **७** | **१०** |

# सब मोड्यूल : ९.२ व्यावसायिकता विकास

| समय : ४ घण्टा (सै) + ६ घण्टा (ब्या) = १० घण्टा |
|---|
| वर्णन :<br>यो मोड्यूलमा व्यवसायिकता विकास सम्बन्धी आवश्यक पर्ने ज्ञान तथा सीप समावेश गरिएको छ।<br><br>उद्देश्यहरू :<br>यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरू निम्न कार्य गर्न समर्थ हुनेछन्।<br>१. अवलोकन भ्रमण गर्न<br>२. तालीममा सहभागी हुन<br>३. गोष्ठी/सेमिनारहरुमा सहभागी हुन<br>४. ४.रेडियो टिभीमा कार्यक्रम सुन्न/हेर्न<br>५. पुस्तक/पत्र पत्रिकाको अध्ययन गर्न।<br><br>कार्यहरू :<br>१. अवलोकन भ्रमण गर्ने<br>२. तालीममा सहभागी हुने<br>३. गोष्ठी/सेमिनारहरुमा सहभागी हुने<br>४. रेडियो टिभीमा कार्यक्रम सुन्ने/हेर्ने<br>५. पुस्तक/पत्र पत्रिकाको अध्ययन गर्ने। |

## कार्य विश्लेषण
### व्यवसायिकता विकास

| क. सं. | क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान | समय घण्टामा | | |
|---|---|---|---|---|---|---|
| | | | | सै | प्र | जम्मा |
| १. | अवलोकन भ्रमण गर्ने । | **अवस्था (दिइएको):**<br>अवलोकन स्थल, सवारी साधन ।<br>**निर्दिष्ट कार्य (के):**<br>अवलोकन भ्रमण गर्ने ।<br>**स्तर(कति रामो):**<br>अवलोकन भ्रमण गरी कर्मकाण्ड सम्बन्धी थप ज्ञान र सीप प्राप्त गरेको । | • अवलोकन भ्रमण गर्ने स्थानको छनोट ।<br>• अवलोकन भ्रमणको महत्व । | १ | १.५ | २.५ |
| २. | तालीममा सहभागी हुने । | **अवस्था (दिइएको):**<br>तालीम प्रदायक संस्थाहरू ।<br>**निर्दिष्ट कार्य (के):**<br>तालीममा सहभागी हुने ।<br>**स्तर(कति रामो):**<br>पुरोहित सम्बन्धी तालीम दिने विभिन्न तालीम प्रदायक संस्थाहरू खोजी गरी तालीममा सहभागी भएको । | • तालीम कार्यक्रमको सूची प्राप्त गर्ने विधि<br>• सञ्चार र संम्बन्ध कायम गर्ने विधि | १ | १.५ | २.५ |
| ३. | गोष्ठी/सेमिनार हरुमा सहभागी हुने । | **अवस्था (दिइएको):**<br>गोष्ठी/सेमिनार, कार्यशार्ला<br>**कार्य (के):**<br>गोष्ठी/सेमिनारहरूमा सहभागी हुने ।<br>**स्तर(कति रामो):**<br>गोष्ठी, सेमिनार तथा कार्यशालामा सक्रियताका साथ सहभागिता जनाएको । | • गोष्ठी/सेमिनार कार्यशाालाहरूमा भाग लिनाको उद्देश्य ।<br>• गेष्ठी/सेमिनार, कार्यशालाबाट फाइदा लिने तरिका । | १ | १.५ | २.५ |
| ४. | रेडियो टिभीमा कार्यक्रम सुन्ने/हेर्ने गर्ने । | **अवस्था (दिइएको):**<br>रेडियो, टिभी ।<br>**निर्दिष्ट कार्य (के):**<br>रेडियो टिभीमा कार्यक्रम सुन्ने/हेर्ने गर्ने ।<br>**स्तर(कति रामो):**<br>रेडियो टिभीमा कार्यक्रम सुनेर/हेरेर कर्मकाण्ड सम्बन्धी थप ज्ञान तथा सीप हासिल गरेको । | • रेडियो तथा टिभी हेर्ने सुन्ने गर्नाको आवश्यकता र महत्व ।<br>• रेडियो तथा टिभी सुन्ने हेर्ने समयको पहिचान । | ०.५ | १ | १.५ |
| ५. | पुस्तक/पत्र पत्रिकाको अध्ययन गर्ने । | **अवस्था (दिइएको):**<br>पुस्तक/पत्र पत्रिकाका ।<br>**निर्दिष्ट कार्य (के):**<br>पुस्तक/पत्र पत्रिकाको अध्ययन गर्ने ॥<br>**स्तर(कति रामो):**<br>पुस्तक/पत्र पत्रिकाको अध्ययन गरी आफूलाई चुस्त दुरुस्त बनाएको । | • पुस्तक/पत्र पत्रिकाको अवधारणा<br>• पुस्तक/पत्र पत्रिकाको अध्ययनको फाइदा | ०.५ | ०.५ | १ |
| | | **जम्मा** | | ४ | ६ | १० |

# मोड्यूल : १०
## उद्यमशीलता विकास

समय : १८ घण्टा (सै) + २२ घण्टा (व्या) = ४० घण्टा

**Course description**

This course is designed to impart the knowledge and skills necessary for micro enterprise startup. The entire course intends to provide basics of entrepreneurial characteristics, finding viable business idea and developing business plan.

**Course objectives**

After completion of this course students will be able to:

1. Understand concept of entrepreneurship and business
2. Explore viable business idea
3. Learn to prepare business plan

| SN | Task statements | Related technical knowledge | Time (hrs) | | |
|---|---|---|---|---|---|
| | | | T | P | Tot. |
| 1. | State the concept of entrepreneurship/ business/enterprises | • Introduction to entrepreneurship<br>• Classification of enterprises<br>• Benefits of self employment | 2 | | 2 |
| 2. | Grow entrepreneurial attitudes | • Wheel of success<br>• Risk taking attitude | 3 | | 3 |
| 3. | Generate viable business ideas | • Business idea generation<br>• Evaluation of business ideas<br>• Creativity and innovation | 3 | | 3 |
| 4. | Prepare business plan | • Concept of market and marketing<br>• Description of product or service<br>• Selection of business location<br>• Estimation of market share<br>• Promotional measures<br>• Required fixed assets and cost<br>• Required raw materials and costs<br>• Operation process flow<br>• Required human resource and cost<br>• Office overhead and utilities<br>• Working capital estimation<br>• Unit price calculation<br>• Cost benefit analysis<br>• Information collection guidelines | 9 | 20 | 29 |
| 5. | Prepare basic business records | • Day book<br>• Payable & receivable account | 1 | 2 | 3 |
| | | **Total:** | **18** | **22** | **40** |

**Text book:**

क) प्रशिक्षकहरूका लागि निर्मित निर्देशिका तथा प्रशिक्षण सामग्री, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, २०६९
ख) प्रशिक्षार्थीहरूका लागि निर्मित पाठ्यसामग्री तथा कार्यपुस्तिका, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (अप्रकाशित), २०६९

**Reference book:**

Entrepreneur's Handbook, Technonet Asia, 1981

# व्यवसायमा आवश्यक तालीम गुणस्तर सूचक

**प्रशिक्षणको पेसा:** सहायक पुरोहित
**समूहको आकार:** २० प्रशिक्षार्थी
**अवधि: ६७०** घन्टा (आधारभूत)

| क्र.सं. | मापक/विधि | सूचकाङ्क (अनिवार्य) | सूचकाङ्क (भएमा राम्रो) |
|---|---|---|---|
| १. | प्रशिक्षण स्थलमा हुनुपर्ने विशेष आवश्यकता | • विद्युत आपूर्ति<br>• खानेपानी व्यवस्था<br>• Stuctural Facility | • प्राथमिक उपचार कक्ष |
| २. | कक्षाकोठा र बस्ने तथा लेख्ने सुविधा (फर्निचर) | • क्षेत्रफल : कम्तीमा २० वर्ग मी.<br>• लेख्ने पाता भएका २० कुर्सी वा २० जना प्रशिक्षार्थीलाई पुग्ने पर्याप्त टेबल र बेन्च<br>• सेतो पाटी/कालो पाटी<br>• पर्याप्त प्रकाश र हावा खेल्ने कोठा | • मल्टिमिडिया प्रोजेक्टर<br>• कम्प्युटर |
| ३. | प्रयोगशाला र बस्ने तथा लेख्ने सुविधा (फर्निचर) | • कम्तीमा ५० वर्ग मी. को क्षेत्र<br>• बेन्च अनुसार प्रत्येक बेन्चमा जोडिएको काम गर्ने टेबल (प्रत्येकलाई छुट्टाछुट्टै टेबल वा २ जनालाई १ टेबल अथवा ४/४ जनालाई पुग्ने ५ वटा ठूलो टेबल) | • प्रत्येक प्रशिक्षार्थीहरूलाई छुट्टाछुट्टै सामग्री बाकस<br>• प्रत्येकलाई ५० वर्ग मी. पुग्ने छुट्टै कार्यकक्ष (फाइलिङ, कटाइ र जोडाईका लागि) |
| ४. | व्यावसायिक स्वास्थ्य र सुरक्षा | • सुरक्षा सामग्री २० सेट (हेल्मेट, पञ्जा, चस्मा, सुरक्षा पेटी र छालाका जुत्ता)<br>• कार्यशालामा आधारभूत प्राथमिक उपचार बाकस (आधारभूत औषधीहरू सिटामोल, हातेपट्टी, आयोडिन र ब्यान्डेज सहितको)<br>• सुरक्षा सम्बन्धी जानकारी (चार्ट, चिह्न र सङ्केतहरू) | • आगो नियन्त्रण गर्ने मेसिन (Fire Estinguiser) (कम्तीमा २ वटा)<br>• आगो लागेको जानकारी दिने यन्त्र |
| ५. | प्रशिक्षकहरू | • कम्तीमा २ जना प्रशिक्षक<br>• सम्बन्धित विषयमा तह १ को सीप परिक्षा उत्तीर्ण र कम्तिमा ३ वर्षको अनुभव ।<br>• वैदिक मन्त्रोच्चारणसहित कर्मकाण्ड सम्बन्धि व्यवसायमा कम्तिमा ५ वर्षको अनुभव भएको । | • सम्बन्धित विषयमा तह १ को सीप परिक्षा उत्तीर्ण र कम्तिमा ३ वर्षको अनुभव ।<br>• सस्कृत व्याकरण अनुसार विभत्ति मिलाएर कर्मकाण्ड सम्बद्ध वाक्य अनुच्छेद रचना र प्रयोग गर्न सक्ने । |
| ६. | प्रशिक्षार्थीहरू | • उपनयन संस्कार भई नेपाली तथा संस्कृत लेखपढ गर्न सक्ने व्यक्तिहरू ।<br>• कम्तिमा १६ वर्ष उमेर पुगेका व्यक्तिहरू । | • १० कक्षा उत्तीर्ण<br>• उमेर १८ देखि २५ वर्ष |
| ७. | औजार तथा उपकरणहरू | • नत्थी गरिएको सूचीअनुसार | |
| ८. | कार्यस्थलमा व्यावहारिक सीपको प्रयोग | • वास्तविक कार्य क्षेत्रमा सीप प्रदर्शन गर्ने भ्रमण | • ४ हप्ताको व्यावहारिक कक्षा |
| ९. | मुल्याङ्कन | • नियमित कर्यकक्षमा अवलोकन<br>• सीप तहको विकासका लागि योजना र उत्पादन मुल्याङ्कन<br>• उपस्थिति/प्रवृत्ति नियन्त्रण<br>• मध्यम तहको सीप परीक्षा (कोर्स पूरा भएपछि) | • दैनिक मुल्याङ्कन प्रणाली |
| १०. | प्रयोग हुने सामग्री | • नत्थी गरिएको सूची अनुसार | |

# सामान्य गुणस्तर सूचक

## उपलब्धि तह

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| १. | श्रम बजारमा तालीमको आवश्यकता छनोट गर्ने विधि/उपाय | तालीमको आवश्यकता निर्धारण, द्रुत बजार सम्भावना सर्वेक्षण वा उपयुक्त विधि अवलम्बन गरी कम्तीमा वर्षको एकपटक स्थानीय बजारमा माग हुने दक्ष/सीपयुक्त कामदारकालागि आवश्यक तालीम प्रतिबिम्बित हुनेगरी बजार अवलोकनमार्फत सम्भावना पत्ता लगाइन्छ। | टिएमए अथवा द्रुतबजार सर्वेक्षण प्रतिवेदन |
| | | टी.र ई. उद्योग वाणिज्य सङ्घका कार्यालयमा नियमित भेट्नुका साथै स्थानीय उद्योग व्यवसायी र ठूला उद्योगपतिका प्रतिनिधि समेत स्थानीय रूपमा रोजगारी उपलब्ध गराउने विषयका बैठकमा सहभागी हुनेछन् र तालीमबारे समीक्षा गर्छन्। | बैठकको सङ्ख्या, सहभागीहरूको नामावली र बैठकपुस्तिका |
| २. | भिएसटीमा राम्रो पहुँचका लागि प्रयोग गरिएको योजनाहरू | तालीम सम्बन्धी आवश्यकताका सूचना स्थानीय पत्रपत्रिका र एफएमलगायत आम सञ्चारका माध्यमबाट व्यापक प्रसारण गरिन्छन् । साथै यस्ता स्थानीय एफएम, पोस्टर र स्थानीय सामुदायिक कार्यकर्ता समेतको माध्यमबाट घोषणा गरिन्छ। | सञ्चार माध्यमबाट प्रसारण भएका सूचनाका विषयहरू र प्रसारण सङ्ख्या |
| | | प्रशिक्षार्थीहरू कार्यक्रमको प्रशिक्षार्थी छनोट निर्देशिकामा उल्लेख भएको विधि अपनाइ छनोट गरिन्छ। | छनोट प्रक्रिया र छनोट गरिएका तालीम लिने व्यक्तिहरूको जानकारी, योग्यता र सूची |
| ३. | तालीम सम्बन्धी पाठ्यक्रम र तालीम पुस्तिकाको उपलब्धता | सिटिइभिटीद्वारा गुणस्तर कायम गरी बनाइएको पाठ्यक्रम प्रशिक्षकहरूलाई उपलब्ध गराइन्छ। | तालीम अवलोकन प्रतिवेदन |
| | | तालीम पुस्तिका तथा तालीम सामग्रीहरू सिटिइभिटीको स्तरीय पाठ्यक्रमलाई आधार मानी निर्माण गरिन्छ । यसलाई स्थानीय श्रम बजार अनुकुलको बनाइन्छ। | तालीम पुस्तिका/अन्य साधन |
| ४. | तालीम दिने व्यक्तिहरूको छनौट | कम्तीमा दुइ वटा | तालीमकर्ताहरूको विस्तृत जानकारी। |
| | | दुईजना प्रशिक्षकमध्ये कम्तीमा एकजनाले प्रावधान भएसम्म प्राविधिक एसएलसी उत्तीर्ण गरी एक वर्ष सम्बन्धित व्यवसायको कार्य अनुभव हासिल गरेको अथवा सीप परीक्षा तह १ उत्तीर्ण गरी सम्बन्धित विषयमा तीन वर्षको कार्य अनुभव भएको हुनु पर्नेछ। | सबै तालीमकर्ताहरूको विस्तृत जानकारी |
| | | त्यस्तै दुईजना प्रशिक्षकमध्ये कम्तीमा एकजनाले निर्धारीत पाँचदिने प्रशिक्षार्थी प्रशिक्षक तालीम सफलतापूर्वक सम्पन्न गरेको हुनुपर्ने र आधारभूत/प्रारम्भिक सीप तहका लागि राष्ट्रिय रूपमा प्रतिष्ठित संस्था जस्तै-टिआइटिआईबाट चारदिने तालीम सम्पन्न गरेका हुनुपर्ने। | सबै तालीमकर्ताहरूको विस्तृत जानकारी |
| | | समग्र कार्यक्रम तालीमको पाठ्यक्रम र तालीम सामग्रीहरूबारे तालीम हनुअघि नै तालिमका सबै प्रशिक्षकहरूलाई अभिमुखीकरण तालीम दिईन्छ। | तालीम अगाडिको अभिमुखीकरण प्रतिवेदन |
| ५. | नियमित तालीम व्यवस्थापन | तालीमको सुरुआत, अन्त्य, कार्यगत तालिम, पदस्थापन योजना, सीप परीक्षण मिति, रोजगारी स्थापना सम्बन्धी योजना र तालीम पछिको सहयोग योजनाजस्ता विषयहरूलाई समेटेर उपयुक्त समयमा तालीम पात्रोको निर्माण हुने। | तालीम पात्रो |

## प्रक्रियागत तह

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| १. | तालीममा सहभागिता | प्रशिक्षाथीहरू लिङ्ग, जाती, जनजाती, शिक्षाको तह र भौगोलिता लगायत समग्र क्षेत्रहरू र त्यो सम्बन्धित योग्य एवं सम्बन्धित क्षेत्रको लक्षित समूहलाई ध्यानमा राखेर छानिन्छ । | तालीम लिनेहरूको सूची |
| | | एउटा समूहमा बढीमा २० जना । | तालीम लिनेहरूको सूची<br>तालीम अवलोकन प्रतिवेदन |
| | | कम्तीमा ८०% प्रशिक्षाथीहरू तालीमको पूरा अवधीभर उपस्थित हुनपर्ने । | सहभागीहरूको हाजिरी पुस्तिका, तालीम अवलोकन प्रतिवेदन |
| २. | तालीमकर्ताको संलग्नता | प्रशिक्षार्थी र प्रशिक्षकको अनुपात सैद्धान्तिक तालीमको अवधिमा बढीमा २० जना प्रशिक्षार्थी = एकजना प्रशिक्षक र व्यावहारिक तालीमको अवधिमा १० जना प्रशिक्षार्थी = एकजना प्रशिक्षक हुनुपर्ने । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| ३. | भौतिक साधन | तालिम कार्यक्रमको दस्तावेजमा उल्लेख भए अनुसारको भौतिक सुविधा पर्याप्त मात्रामा उपलब्ध हुनुपर्ने ।<br>नियमित पानी र हात धुने साबुन सहितका पुरुष र महिला शौचालय छुट्टाछुट्टै व्यवस्था हुनपर्छ । | तालीम अवलोकन प्रतिवेदन |
| | | सबैखाले सामग्री र मेसिनहरूको प्रयोग गर्दा अवलम्बन गर्ने सुरक्षा विधिहरूको व्यवस्था, सुरक्षासँग सम्बन्धित जानकारी र त्यससँग सम्बन्धित वस्तुहरूको सूची कार्यशाला तथा प्रयोगशालामा टाँसिएको हुनपर्छ । प्रशिक्षाथी एवम् प्रशिक्षकहरूलाई स्वास्थ्य र सुरक्षाको उपायहरूबारे निर्देशन दिइन्छ । प्राथमिक उपचार बाकस नियमित रूपमा (औषधीसहित) सम्बन्धित कक्षमा उपलब्ध रहन्छ । साथै, त्यो बाकसमा प्राथमिक उपचारसँग सम्बन्धित चिह्न पनि स्पष्ट रूपमा लेखिन्छ । प्रशिक्षाथीहरूलाई कसरी प्राथमिक उपचार गर्ने भन्ने विधिको जानकारी गराइन्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| ४. | व्यावहारिक तालीम सम्बन्धी व्यवस्था | सैद्धान्तिक कक्षा र व्यावहारिक कक्षाको अनुपात २० सैद्धान्तिक कक्षा = ८० व्यावहारिक कक्षा हुन्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| | | प्रत्येक प्रशिक्षाथीहरूले आ-आफ्नो व्यवसायसँग सम्बन्धित साधन/मेसिनहरूमा मात्रै आफ्नो अभ्यास र अन्य काम गर्नुपर्छ । साथै, अन्य सामग्री पेसा/सीपसँग सम्बन्धित रही वर्गीकरण गरेर राखिएको क्षेत्रमा गुणस्तर निर्धारण हुनेगरी सोही स्थानमा सबै प्रशिक्षार्थीले सम्बन्धित रही काम गरेको हुनुपर्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| | | स्तरीय पाठ्यक्रम बमोजिम सबै प्रशिक्षार्थी कार्यगत तालीम, औद्योगिक अभ्यास, सीप प्रदर्शन भ्रमण लगायत गतिविधिमा अनिवार्य सहभागी हुनुपर्छ । | तालीम अवलोकन प्रतिवेदन<br>कार्यगत तालिम पदस्थापनको औद्योगिक अभ्यास र सीप पदर्शन भ्रमणको सूची |

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| ५. | नरम तथा व्यावसायिक सीप तालीमको व्यवस्था | सबै प्रशिक्षार्थीलाई श्रमअधिकार, एचआइभी/एड्स, प्रजनन् स्वास्थ्य, व्यवसायिक सीप तालीम, जीवनोपयोगी तालीम र वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण जस्ता आफ्नो आवश्यकता अनुसारका तालीम मा पहुँच पुऱ्याइन्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| ६. | तालीम दिने योजना तथा त्यसलाई लागू गर्ने विधि | सम्पूर्ण तालीम कार्यविधि तालीम पात्रोअनुसार नै लागू गरिन्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम पात्रो |
| | | पाठ्यक्रम र तालीम पात्रोअनुसार तालीमको दैनिक पाठयोजना बनाइन्छ र त्यससम्बन्धी दैनिक कार्य पुस्तिकाको व्यवस्था हुनुपर्छ । | तालीम अवलोकन प्रतिवेदन |
| | | सिटिइभिटीबाट गुणस्तर कायम गरी निर्धारण गरिएको पाठ्यक्रमलाई तालीममा लागु गरिन्छ र त्यसैअनुसार बनाइएको तालीम पुस्तिकालाई प्रशिक्षक र प्रशिक्षार्थीहरूले प्रयोग गर्छन् । | तालीम सत्र योजना, तालीम गतिविधि, अवलोकन प्रतिवेदन |
| ७. | पदस्थापन र सरसल्लाह सम्बन्धी सहयोगको व्यवस्था | रोजगारीको पदस्थापना र अन्य स्थान विशेष सल्लाहहरू उपयुक्त कर्मचारीहरूद्वारा पर्याप्त मात्रामा उपलब्ध गराइन्छ । | अवलोकन प्रतिवेदन |
| | | प्रशिक्षार्थी छनौट गर्न र सीप परीक्षाको लागि रोजगारदाताहरू मध्येका विशिष्ठ र सम्बन्धित क्षेत्रमा विशिष्ठता हासिल गरका दक्ष व्यक्तिहरूलाई सामेल गराइन्छ । रोजगारदाताहरूले नै कार्यगत तालीमको सुविधा उपलब्ध गराउँछन् । सफल प्रशिक्षार्थीहरूलाई तीलीमपछि तत्काल रोजगारी उपलब्ध गराइन्छ । | अवलोकन प्रतिवेदन, रोजगारी र आम्दानी प्रमाणीकरण प्रतिवेदन |
| | | सफल प्रशिक्षार्थीहरूलाई ऋण सुविधा र व्यवसाय स्थापना गर्न आवश्यक पर्ने 'सिड मनी' उपलब्ध गराई उद्योग व्यवसायको स्थापना र प्रवर्द्धन गराउन उनीहरूलाई तालीमपछि आर्थिक कारोबार गर्ने संस्थाहरूसँग सम्बन्ध स्थापना गराई सहयोग प्रदान गर्ने । | अवलोकन प्रतिवेदन, तालीम दिने संस्था र वित्तिय संस्थाहरू बीचको करारपत्र |

## परिणाम/उपलब्धि तह

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| १. | तालीम पूरा गर्ने दर | प्रशिक्षार्थीमध्ये १० प्रतिशत भन्दा बढीले तालीम अधुरो पारी बिचमा नछोड्ने । | प्रशिक्षार्थीहरूको सूची |
| २. | क्षमता/सीप परीक्षा | कम्तीमा ९० प्रतिशतभन्दा बढीले तालीम पूरा गरी सीप परीक्षा दिने । | एनएसटिबी सीप परीक्षाको परिणाम |
| | | कम्तीमा ८० प्रतिशत प्रशिक्षार्थीहरूले सीप परीक्षा उत्तीर्ण गर्नुपर्ने । | एनएसटिबी सीप परीक्षाको परिणाम |
| ३. | सफल प्रशिक्षार्थीहरूको पदस्थापन दर | प्रत्येक तालीमबाट सफल ६० प्रतिशत प्रशिक्षार्थीलाई रोजगारीको व्यवस्था भएको/रोजगारी पाएका छन् । | आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन |
| | | रोजगार पाएका प्रशिक्षाथीहरूले विशेष रूपमा व्यवस्था गरिएको वर्गीकरण (यदि गरेको भएमा) अनुसारको सामान्य अवस्थाको आम्दानी गरेका छन् । | आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन |
| ४. | तालीमबाट प्राप्त सीपहरूको कार्यस्थलमा भएको प्रयोग बारे | ९० प्रतिशत जागिरमा संलग्न प्रशिक्षाथीहरूले आफ्नो सीपसँग सम्बन्धित व्यावसायिक तालीममा संलग्न भएको हुनुपर्छ । | आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन |
| | | कम्तीमा ८० प्रतिशत रोजगारमा संलग्न प्रशिक्षार्थीहरू आफ्नो कामप्रति सन्तुष्ट रहेको साथै ६० प्रतिशत रोजगारदाताहरू प्रशिक्षार्थीहरूको कार्यबाट सन्तुष्ट रहेको देखिन्छ । रोजगारदाताहरू तालीमबाट प्रशिक्षार्थीहरूले पाएको सीपबाट सन्तुष्ट छन् । | ट्रेसर अध्ययन प्रतिवेदन रोजगारदाताहरूको सर्वेक्षण |

## आवश्यक सामग्रीहरू:

(२० जना प्रशिक्षार्थीहरूको लागि)

| सि.नं | विवरण | सि.नं | विवरण |
|---|---|---|---|
| १ | रेखीको सामान (पीठों) | ३९ | दूध |
| २ | कुश | ४० | दहि |
| ३ | अबिर | ४१ | गहुत |
| ४ | केशरी | ४२ | गोबर |
| ५ | सिन्दुर | ४३ | मह |
| ६ | जौ | ४४ | चिनी |
| ७ | तील | ४५ | भलायो |
| ८ | जनै | ४६ | पंचपल्लब |
| ९ | सुपारी | ४७ | फूल |
| १० | श्रीखण्ड | ४८ | माला |
| ११ | रायो | ४९ | पञ्चरत्न |
| १२ | सरसिउ | ५० | सप्तमृतिका |
| १३ | क्तचन्दन | ५१ | लावा |
| १४ | रक्षाबन्धन धागो | ५२ | तुलसी मञ्जरी |
| १५ | समिधा (दाउरा) | ५३ | दूवो |
| १६ | आँप | ५४ | फलफूल |
| १७ | पीपल | ५५ | नैवेद्य |
| १८ | बरको पात | ५६ | नरिवल |
| १९ | प्रणिता | ५७ | अपंगो |
| २० | प्रोक्षणी | ५८ | मञ्जरी |
| २१ | स्फ्य | ५९ | गंगाजल |
| २२ | सूरो | ६० | सम्बन्धित बिषयको पुस्तक |
| २३ | ध्यू | ६१ | काँसको कचौरा |
| २४ | ध्यूराख्ने भाँडो | ६२ | सुवर्ण प्रतिमा |
| २५ | मानो | ६३ | दक्षिणा |
| २६ | दियो | ६४ | सिक्का पैसा |
| २७ | कलश | ६५ | डाली |
| २८ | शंख | ६६ | गाग्री |
| २९ | घण्ट | ६७ | गिलाश |
| ३० | कर्मपात्रो | ६८ | चम्चा |
| ३१ | पूजा थाली | ६९ | सलाई |
| ३२ | तामाको अर्लि(तर्पणको लागि) | ७० | कपुर |
| ३३ | अठप्दल/साधा थाली | ७१ | कनिका |
| ३४ | रातो,सेतो, पहेँलो कपडा | ७२ | भोजन सामग्री |
| ३५ | कर्म विशेष आवश्यक बस्तुहरू | ७३ | विष्णु पादुका |
| ३६ | दूना | ७४ | बालुवा |
| ३७ | बत्ती | ७५ | ईंटा |
| ३८ | तीलको तेल | ७६ | माटो |

# आवश्यक स्टेशनरी/विविध सामग्रीहरू

| सि. नं. | विवरण | परिमाण |
|---|---|---|
| १ | कापी | २ दर्जन |
| २ | डटपेन | २ दर्जन |
| ३ | सार्पनर ठूलो | २ थान |
| ४ | करेक्सन पेन | १ दर्जन |
| ५ | साइन पेन | ३ दर्जन |
| ६ | पाइलट/जेल पेन | ३ दर्जन |
| ७ | इरेजर | ३ दर्जन |
| ८ | पेन्सील | ३ दर्जन |
| ९ | फलाटिन कपडा | १० मीटर |
| १० | कार्वन पेपर नीलो/सेतो | २-२ प्याकेट |
| ११ | फिलिप चार्ट पेपर | आवश्यकता अनुसार |
| १२ | फ्ल्यास कार्ड | आवश्यकता अनुसार |
| १३ | फोटोकपी पेपर | आवश्यकता अनुसार |
| १४ | फाइल | आवश्यकता अनुसार |
| १५ | ह्वाइट बोर्ड | १ थान |
| १६ | बोर्ड मार्कर (विभिन्न कलर) | २ दर्जन |
| १७ | परमानेन्ट मार्कर | १ दर्जन |
| १८ | Drawing Instruments Small | २० सेट |
| १९ | Drawing Instruments Large | १ सेट |
| २० | डस्टर | २ थान |

नोट : तालीमका बखत सैद्धान्तिक बिषयको प्रशिक्षणका क्रममा उपलब्ध हुन सक्ने अवस्थामा ओभरहेड प्रोजेक्टर, फिलिपचार्ट बोर्ड, पिन बोर्ड प्रयोगमा ल्याउन सकिनेछ।

# पाठ्यक्रम निर्माणमा सहभागी विज्ञहरू

**क्र.सं.** **सहभागी विज्ञहरुको नाम थर**

१. प्रा. डा. श्री माधवशरण उपाध्यायज्यू, प्राध्यापक, वाल्मीकी विद्यापीठ, काठमाण्डौ ।
२. डा. श्री रुद्र प्रसाद मिश्रज्यू, उप-प्राध्यापक, वाल्मीकी विद्यापीठ, काठमाण्डौ ।
३. श्री दिपक घिमिरे, विज्ञ/उप-प्रध्यापक, वाल्मीकी विद्यापीठ, काठमाण्डौ ।
४. श्री श्रीराम अधिकारी, विज्ञ/सह-प्राध्यापक, वाल्मीकी विद्यापीठ, काठमाण्डौ ।
५. श्री केशव प्रसाद अधिकारी, विज्ञ/प्रधानाध्यापक, नेपाल वेद विद्याश्रम माध्यमिक विद्यालय, काठमाण्डौ ।
६. श्री हरि प्रसाद पौडेल, विज्ञ/उप-प्राध्यापक, वाल्मीकी विद्यापीठ, काठमाण्डौ ।
७. श्री पुरुषेत्तम घिमिरे, विज्ञ/पाठ्यक्र अधिकृत, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
८. श्री पुरुषोत्तम भट्टराईज्यू, उप-प्राध्यापक, वाल्मीकी विद्यापीठ, काठमाण्डौ ।
९. श्री नवराज न्यौपानेज्यू, उप-प्राध्यापक, वाल्मीकी विद्यापीठ, काठमाण्डौ ।
१०. श्री विष्णु प्रसाद अर्याल, विज्ञ/पुराणाचार्य, काठमाण्डौ महानगरपालिका -१६, म्हैपी ।
११. श्री निरञ्जन धिताल, विज्ञ/ज्योतिषाचार्य, काठमाण्डौ महानगरपालिका -७, कुमारीगाल ।
१२. श्री अच्युत प्रसाद सुवेदीज्यू, विज्ञ, कार्यक्रम प्रस्तोता, हाँडिगाउँ, ललितपुर ।
१३. श्री विष्णु प्रसाद बराल, विज्ञ, काठमाण्डौ महानगरपालिका -७, कुमारीगाल ।
१४. श्री नारायण घिमिरे, विज्ञ, काठमाण्डौ महानगरपालिका, कपन ।
१५. श्री रमेश नेपाल, विज्ञ, काभ्रेपालञ्चोक ।
१६. श्री शौनक घिमिरे, प्रशासकीय अधिकृत, प्रा.शि. तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर ।
१७. श्री वासुदेव अधिकारीज्यू, विज्ञ, मूल पण्डित (नेपाली सेना) बालाजु, काठमाण्डौ ।
१८. श्री रामचन्द्र तिमिल्सेनाज्यू, विज्ञ, चाबहिल, काठमाण्डौं ।